वर्ष : १७, अंक : ४५, काठमाडौं, २०७८ फागुन १३ गते शुक्रबार, 25 February 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००|- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## जसपामा चिरा परेको संकेत

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा)मा चुलिएको विवाद उत्कर्षमा पुगेको छ । फुटको संघारमा पुग्न लागेको पार्टीमा संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई र पार्टी अध्यक्ष उपेन्द्र यादवबीच मनमुटाव बढ्दै गएको छ ।

पार्टीमा आआफ्नो बहुमत सिद्ध गर्न यादव र भट्टराईबीच प्रतिस्पर्धा नै चलेको छ । बहुमत सिद्ध गर्न भट्टराई पक्षले हस्ताक्षर अभियान जारी राखेका छन् । पार्टीमा देखिएको समस्याबारे छलफलका लागि जसपाका अध्यक्ष यादवले शुक्रबार कार्यकारिणी समितिको बैठक बोलाएका छन् तर भट्टराईले अझै हस्ताक्षर अभियानलाई निरन्तरता दिइरहेका छन् ।

भट्टराई पक्षधरले पार्टीअध्यक्ष यादव राष्ट्रिय मूलधारको राजनीतिमा आइपुग्दा पनि मधेसमा मात्रै सिमीत भएकाले पनि पार्टी फुटको संघारमा पुगेको निष्कर्ष निकालेका छन् । त्यस्तै डा. भट्टराई पक्षले समावेशी र सामूहिक नेतृत्वको कुरा गर्दा यादवले भने नेतृत्व केन्द्रीकरण गर्न चाहेकाले यसले वैचारिक विवाद सुरू भएको तर्क गर्छन् ।

पार्टीबाट पठाएको मन्त्री समावेशी नभएको तथा अन्य नियुक्ति तथा मनोनयनहरू समावेशी नभएको गुनासो भट्टराई पक्षको गुनासो छ । पार्टीको विधानमा दुईजना अध्यक्षको व्यवस्था भएअनुसार अर्को अध्यक्षमा अशोक राईलाई राख्न पनि सो पक्षले माग गरेको छ ।

कतिपय नेताहरूले भट्टराई पक्षको हस्ताक्षर संकलनलाई पार्टी फुटको प्रारम्भ विन्दु भएको बताउँछन् । केन्द्रीय सदस्यहरूले हस्ताक्षर संकलन पार्टी विभाजनका लागि हो कि भन्ने प्रश्न पनि गर्न थालेका छन् । हालसम्म कति जनाले हस्ताक्षर गरे भन्ने भट्टराई पक्षले खुलाएका छैनन् । तर धेरै केन्द्रीय सदस्यहरूले हस्ताक्षर गरेको दाबी छ ।

हस्ताक्षर संकलनले पार्टीमा विभिन्न शंका उब्जाएको छ । यसले विभाजनतर्फ जान लागेको पनि शंका गर्न थालिएको छ ।

विगतमा पनि यस्तै हस्ताक्षर भएका कारण पार्टी विभाजन भएको थियो । भट्टराई पक्षका एक नेताले भने, 'पार्टी एक रहने कि नरहने कुरा शुक्रबार बस्ने कार्यकारिणी समितिको बैठकबाट टुङ्गो लाग्छ ।'

**कार्यकारिणी बैठक आज**

जसपाले एमसीसीबारे आधिकारिक धारणा तय गर्नका लागि कार्यकारिणी समितिको बैठक बोलाएको छ । संसदमा एमसीसी टेबुल भइसकेको र मत विभाजनका क्रममा पक्ष वा विपक्षमा लाग्नुपर्ने भएपछि पार्टीको आधिकारीक धारणा तय गर्न केन्द्रीय कार्यकारिणी समितिको बैठक बोलाइएको हो । अध्यक्ष उपेन्द्र यादवले शुक्रबार बिहान ११ बजेका लागि बैठक आह्वान गरेका छन् । बैठक पार्टीको केन्द्रीय कार्यालय ललितपुरको बालकुमारीमा बस्नेछ ।

केन्द्रीय कार्यकारिणी समितिमा मुख्यगरी एमसीसीमा पार्टीको धारणा के हुने भन्ने रहेको बताइएको छ । त्यसका अलवा विधान अधिवेशनको मिति तोक्ने, सरकारमा सहभागी मन्त्रीहरूको कार्यसम्पादनको समीक्षा, गठबन्धनमा पार्टीको भूमिकाको समीक्षा र भाबी रणनीति तथा स्थानीय निर्वाचनको तयारीबारे छलफल हुने भनिएको छ ।

## नेपालबाट थप बिजुली किन्न भारत सहमत

काठमाडौं । नेपाल-भारत उर्जा सचिवस्तरीय संयुक्त संयन्त्र (जेएससी) को नवौं बैठक काठमाडौंमा सम्पन्न भएको छ । बिहीबार र शुक्रबार दुई दिन बसेको बैठकमा नेपालका थप आयोजनाहरूको बिजुली किन्न भारत सहमत भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतकाअनुसार भारतको बंगाल राज्यसँग नेपालको विद्युत् कनेक्टिभिटीका लागि १३२ केभी प्रसारण लाइन बनाउन संयुक्त कार्यदल बनाएर अध्ययन गरिने छ । त्यस्तै, नेपाल र भारतबीच संयुक्त लगानीमा जलविद्युत् आयोजना बनाउनका लागि अध्ययन कार्यदल गठन गरिने छ ।न्यू बुटवल-गोरखपुर ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन बनाउन दुई महिनाभित्र संयुक्त कम्पनी खोलिसक्ने सहमति भएको पनि सहसचिव चटौतले जानकारी दिए । नेपालले प्रस्ताव गरेका माथिल्लो तामाकोसी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङ्दी, माथिल्लो भोटेकोसी र चमेलिया जलविद्युत् आयोजनाको बिजुली पनि भारतले किन्ने सहमति भएको छ । त्यस्तै, नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइनका रूपमा रहेको ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनबाट ६ सय मेगवाट बिजुली प्रवाह गर्न जेएससी बैठकबाट सहमति जनाइएको छ । यो प्रसारण लाइनको क्षमता थप्न सबस्टेसनलगायत पूर्वाधारहरू बनाउने काम सन् २०२३ भित्र सकिसक्ने पनि सहमति भएको चटौतले जानकारी दिए ।

# एमसीसीमा ठाकुर र त्रिपाठी नरम

## जसपामा यादव अनिर्णित रहँदा भट्टराईद्वारा पक्षमा लबिङ्ग



महन्थ ठाकुर



हृदयेश त्रिपाठी



डा.बाबुराम भट्टराई



उपेन्द्र यादव

**मधेशवाणी डेस्क**

काठमाडौं । एमसीसीका विषयमा मधेशका नेता र दलहरूको दृष्टिकोण के हुने अन्योल रहेको अवस्थामा जसपा र जनता प्रगतिशील पार्टीले त्यसलाई स्पष्ट गरेको छ ।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले एमसीसीको पक्षमा भाग लिने निर्णय गरेको छ । यद्यपी पार्टीले यसबारे अन्तिम निर्णय लिने अधिकार अध्यक्ष ठाकुरलाई नै दिएको छ ।

बुधबार बसेको संसदीय दलको बैठकले एमसीसीको पक्षमा मतदान गर्ने निर्णय गर्दै प्रतिनिधिसभाको बैठकमा सबै सांसदहरूलाई अनिवार्य रूपमा उपस्थित हुन निर्देशन दिएको छ ।

बैठकपछि सांसद लक्ष्मणलाल कर्णले भने, 'संसद् बैठकमा सबै माननीयहरूलाई अनिवार्य उपस्थित हुन भनिएको छ, एमसीसीको बारेमा निर्णय गर्ने सम्पूर्ण अधिकार अध्यक्ष महन्थ ठाकुरलाई दिइएको छ । उहाँले गर्ने निर्णय सबैले मान्नुपर्ने हुन्छ ।'

सांसद चन्दा चौधरीले एमसीसीको पक्षमा मतदान गर्ने निर्णय बैठकले गरेको जानकारी दिइन् । विकासका लागि ल्याइएको परियोजना भएकाले र पहिल्यैदेखि सरकारमा संलग्न पनि रहेकाले समर्थन गर्ने निर्णय भएको सांसद चौधरीले बताइन् ।

उनले भनिन्, 'एमसीसी पारित नगरे भविष्यमा नेपालको विकास अनुदानमा समस्या हुन्छ भन्ने भएकाले पनि एमसीसीको पक्षमा मतदान गर्ने भन्ने निर्णय भएको हो ।'लोसपाका १३ सांसद छन् । सरकारले एमसीसी सम्झौता गत आइतबारको प्रतिनिधिसभा बैठकमा टेबल गरेको छ ।

**हृदयेश पनि पक्षमा**

हृदयेश त्रिपाठीले नेतृत्व गरेको जनता प्रगतिशील पार्टी पनि एमसीसीको पक्षमा उभिएको छ । एमसीसीमाथिको छलफलमा भाग लिएर त्रिपाठी समूहले पक्षमा मतदान गर्ने भएको छ । त्रिपाठीको अध्यक्षतामा जनप्रगतिशील पार्टी निर्वाचन आयोगमा दर्ता छ । सो पार्टीसँग अहिले दुई सांसद छन् ।

'बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री हुँदा एमसीसी माग गरेका हौं । त्यो सरकारमा म पनि सहभागी थिएँ,' त्रिपाठीले भने, 'एमसीसी अनुमोदनका लागि संसदमा दर्ता गर्दा केपी ओली सरकारमा म पनि थिएँ । मैले नैतिकहीन हुने काम गर्नु हुन्न । हाम्रो पार्टी एमसीसीको पक्षमा छ ।'

**जसपाले के गर्छ**

जसपा नेपालमा एमसीसीको बारेमा नेतापिच्छे फरक फरक धारणा आइरहे पनि पार्टीको आधिकारिक धारणा के हो भन्ने हालसम्म तय भएको छैन । एमसीसी संसदमा टेबल भइसके पनि त्यसको पक्षमा उभिने कि विपक्षमा उभिने बारेमा निर्णय पार्टीले गर्न सकेको छैन । यहि विषयमा छलफल गर्न पार्टीले शुक्रबार केन्द्रीय कार्यकारिणी समितिको बैठक बोलाएको छ ।

जसपामा एमसीसीको विषय लिएर

*बाँकी अन्तिम पृष्ठमा*

## एमसीसीबारे चीन किन धेरै बोल्छ ?

काठमाडौं । नेपालमा एमसीसीको विवाद जारी रहँदा चीनले पटक पटक टिप्पणी गरिरहेको छ । एमसीसी नेपाल र अमेरिकाबीचको सम्झौता रहेकोमा त्यस विषयमा चीनको टिप्पणी कूटनीतिक मर्यादा बाहिर भएको विज्ञहरूको धारणा छ ।

नेपाली कूटनीतिज्ञहरूकाअनुसार दुई देशबीचको कुनै पनि सहमति र सम्झौतामा तेस्रो देशको टिप्पणीलाई नाजायज मानिन्छ भने त्यसलाई हस्तक्षेपको रूपमा पनि बुझ्ने गरिन्छ ।

बुधबार चिनियाँ विदेश मन्त्रालयले नेपाल र अमेरिकाबीच भएको एमसीसी सम्झौताबारे फेरि टिप्पणी गरेको हो । मन्त्रालयलकी प्रवक्ता हुआ छुनयिङले अमेरिकाले एमसीसी अनुमोदन गर्न नेपाललाई दिएको समयसीमाप्रति व्यंग्य गरिन् ।

चाइना न्युज सर्भिसले सोधेको नेपालसम्बन्धी प्रश्नमा उनले अन्तर्राष्ट्रिय सहकार्य आपसी सम्मान र समानताको आधारमा हुनुपर्ने चीनको मत रहेको पनि बताइन् ।

यसअघि पनि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले नेपालमाथि अमेरिकाले जबर्जस्ती गरिरहेको आरोप लगाएका थिए ।

यसअघि पनि गत शुक्रबार चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा नेपालको आर्थिक विकास र नेपाली जनताको जीवनस्तरमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय समुदायले गर्ने विकास सहयोगको चीनले स्वागत गर्ने तर यस किसिमका सहयोगले नेपाली जनताको चाहनालाई पूर्ण सम्मान गर्नुपर्ने बताएका थिए ।

जानकारहरूकाअनुसार एमसीसी नेपालमा लागू भए नेपालका परम्परागत कम्युनिष्ट पार्टीहरूसमेत आफ्नो प्रभावमा नरहने र नेपालमा अमेरिकी प्रभाव बढ्ने आँकलनका साथ यो विषयमा चीन हस्तक्षेपकारी नीति लिएको छ । नेपाललाई सुधार वा समाप्त होऊ भन्ने चेतावनीको शैलीमा नमागिएको सल्लाह चीनले दिदै आइरहेको छ । एमसीसी चीन घेर्ने अमेरिकी रणनीति भनेर चिनियाँ चासो नेपालका कथित राष्ट्रवादीहरूको तर्फबाट प्रकट हुँदै आएको छ । यस अर्थमा यो राष्ट्रवादको नाममा चिनियाँहरूबाट लाभ लिएकाहरूको प्रलाप मात्र हो भन्ने अवस्था सिर्जना

*बाँकी अन्तिम पृष्ठमा*

## एमसीसी अब संसदबाट पारित गरौं

अमेरिकाले विकासोन्मुख र अति कम विकसित मुलुकहरूलाई दिने आफ्नो सहायता राशीलाई प्रभावकारी बनाउने सिलसिलामा अपनाएको सहायता रणनीति राष्ट्रपति जर्ज बुशको पालामा अमेरिकाका दुवै राष्ट्रिय पार्टीहरूको सहमतिमा त्यहाँको व्यवस्थापिकाले सन् २००४ मा पारित गरेअनुरूप मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को स्थापना भएको र नेपाल पनि सो सहायता पाउने मुलुकभित्र परेको हो । ५० करोड डलर सबै विकासका पूर्वाधारमा खर्च गर्नुपर्ने अनिवार्यता छ । एमसीसी प्रोजेक्टले तीनसय कि मि लामो हाईभोल्टेज प्रसारण लाईनलाई नेपाल-भारत सीमासम्म नै पुऱ्याएर विद्युत उत्पादनको लगानीमा निजी क्षेत्रलाई आकर्षित गर्न र विद्युत निर्यात गर्न सहज र सरलीकरण होस् भन्ने लक्ष्य लिएर रकम लगाउन लागेको देखिन्छ । र सडकको स्तरोन्नती, मर्मतमा आधुनिक प्रविधि, सो प्रविधि चलाउन तालिमको व्यवस्थामा एमसीसीको पैसा लगानी गर्ने भनिएको छ ।

यो विशुद्ध भौतिक पूर्वाधार निर्माणका लागि गरिने आर्थिक सहयोग हो, राजनीति, कूटनीति र भूराजनीतिसँग यसको कुनै साइनो छैन । यो सहयोग विकास र प्रजातन्त्रको उन्नतिमा कोसेढुङ्गा पनि बन्नसक्छ । प्रजातन्त्रको स्थायित्व र विकासका पक्षमा आउने सहयोग सरकारका लागि नभई मुलुक र मुलुकबासीको हितकै लागि आउने हो ।

यस्तो विषयमा उठेका प्रश्नको वास्तविकता र सत्यतथ्यबारे एउटा चेतनशील नागरिकले आफूलाई लागेको विचार राख्नुपर्छ । नेपालले यो सहयोग लिन पाऊँ भनेको हो, अमेरिकाले जबर्जस्ती थोपर्न लागेको होइन भन्ने कुरा आम नेपालीले बुझ्न जरूरी छ । एमसीसी अन्तर्राष्ट्रिय सहयोग विकास नीतिभन्दा कुनै अर्थमा पनि भिन्न छैन ।यसलाई कसरी नराम्रो भन्ने ।

एमसिसिको पक्षमा मत नदिने निर्णय गरेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री र एमाले नेता सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेला नै नेपालले पहिलो पटक २०६७ मा एमसीसीमा आबद्ध हुन रूची जाहेर गरेको थियो । नेकपा एकीकृत समाजवादीकै सम्मानित नेता झलनाथ खनाल प्रधानमन्त्री र स्वर्गीय भरतमोहन अधिकारी अर्थमन्त्री भएका बेला एमसीसीसँग 'मिटिङ नोट' तयार भएको थियो । एमसीसी सहयोगबारे लामै समयदेखि प्रक्रिया अघि बढेको भए पनि अन्तिम रूप चाहिँ पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा दिइएको थियो/ । २०६८ माघ यता जुन जुन सरकार आएपनि हरेक सरकारले एमसिसिको पक्षमा अझै योगदान दिएर यहासम्म ल्याई पुर्याएकाहरू नै बिपक्षमा मतदान गर्ने निर्णय गर्नु साह्रै रहस्यमय छ । यहा सम्म कि ६ महिना अगाडी संसदबाट एमसीसी पास गर्छु भन्ने प्रतिबद्धता पत्र लेख्ने प्रचण्ड पनि बिपक्षमा उभिएका छन् ।

नेपालमा कसका पालामा के के भएको थियो त ?

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री र एमाले नेता सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेला नेपालले पहिलो पटक २०६७ मा एमसीसीमा आबद्ध हुन रूची जाहेर गरेको थियो ।

नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनाल प्रधानमन्त्री र स्वर्गीय भरतमोहन अधिकारी अर्थमन्त्री भएका बेला एमसीसीसँग 'मिटिङ नोट' तयार भएको थियो ।



सन्तोष मेहता

५ माघ २०६८ - नेपाल थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी प्राप्त भएको थियो । यस बखत देशको प्रधानमन्त्री तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुन थिए ।

२७ माघ २०६८ - नेपालले एमसीसीसँग समन्वय गर्नका लागि वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त गरेको थियो । यसबेला पनि प्रधानमन्त्री डा. बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुन थिए ।

२९ पुस २०७१ - सरकारले विकासका अवरोध पहिचान गर्न नेपाली अर्थशास्त्रीहरूको समूह गठन गरेको थियो । यो समयमा मन्त्रिपरिषद्को अध्यक्ष थिए प्रधानन्यायाधीश खिलराज रेग्मी र अर्थमन्त्री शंकरप्रसाद कोइराला थिए ।

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# बृशेषचन्द्र लालको बहिर्गमन

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)का प्रभावशाली नेता बृशेषचन्द्र लालले अध्यक्ष महन्थ ठाकुरको साथ छाडेका छन् । ठाकुरले कांग्रेस छाडेर तराइ मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)गठन गर्दादेखि नै साथ दिदै आएका लालले अन्ततः उनीसँग राजनीतिक सम्बन्ध विच्छेद गरेका हुन ।

लालले जनकपुरधाममा लोसपासँग सम्बन्ध विच्छेद गर्दै तमलोपामा प्रवेश गरेका घोषणा गरेका हुन् । ठाकुरको पार्टी चलाउने क्रियाकलापबाट सुरूदेखि नै सन्तुष्ट रहँदै आएका लाल औपचारिक रूपमै उनको साथ छाडेका हुन । तत्कालीन जनकपुर नगरपालिकाका पूर्वमेयर समेत रहेका नेता लाल प्रथम मधेस आन्दोलनपछि काँग्रेस छोडेर तमलोपा गठन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

यसै वर्ष भदौ ९ गते जनता समाजवादी पार्टीबाट फुटेर ठाकुरसहित राजेन्द्र महतो, शरदसिंह भण्डारी, अनिल झाले लोसपा गठन गरेका थिए । लोसपाबाट लालसहित अन्य नेताहरूको वहिगर्मनसँगै पार्टी दोस्रो पटक विभाजित भएको छ । यसअघि राजकुमार लेखी नेकपा (एमाले) प्रवेश गरेका छन् भने अर्का सदस्य तथा प्रतिनिधिसभाका निलम्बित सांसद् रेशम चौधरीले श्रीमती रञ्जिता श्रेष्ठको नामबाट नागरिक उन्मुक्ति पार्टी दर्ता गराएका छन् ।

२०७७ वैशाख १० गते मध्यरातमा हतारहतार तत्कालीन राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण गरी जनता समाजवादी पार्टी गठन गरिएको थियो । जसपा गठन भएको केही दिनमै अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरबीच विवाद उत्पन्न भइ ठाकुर, महतोसहितका नेताहरू पार्टी विभाजन गरेर लोसपा गठन गरेका थिए ।

जसपा नेपालबाट विभाजित भएर ७ महिना अघि बनेको लोसपा नेपालभित्र अध्यक्ष ठाकुरले एक्लौटी ढंगले पार्टी एकीकरण गरेको र लोसपा गठनपछि

> लोसपाबाट लालको बहिर्गमनसँगै पार्टी मात्र कमजोर भएको छैन, स्वयं ठाकुरलाई पनि धक्का लागेको छ । ठाकुरका लागि त्याग गर्ने नेताका रूपमा चिनिएका लाल अहिले ठाकुरको नै साथ छाडेपछि उनी पार्टी भित्र झन कमजोर हुने देखिन्छ । अहिले ठाकुरको पक्षमा उभिने नेता लोसपाभित्र कमै छन् ।

पनि एकलौटी ढंगले अघि बढेका कारण आफूहरूले लोसपा नेपाल परित्याग गरेको नेता लालको भनाइ छ ।

लोसपाबाट लालको बहिर्गमनसँगै पार्टी मात्र कमजोर भएको छैन, स्वयं ठाकुरलाई पनि धक्का लागेको छ । ठाकुरका लागि त्याग गर्ने नेताका रूपमा चिनिएका लाल अहिले ठाकुरको नै साथ छाडेपछि उनी पार्टी भित्र झन कमजोर हुने देखिन्छ । अहिले ठाकुरको पक्षमा उभिने नेता लोसपाभित्र कमै छन् । लोसपाभित्र राजेन्द्र महतो समूह पार्टीमा हाबी हुने र ठाकुरलाई झन् कमजोर बनाउने तयारी भइरहँदा लालको बहिर्गमनले ठाकुरलाई समस्या पर्ने देखिन्छ । यद्यपी लाल भने ठाकुरसँग सन्तुष्ट थिएनन । तर पनि उनी ठाकुर निकट मानिन्थे । लोसपा गठन हुँदा नै पार्टी एक पक्षीय रूपमा चल्दै आइरहेकोमा लाल पनि त्यसको सख्त विरोधी थिए ।

लोसपामा अहिले असन्तुष्ट भनिएका नेताहरू ठाकुर र महतोको सम्बन्धबिच्छेदको पक्षमा छन् । तत्कालीन तमलोपाकै समूह उचित रहेको भन्दै उनीहरू सोही समूलाई पुनर्निर्माण गर्ने प्रक्रियामा अगाडि बढेका छन् र यसको नेतृत्व लालले गरिरहेका छन् । लालको पार्टी छाड्ने निर्णयसँगै लोसपा अध्यक्ष ठाकुर पनि महतोलाई अहिले नै धेरै चिढ्याउने पक्षमा तत्कालै देखिदैनन ।

ठाकुर र महतोको सम्झदारी जारी रहे अहिले तत्कालै लोसपामा तलमाथि हुने सम्भावना न्यून छ । लोसपाभित्र लालको बहिर्गमनले पार्टीलाई खासै असर नपरेपनि यदि अप्रत्यासित भएर लोसपामा विभाजन आए र महतोले पनि ठाकुरलाई छोडे भने मात्र लोसपा कमजोर हुनेछ । अहिले लालसँगै लोसपाका कुनै पनि केन्द्रीय सदस्य, उप्पलो तहका नेता र संघीय वा प्रादेशिक सांसद बाहिरिएका छैनन् । जसका कारण लालको सामर्थ्य र क्षमतालाई उनको बहिगर्मनसँगै नाम्न सकिन्न । तमलोपालाई फेरि सक्रिय बनाउने रणनीति र कार्यनीति आगामि दिनमा उनको गतिविधिबाटै प्रष्ट हुन्छ तर लालको आगामी यात्रा चुनौतीविहीन भने पक्कै छैन ।

# वैज्ञानिक प्रणालीमा पिल्सिएको कृषिक्षेत्र

**विचार-विश्लेषण** भाग-१२२



उपेन्द्र झा

नेपालको निर्वाहमुखी नरहेको कृषिलाई वैज्ञानिक प्रविधीबाट आधुनिकीकरण गरि कृषि उत्पादन बढाउने दिशामा सबै राजनीतिक दलहरूको चिंता र चासो रहेपनि कृषिको अवस्था दिन प्रतिदिन खस्कँदै गएको कुरालाई नकार्न सकिन्न । राज्यसत्तामाथि सर्वाधिकार कायम राख्ने शीर्ष दलहरू नेकपा (एमाले), नेपाली काँग्रेस र माओवादी जसले पालैपालो राज्यसत्ता संचालन गरे, कृषिको मुहार फेर्न सकेन । कृषिको वैदेशिक सहयोग र सहायता निरन्तर आई रह्यो । गत असोजमा अर्थ मन्त्रालय र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबीच ऋृण सहयोग दिने सम्झौता भएको छ ।

कृषि विकासका लागि अगुवा बैंकको रूपमा स्थापित कृषि विकास बैंकलाई सरकारमार्फत आईएफएडीले ८० मिलियन अमेरिकी डलर ऋृण सहयोग उपलब्ध गराउने उक्त सम्झौतामा भनिएको छ । अहिले पनि वैदेशिक सहयोगमा आधारित कृषिका २० वर्षे (०७२-०९२) कार्यक्रमहरू संचालित छन् । कृषि उत्पादन बढाउन र डरलाग्दो आयात विस्थापनका लागि कृषिक्षेत्रको तीव्रतर विकासका लागि ऋृण सहयोग भनिएपनि त्यस्ता कतिपय ऋृण, अनुदान सहायता रकम विगत ३२ वर्षमा राज्यसत्ताले पचाई सकेको छ । परिणाम भने शुन्य अवस्थामा छ ।

०४७ सालको परिवर्तनपछि राजनीतिक प्रणाली लोकतान्त्रिक बनेपनि पुर्ववर्ती प्रशासकीय नेतृत्वको आचरणमा कुनै परिवर्तन देखिएको छैन । राजतन्त्रमा सधैं डराएर काम गर्ने बाध्यतामा रहेको कर्मचारीतन्त्रको स्वेच्छाचारिता लोकतन्त्रमा स्थायित्व प्राप्त गर्‍यो । स्थायी सरकारमा केही टालटुले परिवर्तन देखिएपनि तात्विक परिवर्तन नभएका कारण देशले विकासमा फड्को मार्न सकेको छैन ।

नेपाल राष्ट्र बैंकले सरकारको कृषि उत्थान नीतिका आधारमा सबै बैंक तथा बित्तीय क्षेत्रलाई कमसे कम १० प्रतिशत कृषिक्षेत्रमा लगानी गर्नु पर्ने नीति अनुसार विगत १० वर्षमा बैंक तथा वित्तीय संस्थाले कुल ऋृण लगानी मध्ये कृषिक्षेत्रको लगानी ऋृण ५.३२ प्रतिशत लगानी गरेको छ । विगत १० वर्षमा कृषि ऋृण औसत रूपमा ३१.४३ प्रतिशतले बढेको छ । १ खर्ब २३ अर्ब २७ करोड रूपैया वार्षिक औसत कृषिक्षेत्रमा खर्च हुने गरेको छ । यस अनुसार कृषिक्षेत्रको वार्षिक उत्पादन ३ प्रतिशत वृद्धि भएको तथ्याँकले देखाएको छ । कृषि ऋृणमा वृद्धि हुँदै जानु तर सो अनुसारको प्रतिफल नआउनु ऋृणको दुरूपयोग भई रहेको आशंकालाई बढाउँछ ।

समस्यै समस्यामा अल्झिएको कृषकले बैंक वा वित्तीय संस्थाको ऋृण लिने जटिल प्रक्रियालाई थग्नै सक्दैन । फुर्सतको अभावमा कृषक विधीपूर्वक समय दिन नसक्ने भएपछि सरोकारवालाको पहुँच ऋृणसम्म हुन सक्दैन र विचौलियाहरू कृत्रिम कृषकको रूपमा बैंकबाट ऋृण लिएर यसको दरूपयोग गरेको परिणामले देखाउँछ । विचौलियासम्म कृषि ऋृण पुग्दा दिने लिने दुबैपक्ष लाभान्वित हुने भएकोले यस्तो सरल कार्य को गर्न चाहँदैन । विधी पुर्‍याएर कृषिक्षेत्रमा गरिएको लगानी जोखिम कर्जाको रूपमा परिणत भयो भने सरोकारवालाको घरघरानाबाट असुल उपर गर्ने कानूनी प्रक्रिया त छँदैछ । प्रत्येक वर्ष १ खर्ब २३ अर्ब २७ करोडको कृषिमा लगानी भई रहँदा त्यस्को अपेक्षित परिणाम नआउनु र त्यो चिंता, चासो र अनुसन्धानको विषय नबन्नु संस्थागत अनियमितताको ठूलो उदाहरणतिर संकेत गर्दछ ।

नेपालको उत्पादन क्षेत्र धाराशायी रहेको कारण महँगी र बेरोजगारी चरम अवस्थामा छ । फलतः नेपालका ५० लाख युवा विश्वको श्रम बजारमा बेचिन बाध्य हुनु पर्‍यो । नेपालमा कुल जनसंख्याको १७.५ प्रतिशत जनसंख्या, ३० प्रतिशत परिवार अर्थात् ५० लाख मानिस गरिबी रेखामुनि रहेको छ । उत्पादन क्षेत्र धाराशायी रहँदा आयातको भरमा नेपाली अर्थतन्त्र चलायमान रहेको कुराप्रति नसरकार, नप्रतिपक्ष, नअर्थविद् सम्बेदनशील बनेको छ र देशको अर्थक्षेत्र दिनानुदिन दयनीय बन्दै गएको छ ।

चालु आ.व.को ७ महिनामा आयात ४२.७८ प्रतिशतले बढेर ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाख ३६ हजार पुगेको छ । अघिल्लो वर्ष सोही अवधीमा ८ खर्ब ३६ अर्ब ४३ करोड १९ लाख २ हजार रूपियाँको आयात भएको थियो ।

चालु आ.व.को ७ महिनामा व्यापारघाटा ३८.४५ प्रतिशतले बढेर १० खर्ब १५ अर्ब ८० करोड ८४ लाख २५ हजार पुगेको छ । गत वर्ष यही अवधीमा व्यापारघाटा ७ खर्ब ३३ अर्ब थियो ।

परनिर्भरता दर यसरी तीव्र रूपमा बढ्दै जाँदा आगामी दिनमा देशको अर्थतन्त्र कस्तो अवस्थामा पुग्ने, राज्यलाई यसको किञ्चित चिंता छैन । ०४६ सालपछि प्रजातान्त्रिक सरकारले उदार अर्थतन्त्रको अवधारणा ल्याएपनि सो अनुसार न दलहरू आफ्नो आचरण सुधार्न सक्यो, न भ्रष्ट सरकारी संयन्त्रलाई बदल्न सक्यो । पंचायती व्यवस्थामा डराएर काम गर्नु पर्ने सरकारी कर्मचारीलाई प्रजातन्त्र वरदान साबित भयो । लामो समयदेखि संघर्षमा जीवन बिताउने राजनीतिकर्मीहरूले देश विकासमा कम आफ्नो जीवनस्तर सुधार्ने तर्फ केन्द्रित भए । यसमा निर्वाध सहयोग पुर्‍याउने सरकारी संयन्त्रको ठूलो योगदान रह्यो । यसरी मौसमी र स्थायी सरकार दुबै मिलेर भ्रष्टाचारको ठूलो साम्राज्य खडा गर्‍यो । ३२ वर्षदेखि यही विधी र प्रक्रियाले आर्थिक अनियमितताको तलदेखि माथिसम्म ठूलो सञ्जाल तयार भयो । यसलाई संचालन गर्ने ठूला माफियाहरू जन्मे । जितेर आउने जन प्रतिनिधीहरू आफ्नो स्वार्थ पूरा गर्न यसका दास गुलाम बने । संस्थागत भ्रष्टाचारले राजकीय साधन स्रोतमाथि कब्जा जमायो र यसलाई देश विकासको सट्टा निजी स्वार्थमा उपयोग गरेका कारण नेपालका हरेक क्षेत्र शून्य परिणाममा गएको छ ।

भ्रष्ट संयन्त्रका लागि वैज्ञानिक कृषि प्रणालीको योजना, कार्यान्वयन तथा अनुगमनले कुनै अर्थ राख्दैन । यहाँ राम्राभन्दा हाम्रालाई पोस्ने चलनमा कुनै पनि योजना परिणाममुखी नहुने कुरा अहिलेसम्मका विकास तथ्याँकले देखाई सकेको छ । संकटग्रस्त आर्थिक क्षेत्रमा सुधार ल्याउन प्रशासकीय नेतृत्वमा आमूल परिवर्तन आवश्यक छ । संस्थागत भ्रष्टाचारको अभेद्य दुर्गलाई भत्काएर माफियाहरूको कब्जाबाट राज्यसत्तालाई मुक्त गर्न

> संस्थागत भ्रष्टाचारको अभेद्य दुर्गलाई भत्काएर माफियाहरूको कब्जाबाट राज्यसत्तालाई मुक्त गर्न अपरिहार्य देखिन्छ । राजनीतिमाथि कब्जा जमाएर बस्ने राजनीतिकर्मीहरूको सर्वाधिकार अन्त गर्न खर्चरहित निष्पक्ष चुनाव प्रणालीको व्यवस्था हुनु पर्‍यो । होइन भने राष्ट्रिय योजना आयोगले योजनालाई श्रेणीबद्ध गर्ने नयाँ कार्यक्रम ल्याउनुको कुनै अर्थ छैन ।

अपरिहार्य देखिन्छ । राजनीतिमाथि कब्जा जमाएर बस्ने राजनीतिकर्मीहरूको सर्वाधिकार अन्त गर्न खर्चरहित निष्पक्ष चुनाव प्रणालीको व्यवस्था हुनु पर्‍यो । होइन भने राष्ट्रिय योजना आयोगले योजनालाई श्रेणीबद्ध गर्ने नयाँ कार्यक्रम ल्याउनुको कुनै अर्थ छैन । संकटगस्त अर्थतन्त्रको बहस चलाएर बेरोजगार आफ्ना कार्यकर्तालाई त्यसबारेको समस्या अध्ययन तथा समाधानका उपाय खोज्न समितिहरू बनाएर जागिरमा भर्ना गर्ने प्रवृति अझै नलादियोस् ।

janukjha24@gmail.com

# वैदेशिक रोजगारमा ज्यान गुमाएका योगेन्द्रको परिवारलाई आर्थिक सहयोग

काठमाडौं । वैदेशिक रोजगारको क्रममा दुबईमा मृत्यु भएका धनुषा जिल्लाको सबैला नगरपालिका वडा नम्बर १२ रघुनाथपुर बस्ने योगेन्द्र भेडिहारको परिवारलाई मधेशी एकता समाजले आर्थिक सहयोग उपलब्ध गराएको छ । मधेशी एकता समाजले शव फर्काउने काममा आर्थिक सहयोग गर्नुको साथै उनको परिवारलाई आर्थिक सहयोग समेत गरेको छ ।

फेब्रुअरी २३ तारिखमा मधेशी एकता समाजका नेपाल इकाईको अध्यक्ष डा. बबी सिंहले समाजको तर्फबाट उनको पत्नीलाई डेढ लाख नेपाली रूपैयाँको आर्थिक सहयोग प्रदान गरेको छ ।

मधेशी एकता समाज संसारभरि छरिएर बसेका मधेशी प्रवासीहरू माझ एकताको भावनालाई संचार गर्दै उनीहरूको सुख दुखमा सर्वदा साथ दिन २०२१ मा दुबईमा स्थापना भएको हो । यसका शाखाहरू संसारका अरू देशमा पनि स्थापित हुँदैछ । भेडिहार भ्रमण भिसामा युएई आएका थिए । भ्रमण भिसामै रहेको बेला उनको जागिर



लाग्यो, तर श्रम स्विकृति तथा अन्य जरूरी कागजी काम भने पूर्ण हुन सकेको थिएन । यसैक्रममा सधैँझैँ कामबाट फर्केर आएर राति सुत्न गएका भेडिहारको मृत्यु निन्द्रामै हुन गयो । त्यसपछि कागज दुरूस्त नभएकोले उनको पार्थिव शरीरलाई नेपाल फर्काउन निक्कै कठिनाई हुनपुग्यो ।

मृतक योगेन्द्र भेडिहारले काम गर्ने कम्पनीले कानुनी व्यवस्थाका कारण पार्थिव शरीरलाई स्वदेश पठाउन अस्विकार गर्‍यो, साथै उनको श्रम स्वीकृति नरहेको र ईन्सुरेन्स पनि नरहेकोले कुनै पनि आधिकारिक निकायले आर्थिक सहयोग गर्ने ठाउँ थिएन । साथै, उनको परिवारको आर्थिक स्थिति अत्यन्तै कमजोर रहेको र घरमा नौ महिनाकी छोरी र श्रीमती मात्र छन् । यसबारे पत्रकार बीपी साहले मधेशी समाजका विभिन्न व्यक्ति तथा संस्थालाई अवगत गराए र मृतकको पार्थिव शरीरलाई नेपाल फर्काउन सहयोग गर्न अपिल गरेका थिए ।

तर कागज दुरूस्त नभएको, श्रम स्विकृति नभएको तथा ईन्सुरेन्सले पनि कभर नगरेकोले प्रशासनिक कठिनाईका साथै आर्थिक कठिनाईको सामना गर्नु पर्यो । विभिन्न मधेशी संस्थाहरूले हातेमालो गर्दै यो अभियानलाई सुरूवात गरे, र त्यसमा जुडदै मधेशी एकता समाजका उपाध्यक्ष कृष्ण ठाकुरले फलोअप गर्दै सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी मृतकको पार्थिव शरीरलाई फेब्रुअरी १६ तारिख राति नेपाल वायु सेवा निगमबाट नेपाल पठाउन महत्वपूर्ण भूमिका निर्वाह गरे ।

उनको शव १७ फेब्रुअरी नेपाल आइपुगी दाह संस्कार सम्पन्न भैसकेको छ ।

यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति, संस्था तथा नेपाली एम्बेसी धन्यबाद का पात्र हुन् । यस दुर्घटना ले एउटा महत्वपूर्ण पाठ सिखाएको छ। समाजका उपाध्यक्ष कृष्णले, "भिजिट भिसामा युएई आएर, सम्पूर्ण कागजी प्रक्रिया पुरा नगर्दा, आफु र आफ्नो परिवार लाई बिचल्ली पार्ने काम नगर्न वैदेशिक रोजगारमा आउने नेपाली दाजुभाई तथा दिदि बहिनिलाई आग्रह गरेका छन् ।

# लोसपामा लोकतान्त्रिक संस्कारै भएन

जति पनि निर्णय भएका छन्, चार जना शीर्ष नेताहरूले मात्रै गर्नुभएको छ। ती चार शीर्ष नेताहरूले अरूलाई कुनै मूल्यांकन नै नगर्ने व्यवहार देखियो। वार्ड अध्यक्षदेखि राष्ट्रियसभासम्मको टिकट बिक्री भएको प्रमाणहरू सार्वजनिक भइसकेका छन्। अहिले लोसपामा कस्तो स्थिति छ भने नेताहरूको स्वार्थ कहाँ हुन्छ, त्यसमै केन्द्रित छ। जनता, मधेश, देश, पार्टी, कार्यकर्ताको हितलाई नकारेर नेताहरूलाई केमा फाइदा हुन्छ भन्ने कुरामा लिप्त देखिएको छ।



## वृषेश चन्द्र लाल

### नेता, तराई मधेश लोकतान्त्रिक पार्टी नेपाल

**० तपाईँले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल किन परित्याग गर्नुभयो ?**

– लोसपाका अध्यक्ष महन्थ ठाकुरजीलाई म धेरै सम्मान गर्छु र उहाँसँग व्यक्तिगत सम्बन्धमा कुनै फरक आएको छैन। तर वैचारिक र सैद्धान्तिक कारणले धेरै कुराहरूमा एकमत हुन नसकेर राजनीतिकरूपमा सँगैको यात्रालाई परित्याग गरेका छौं। कुनै पनि राजनीतिक दल जबसम्म संस्थागतरूपमा सञ्चालन हुँदैन, जबसम्म सामूहिक छलफल र विमर्शबाट पार्टी सञ्चालन गर्ने परिपाटि हुँदैन, तबसम्म त्यो राजनीतिक पार्टीको रूपमा अगाडि बढ्न सक्दैन। त्यो व्यक्तिहरूको एउटा समूह हुन्छ र स्वार्थमा सञ्चालन भइरहेको हुन्छ। तराई मधेश लोकतान्त्रिक पार्टी पछि वृहत् राजनीतिक शक्तिको नाममा एकीकरण भयो, राजपा बन्यो। तर त्यो राजपा एउटा पार्टी नै बन्न सकेन। राजपामा स्वार्थको बाँडफाँड भयो। राजपामा अध्यक्षमण्डल बनाएर ६ जनाको प्राइभेट कम्पनी बनाइयो। धेरै तत्कालीन राजपालाई पार्टीको रूपमा चलाऔं, वैचारिक छलफल गरौं, विचार विमर्श गरौं, विश्लेषण गरेर स्थितिको मूल्यांकन गरौं, अनि त्यस हिसावले रणनीति अगाडि बढाऔं भनेर हामीले धेरै प्रयास गऱ्यौं। तर त्यो कुरा हुन सकेन। जनतालाई लाग्यो कि हामी एउटा एकीकृत मधेशी दल बनाउन सफल भयौं तर त्यो हुन सकेन, स्वार्थको बाँडफाँड भयो। उम्मेद्वारहरूको खरिद-बिक्री भयो। उम्मेद्वारहरू बनाउन त्यसको मूल्यहरू तोकियो जसले गर्दा हामीलाई धेरै हानी भयो। तैपनि हामी बर्दास्त गरि रह्यौं। आन्दोलनकारी साथीहरूलाई महत्व दिऔं र पार्टी संस्थागत रूपमा चलाऔं भनिराख्यौं। त्यो हुन सकेन। अनि पछि जसपा बनाइयो। त्यो एकीकरणमा पनि त्यस्तै-त्यस्तै कुराहरू देखियो। जसपालाई पनि संस्थागत रूप लिन दिइएन। त्यो पनि विभाजन भयो र लोसपा निर्माण हुँदा पनि हामीले त्यही कुरा उठायौं कि पार्टी एकल अध्यक्षीय प्रणालीमा चल्नुपर्छ। तर एकल अध्यक्ष भनेको जे मन लाग्छ त्यो निर्णय गर्ने होइन। लोसपामा पनि उही प्रकारको प्रवृत्ति देखियो। चार नेताहरू बसेर निर्णय गर्ने, अरूसँग मतलबै छैन। त्यसकारण स्वार्थ केन्द्रित व्यक्तिहरूको समूह लोसपा भएजस्तो हामीलाई लाग्यो। त्यसपछि हामीलाई महसुस भयो कि यो पार्टीमा हामी सुधार गर्न सक्दैनौं। त्यसकारणले हामी पार्टी परित्याग गर्न विवश भयौं।

अर्को महत्वपूर्ण कुरा के हो भने मधेश आन्दोलनले ठूलो एजेण्डा बोकेको छ। समानता, समान नागरिक अधिकार, समावेशिता र संघीयता मधेश आन्दोलनको कारणले नेपालमा सम्भव भएको छ। स्वशासनको निम्ति क्षेत्रीय अवधारणा चाहिन्छ। क्षेत्रको आकांक्षा, समस्या के हो, त्यसको समाधान कसरी गर्ने अर्थात् स्वच्छ क्षेत्रीयता हुनुपर्छ। मधेशमा आफूलाई हामी मधेशकेन्द्रित दल हौं, मधेशका नेता हौं भन्नेहरू 'मधेशी' शब्दसँग नै डराउन थाल्नुभयो। राजपा गठन हुँदा पनि हामीले पार्टीको नाममा मधेश शब्द राख्नुपर्छ भनेका थियौं, त्यो पनि भएन। जसपा त रातारात एकीकरण भएर आएको थियो। लोसपा बनाउँदा पनि मधेशी लोकतान्त्रिक पार्टी वा मधेशी समाजवादी पार्टी बनाउन भन्दा उहाँहरू डराउनुभयो। उहाँहरूले हामी तेस्रो शक्तिको रूपमा राष्ट्रिय पार्टी बन्दैछौं भन्नुभयो। तर मधेशको आफ्नै किसिमका समस्या छन्, विशिष्ट आन्दोलनले मधेश अगाडि बढ्दैछ। भनेपछि मधेशीहरूको त पार्टी नै भएन। जति पनि एकीकरण वा विभाजन भयो त्यो वृहत राजनीतिक शक्तिका निम्ति भएन, सरकार र सत्ता कसरी प्राप्त गर्ने, त्यो समीकरण बनाउनका निम्ति मात्र भयो।

अर्को महत्वपूर्ण कुरा के हो भने मधेशका जनताले हामीलाई समर्थन गर्छन्, मतदान गर्छन्, हाम्रो आह्वानमा आन्दोलनमा जान्छन्, सहादत प्राप्त गर्छन्, आन्दोलनकारीहरूले रगत बगाउँछन्। ती सब कुरालाई ठूला पार्टीलाई बुझाउने काम मात्र भयो। आफ्नो स्वतन्त्र अस्तित्व र विचारलाई अगाडि नबढाउने प्रवृत्ति देखियो। मधेशका जनता स्वभावत: लोकतन्त्रवादी छन्, हामी लोकतन्त्रमा विश्वास गर्छौं। लोकतन्त्र सबभन्दा पहिलो प्राथमिकता हो। अहिले मधेशकेन्द्रित जो नेताहरू हुनुहुन्छ, उनीहरू मध्ये कोही एउटा वामपन्थीको पछाडि जान्छन् भने कोही अर्को वामपन्थीको पछाडि लागेको अवस्था छ। त्यसको परिणाम के हो भने मधेशका जनतालाई जबरजस्ती वामपन्थी बनाउन खोजिएको छ। त्यसकारण लोकतन्त्रवादी शक्तिहरूबीच गठबन्धन हुनुपर्छ। यी सबै खेल सत्ता र सरकारका निम्ति भइरहेको छ। त्यसकारणले एउटा क्षेत्रीय पार्टीको आवश्यकता मधेशमा छ। जसले मधेशको आकांक्षा, समस्याको समाधानको रणनीतिलाई पहिल्याएर अगाडि बढाउन सकोस्। यी सब कारणले गर्दा हामीले तराई मधेश लोकतान्त्रिक पार्टीको निर्माण पुन: गरेका छौं।

**० तपाईं तमलोपा हुँदै राजपा, जसपा, लोसपामा हुनुहुन्थ्यो। ती सबैको नेतृत्व महन्थ ठाकुरले नै गर्नुभएको थियो। भनेपछि महन्थ ठाकुरको नेतृत्व क्षमतामा कमजोरी छ ?**

– म व्यक्तिगतरूपमा कुनै पनि टिप्पणी गर्न चाहन्न। उहाँले धेरै संघर्ष गर्नुभएको छ। नेपालको विशिष्ट राजनीतिक व्यक्तित्वमध्ये एउटा हुनुहुन्छ। तर कहीं न कहीं कुनै समस्या छ। उहाँको नेतृत्वमा पार्टी संस्थागत रूपमा सञ्चालन भएन। उहाँकै नेतृत्वमा पार्टीलाई आन्तरिक लोकतन्त्रमा लग्ने प्रयास भएन। बरू के भयो भने जसले आन्तरिक लोकतन्त्रको कुरा गऱ्यो, शीर्ष भनाउँदा नेताहरू उसलाई दुश्मन ठान्ने, उससँग प्रतिशोध लिने भन्ने किसिमको मानसिकता र चाकडीबाजी प्रवृत्तिलाई प्रोत्साहन दिने कुरा देखियो। त्यसका निम्ति शीर्ष नेताहरू जिम्मेवार छन्।

**० भनेपछि लोसपामा सामूहिक छलफल गर्ने प्रवृत्ति छैन ?**

– हामीले त धेरै प्रयास गऱ्यौं। हामीले सामूहिक छलफलको कुरा उठाउँदा प्रतिशोध लिने भावना पनि देखियो। हामीले पार्टीलाई विधानअनुसार संस्थागतरूपमा चलाउनुपर्छ भनेका थियौं। तर निर्णय नै नहुने, संस्थागतरूपमा पार्टीलाई नचलाउने, फरक विचार पनि राख्न नपाउने, यो त भएन नि। जति पनि निर्णय भएका छन्, चार जना शीर्ष नेताहरूले मात्रै गर्नुभएको छ। ती चार शीर्ष नेताहरूले अरूलाई कुनै मूल्यांकन नै नगर्ने व्यवहार देखियो। वार्ड अध्यक्षदेखि राष्ट्रियसभासम्मको टिकट बिक्री भएको प्रमाणहरू सार्वजनिक भइसकेका छन्। अहिले लोसपामा कस्तो स्थिति छ भने नेताहरूको स्वार्थ कहाँ हुन्छ, त्यसमै केन्द्रित छ। जनता, मधेश, देश, पार्टी, कार्यकर्ताको हितलाई नकारेर नेताहरूलाई केमा फाइदा हुन्छ भन्ने कुरामा लिप्त देखिएको छ। नेता नै पार्टीको स्रोत भन्ने कुरालाई स्थापित गरिँदैछ। प्रदेश र जिल्लाहरूमा अध्यक्ष तोकिँदा सल्लाह वा छलफल पनि गरिएन। यस्ता निर्णयहरू केन्द्रीय कार्यकारिणी समितिको बैठकले पारित गर्नुपर्छ भन्ने विधानमा छ। तर पार्टी निर्माण भएदेखि एक पटक मात्रै बैठक भयो, त्यसपछि कुनै बैठक नै भएन। चार जना नेताहरूले आफूलाई नै शक्तिको स्रोत ठान्नुहुन्छ। लोकतान्त्रिक मान्यता नै लोसपामा भएन। नाम मात्रै राखेर त हुँदैन नि, लोकतान्त्रिक मानसिकता हुनुपऱ्यो। राजनीतिक संस्कृति र संस्कार स्थापित गर्ने कुनै मानसिकता देखिएन। मधेशमा राजनीतिक शक्ति निर्माणको अर्थ हो कि राजनीतिक संस्कार विकसित गर्नु हो। किनभने मधेशले ठूलो एजेण्डा उठाएको छ। मधेशले उठाएको एजेण्डा मधेशका लागि मात्रै होइन, आदिवासी जनजाति, महिला, थारू, खसआर्य लगायत सम्पूर्ण उत्पीडित जनता त्यसबाट लाभान्वित हुन्छन्। किनभने मधेशले समान नागरिक अधिकार, समानता, समावेशिता, लोकतन्त्र, स्वशासन र संघीय शासनको कुरा गरेको हो। त्यस हिसावले कार्यकर्तालाई प्रशिक्षित गर्नुपर्ने हो। हामीले त्यसैको विकल्पको रूपमा अगाडि बढिरहेका छौं। हामीले यो देखाउन चाहन्छौं कि आफ्नै खुट्टामा मधेशीहरू संगठित हुन सक्छन्।

**० तराई मधेश लोकतान्त्रिक पार्टी विशुद्ध मधेशकेन्द्रित दल नै हो त ?**

– निश्चितरूपमा तमलोपा विशुद्ध मधेशकेन्द्रित दल हुनेछ। यसले स्वच्छ क्षेत्रीय अवधारणालाई अगाडि बढाउँछ। हाम्रो संविधानले क्षेत्रीय नाममा कुनै पार्टी दर्ता गर्न रोकेको छ भने यो संविधानको कमजोरी हो। संविधानमा धेरै यस्ता कुराहरू छन् जसलाई संशोधन गर्नुपर्छ। संघीय शासनको निम्ति स्वशासन मूल आधार हो, क्षेत्र-क्षेत्रलाई स्वशासन दिने। त्यसैले क्षेत्रीय अवधारणा नै भएन, क्षेत्रीय राजनीतिक शक्ति नै विकसित भएन भने त्यो कसरी हुन्छ। त्यसकारणले हामीले मधेश नामबाट पार्टी दर्ता गराउन खोजेको हो तर निर्वाचन आयोगले संविधान र ऐनका कुराहरू ल्याएपछि तराई मधेश लोकतान्त्रिक पार्टी दर्ता भएको थियो। मेचीदेखि महाकालीसम्म मधेश क्षेत्रमा एक किसिमको समस्या, अवस्था, आकांक्षा रहेका छन्। त्यसको सम्बोधन कसरी गर्ने त्यसको खोजीमा हाम्रो पार्टी रहन्छ।

**० स्थानीय निर्वाचनको मुखमा आएर पार्टी दर्ता भएको छ, संगठनहरू विस्तार भइसकेको छैन। चुनावमा कसरी सहभागी हुने ?**

– अहिले त हाम्रो पार्टी निर्माण प्रक्रियामै छ। आगामी फागुन १५ गतेदेखि गतिविधि प्रारम्भ गरिरहेका छौं। हामीले पार्टी दर्ता गराइसक्यौं। यसो गर्छौं, उसो गर्छौं भन्ने दावा पनि गर्दैनौं। हामी एकदम प्रक्रियागत रूपमा अगाडि बढ्छौं। पार्टीलाई सञ्चालन गर्न फागुन १५ गतेपछि प्रक्रिया सुचारू हुन्छ। अहिलेसम्म मेचीदेखि महाकालीसम्मका साथीहरूले सकारात्मक प्रक्रिक्रिया देखाइरहनुभएको छ। यो प्रारम्भ मात्र हो। यो प्रारम्भमा साथीहरूमा जुन किसिमको जिज्ञासा देखापरिरहेको छ, त्यसले यो पार्टी छिट्टै संगठित हुन्छ। आगामी दिनमा यसले एउटा विचारको ज्योति जगाउँछ। मधेशले दिएको जुन सन्देश हो, त्यो सन्देशलाई अगाडि बढाउँछ भन्ने कुरामा हामीलाई विश्वास छ। अहिले निर्वाचन आउँदैछ, त्यसमा पनि हामी आफ्नो सहभागिता जनाउँछौं। जनताको समर्थन हामीलाई प्राप्त हुने स्थिति देखिन्छ। लोकतान्त्रिक पार्टीसँग सहकार्य गर्ने नीति पनि हाम्रो हुन्छ।

**० मधेशमा अहिले विभिन्न राजनीतिक दलहरू आएका छन्, तपाईँहरूकै पूर्वसहकर्मी हृदयेश त्रिपाठीजीले पनि दल घोषणा गरिसक्नुभएको छ। कतिको चुनौति देख्नुहुन्छ ?**

– राजनीति एउटा चुनौतिपूर्ण कुरा हो। स्वार्थवश राजनीतिमा प्रवेश गर्नेहरूका लागि राजनीति एउटा खेल हुनसक्छ। तर वास्तवमा स्वच्छ राजनीति गर्नेहरूको निम्ति ठूलो तपस्या हो। हृदयेशजीले पनि पार्टी दर्ता गराउनुभएको छ। उहाँको पनि आफ्नो विचार र रणनीति छ। पार्टी निर्माण हुने प्रक्रिया त चलिरहन्छ। त्यसकारण, चुनौतिपूर्ण त हो तर राम्रो लक्षण पनि हो। नेपालमा बहुदलीय लोकतान्त्रिक गणतन्त्र त छ तर यहाँका राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव छ। त्यस दिशामा जनमत आकर्षित हुँदैछ। त्यस दिशामा कार्यकर्ताहरू पनि आकर्षित हुँदैछ। यो एउटा शुभ संकेत हो। हामी कतिको स्थापित हुन सक्छौं वा जनताले विश्वास गर्छन्, त्यो चुनौति त छँदैछ, यसलाई इन्कार गर्न मिल्दैन। तर त्यहीं चुनौतिसँग संघर्ष नै स्वच्छ राजनीति हो।

**० तपाईँहरूको तमलोपा र हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टीबीच एकता हुने सम्भावना कतिको छ ?**

– हृदयेश त्रिपाठीजीको नेतृत्वमा साथीहरू संगठित भइरहनुभएको छ र यता तमलोपा पनि संगठित हुने प्रारम्भ भएको छ। भविष्यमा के कस्तो स्थिति होला, त्यसलाई अहिले नै भन्नु अलि चाँडो हुन्छ। तर मिलेका कुराहरूमा सहकार्य हुनुपर्छ। कुनै पनि लोकतान्त्रिक शक्तिसँग तमलोपाको सहकार्य हुनसक्छ। एकीकरणको विषय त अहिले भन्न सकिँदैन। किनभने अहिले हामी आफ्नै पार्टीलाई अगाडि बढाइरहेका छौं। अहिले नै कसैसँग एकता वा एकीकरण हुन्छ भन्नु अर्थहीन कुरा हो।

**० तमलोपाको अहिलेका अध्यक्ष तत्कालीन तमलोपाका विद्यार्थी नेताको रूपमा हुनुहुन्थ्यो, अहिले तपाईं यो दलमा आइसकेपछि तपाईँको पोजिसन के हुनेछ ?**

– तमलोपाको विधानमा एउटा विशेष व्यवस्था के छ भने निर्वाचन आयोगमा दल दर्ता प्रक्रिया पूरा भइसकेपछि यथाशीघ्र एउटा केन्द्रीय भेला बोलाएर केन्द्रीय तदर्थ समिति गठन गर्ने। त्यही विधानअन्तर्गत आगामी १५ गते केन्द्रीय भेला आयोजना हुन गइरहेको छ। त्यसपछि जुन समितिको निर्माण हुन्छ, त्यस हिसावले मेरो भूमिका पनि तय हुन्छ।

**० तमलोपा नेतृत्वका लागि तपाईँको दाबी हुन्छ कि ?**

– साथीहरूले नेतृत्वको निर्माण गर्छन्। अहिले नै भन्नु उपयुक्त हुँदैन।

# यसकारण एमसीसी नेपालको हितविपरीत छैन

काठमाडौं । अमेरिकी सहयोग परियोजना एमसिसीले नेपाल सरकारलाई जवाफी पत्र पठाएको छ । अर्थमन्त्री जनार्दन शर्मालाई सम्बोधन गर्दै एमसिसीले नेपालस्थित अमेरिकी दूतावासमार्फत् जवाफ पठाएको हो । अर्थ मन्त्रालयले एक पत्र लेख्दै एमसीसीबारे उठेका विभिन्न विवादित सवालहरूबारे स्पष्ट जवाफ दिन अनुरोध गरेको थियो ।

यस्तो छ एमसीसीले नेपाल सरकारलाई पठाएको जवाफः

१. अनुदान, सहयोग, उपहार आदिमा लिने दिनेका बीच सर्तनामा हुँदैन । त्यस्तो दान, उपहार, सहयोग, अनुदानको दुरूपयोग नहोस् भन्ने दाताको मनशाय मात्र हुन्छ । कतिपय घोषित वा अघोषित उद्देश्यहरू समय काल परिवेशले स्पष्ट हुन्छ । MCC सँग सम्झौताको पछाडि नितान्त निःस्वार्थ सहयोग रहेको थियो भन्ने आधार के छ ?

एमसीसीको जवाफः एमसीसीको उद्देश्य आर्थिक बृद्धिमार्फत गरिबी न्यूनीकरण गर्नु हो । नेपालमा एमसीसीको लक्ष्य नेपाली नागरिकको जीवनस्तर तिब्र गतिमा सुधार गर्नु रहेको छ । एमसीसी नेपाल कम्प्याक्ट, नेपाल सरकारले नै देशको आर्थिक बृद्धिका लागि महत्वपूर्ण ठहराई चयन गरेका विद्युत् प्रसारण र सडक मर्मतसम्भार परियोजनाहरू सम्पन्न गर्नका निम्ति नेपाललाई उपलब्ध गराएको अनुदान हो। नेपाल सरकार सँग सहमति गरेर एमसीसी नेपाल कम्प्याक्टमा समावेश गरिएका सर्त तथा मापदण्डहरू अन्य देशसँगका एमसीसी कम्प्याक्टमा समाविष्ट सर्त तथा मापदण्ड अनुरूप नै छन् र कम्प्याक्ट परियोजनाहरू पाँच वर्षको समयसीमा भित्र नै उच्च प्राविधिक तथा वातावरणीय मापदण्डबमोजिम सम्पन्न हुन् र अनुदान कोषको दुरूपयोग नहोस् भन्ने सुनिश्चित गर्नका निम्ति आवश्यक छन्। कम्प्याक्टका सर्तहरूको उल्लङ्घन हुनेगरी अनुदान रकमको दुरूपयोग नभएमा यो रकम फिर्ता गर्नुपर्दैन ।

२. नेपाललाई अनुदान दिने सम्बन्धमा बनाएको थ्रेसहोल्डमा २२ वटा आधार तोकिएको छ । नेपाल ग्रोथ डाइग्नोटिक' रिर्पोटमा थ्रेसहोल्डमा तोकिएका आधार नेपालको आर्थिक विकासमा प्रायः सबै अवरोध भएको निस्कर्ष निकालिएको छ । प्रायः ७५ प्रतिशत भन्दाबढी थ्रेसहोल्ड पार गरेकालाई प्रदान गर्ने आधार बनाएको देखिन्छ तर नेपालको हकमा ५० प्रतिशत पनि पुरा भएका छैनन् अनुदान दिने देशहरूको नीतिगत वर्गीकरण गरेको देखिन्छ । नेपाल प्राथमिकतामा पर्नुको कारण सैन्य रणनिति अन्तरगत होइन भन्ने आधार के छ ?

एमसीसीको जवाफः प्रथमतः एमसीसीलाई लागु हुने अमेरिकी कानुन (मिलेनिएम च्यालेन्ज ऐन २००३) ले कुनै पनि सैन्य प्रयोजनका निम्ति अनुदान कोषको प्रयोग गर्नबाट एमसीसीलाई निषेध गरेको छ; यस कानुनी बन्देजका बारेमा कम्प्याक्ट स्पष्ट छ । तसर्थ, यस कम्प्याक्ट र कुनै सैन्य गठबन्धन वा सुरक्षा रणनीतिका बीच कुनै सम्बन्ध छैन । दोस्रो, कम्प्याक्टका लागि योग्य ठहऱ्याई साझेदार चयन गर्ने एमसीसीको प्रक्रिया वैधानिक रूपमा निर्धारित मापदण्डहरूमा आधारित छ जसमा सैन्य पक्ष समावेश हुँदैन ।

एमसीसीको संचालक समितिबाट कुनैपनि देश छनौटका लागि योग्य हुन (१) विश्व बैङ्कद्वारा न्यून आय वा न्यून-मध्यम आय भएको देशको रूपमा वर्गीकृत भएको हुनुपर्छ र (२) न्यायसंगत र लोकतान्त्रिक शासन, जनतामा लगानी र आर्थिक स्वतन्त्रतामा आधारित एमसीसीको वार्षिक सुचकाङ्कको स्कोरकार्डमा उतीर्ण हुनुपर्दछ। यी आधारहरू एमसीसीले प्रत्येक वर्ष सार्वजनिक रूपमा उपलब्ध हुने गरि प्रकाशित गर्ने निम्न प्रतिवेदनहरूमा उल्लेखित हुन्छन् र सबै देशहरूका लागि समान रूपमा लागु हुन्छन्: सम्भावित देश सम्बन्धि प्रतिवेदन (Candidate Country Report) र छनौट मापदण्ड तथा विधि प्रतिवेदन (Selection Criteria and Methodology Report) । एमसीसीको वार्षिक सुचकाङ्कको स्कोरकार्डमा नेपालको लगातार उच्च नतिजा प्रदर्शन र लोकतान्त्रिक शासनप्रतिको निरन्तर प्रतिबद्धतालाई कदर गर्दै एमसीसीसँग कम्प्याक्ट कार्यक्रम विकास गर्न योग्य देशका रूपमा डिसेम्बर २०१४ मा नेपाललाई छनौट गरिएको हो । एमसीसीको देश छनौट प्रक्रिया तथा यस अनुदानका लागि नेपालको योग्यतासम्बन्धी पूर्ण जानकारी एमसीसीको वेबसाइट www.mcc.gov/who–we–select मा उपलब्ध छ ।

३. एमसीसीसँग सम्झौता नेपालको आफ्नो आवश्यकता र नेपालकै मागबमोजिम भएको हो ? विस्तृत शान्ति सम्झौतापछि नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि नेपालको विकास निर्माणमा देखिएका समस्याहरूको अध्ययन गर्न नेपाल सरकारले अर्थ मन्त्रालयको संयोजनमा ल्भउबर्ा न्चयधतज म्बनलयकतष्अ कार्यदल बनाएकोमा चिरन्जीवि नेपालको संयोजकत्वमा १० जनाको टीम बन्यो । त्यसलाई सहयोग गर्न संयुक्त राज्य अमेरिकाको तर्फबाट Lead Agency भनी एमसीसीका बाड्ले कनिङघमको नेतृत्वमा एमसीसी र युएसएडका ९ जना प्रतिनिधि रहेको टोलीले अध्ययनको नेतृत्व प्रदान गर्ने भनिएको छ। त्यसले २०१४ मे मा रिपोर्ट प्रकाशित गरेको छ। सो रिपोर्टको आधारमा अमेरिकी टोलीको प्राथमिकतामा आयोजनाको छनौट गर्न लगाइएको प्रष्ट देखिन्छ। वास्तविकता के हो ?

एमसीसीको जवाफः एमसीसी नेपाल कम्प्याक्टद्वारा अनुदान उपलब्ध गराइएका सबै परियोजनाहरू नेपाल सरकारले निजी क्षेत्र र नागरिक समाजसँगको परामर्शमा नेपालको आर्थिक वृद्धिका निम्ति महत्त्वपूर्ण ठहयाई नेपाल सरकारद्वारा नै छनौट गरिएका हुन् । परियोजना छनौटको नेतृत्व गरेको नेपाल सरकारको टोलीलाई एमसीसीले संयोजन गरेको अमेरिकी सरकारी कर्मचारीको टोलीले सहयोग गरेको थियो। नेपालको आफ्नै प्रसारण लाइन गरूयोजना २०१५ को दस्तावेजले पहिचान गरेको तथा पछि प्रसारण लाइन विकास योजना २०१७ ले समेत आवश्यकताका रूपमा पुनः पुष्टि गरेको प्रसारण लाइनहरूलाई नै एमसीसी नेपाल कम्प्याक्टमा समावेश गरिएका थिए। नेपालको विकासमा उक्त परियोजनाको महत्त्वलाई स्वीकार गर्दै एमसीसी नेपाल कम्प्याक्टको विद्युत् प्रसारण परियोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गर्यो ।

४. अमेरिकाले दिने नेपालले लिने सामान्य प्रकारको अनुदानलाई "अन्तर्राष्ट्रिय सम्झौता" भन्नुपर्ने आवश्यकता किन पर्यो ? नेपालको संविधान र कानूनबमोजिम कुनै पनि मुलुकसँग राष्ट्रिय हितमा सन्धि सम्झौता गर्न हामी स्वतन्त्र छौं । त्यसलाई अधीनस्थ गर्न अन्तर्राष्ट्रिय सम्झौता भनी एमसीसी सम्झौतामा समावेश गरी नेपालको संविधान र कानूनलाई कमजोर पार्न खोजेको देखिन्छ। सम्झौताको दफा नं. ७.१ अनुसार त्यो होइन भन्ने आधार के छ ?

एमसीसीको जवाफः नेपालको संविधान एमसीसी नेपाल कम्प्याक्टभन्दा माथि छ । सबै एमसीसी साझेदार देशहरूसँग सम्पन्न भएका एमसीसी कम्प्याक्ट अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्झौता हुन्। अन्य देशमा एमसीसीको अनुभवको आधारमा, कम्प्याक्टको कार्यान्वयन कुनै ढिलाईबिना अघि बढ्न सकोस् भन्ने सुनिश्चित गर्नका निम्ति कम्प्याक्टको हैसियत एक अन्तर्राष्ट्रिय सम्झौतासरह हुनु महत्त्वपूर्ण हुन्छ, जुनकुरा कम्प्याक्टको सीमित पाँच वर्षे कार्यान्वयन अवधिको परिप्रेक्ष्यमा पनि विशेष रूपमा महत्त्वपूर्ण छ। व्यवहारिक तवरमा कम्प्याक्टलाई अन्तर्राष्ट्रिय सम्झौताको स्तरमा राखिनुको प्रभाव भनेको स्थानिय कानुनको कुनै निश्चित प्रावधानसँग बाझिने विरलै अवस्थामा बाहेक, कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयन नेपालको कानुन अनुसार अगाडि बढ्ने भन्ने हुन्छ। त्यस्तो विरलै अवस्थामा कम्प्याक्ट परियोजनहरू कम्प्याक्टमा भएका आपसी सहमतिका सर्तहरू र नेपालको संविधानबमोजिम कार्यान्वयन हुन्छन् । उल्लेखनीय छ, नेपाल सरकारले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत एमसीसी नेपाल कम्प्याक्टका दफा ७.१ लगायत सबै प्रावधानहरूको समीक्षा गरी कम्प्याक्टका प्रावधानहरू नेपालको कानुनसँग बाझिएका छैनन् भन्ने निष्कर्ष निकालेको छ ।

५. कैयन् विकास निर्माण तथा लगानीसम्बन्धी सम्झौताहरू संसदीय अनुमोदनका लागि आवश्यक देखिएनन् । यो सम्झौतालाई संसदीय अनुमोदन किन आवश्यक पर्यो ? संसदीय अनुमोदनपछि सम्झौता कानून बन्छ। यसमा उल्लेखित सबै शर्तहरू कानून बन्छन् । त्यो कानून रहेसम्म एमसीसीले नेपालमा सन्धि सम्झौता, आर्थिक लगानी, विकासको मोडेल, राजकीय मामिला प्रभाव पार्ने काममा नियन्त्रण राखी राख्न वैधानिक हक राख्दछ। आयोजना रहेसम्म (दफा ५.५) बमोजिम नियन्त्रणमा राखिरहन संसदीय अनुमोदन गराउने प्रस्ताव राखिएको त होइन ?

एमसीसीको जवाफः प्रश्न ४ को उत्तरमा प्रष्ट पारिएजस्तै, सबै एमसीसी कम्प्याक्टहरू अन्तर्राष्ट्रिय सम्झौता हुन् । कम्प्याक्ट विकासको क्रममा एमसीसीले प्रत्येक साझेदार सरकारलाई आन्तरिक कानुनसँग नबाझिने गरी कम्प्याक्टले अन्तर्राष्ट्रिय सम्झौताको हैसियत प्राप्त गर्न सम्बन्धित देशको आन्तरिक कानुन अनुसार के आवश्यक पर्दछ भनि सोध्ने गर्दछ । नेपालको सन्दर्भमा नेपाल सरकारले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत कम्प्याक्ट अन्तर्राष्ट्रिय सम्झौता हुनका लागि नेपालको कानुनअनुसार संसदीय अनुमोदन आवश्यक छ भन्ने निष्कर्ष निकालेको थियो।

६. सम्झौताको संसदीय अनुमोदन भए पछि सम्झौताका अंश वा क्रियान्वयन सम्झौता वा परियोजनामा हुने संशोधनलाई संसदीय अनुमोदन किन आवश्यक नपर्ने हो ? सम्झौताका अन्तरवस्तुलाई आफ्नो मनोमानीपूर्वक हेरफेर गरेर लागू गर्न, दबाब सृष्टि गर्न यस्तो प्रावधानलाई कानूनी हैसियत दिन खोजिएको हो। यसको मुख्य कारण हो भू-मण्डलीय राजनीति र द्वन्द्वमा नेपालको रणनैतिक अवस्थिति र त्यसको प्रयोगको मनशाय होइन भनेर कसरी विश्वस्त हुन सकिन्छ ?

एमसीसीको जवाफः एमसीसी नेपाल कम्प्याक्ट, एमसीसी र नेपाल सरकारका अन्य निकाय लगायत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसहितको बृहत् छलफलपश्चात् सन् २०१७ को सेप्टेम्बर (२०७४ भदौ) मा सम्पन्न भएको हो । कम्प्याक्टको दफा ६.२ (ख) ले सीमित परिस्थितिहरूमा कम्प्याक्टको अनुसुचिका केही पक्षहरू आपसी सहमतिमा परिमार्जन गर्ने सकिने

व्यवस्था गरेको छ, जुन कुरा परियोजनाका बदलिँदा वास्तविकता तथा परिस्थिति प्रतिबिम्बित गर्न समय समयमा आवश्यक पर्न सक्छन् । दफा ६.२ (ग) ले किटानीसाथ त्यस्ता कुनै परिमार्जन संशोधन होइनन् र तिनको संसदीय अनुमोदन आवश्यक नहुने भन्ने व्यवस्था गरेको छ । संशोधनहरू ती परिवर्तन हुन् जसले यस कम्प्याक्ट सम्झौताका मुख्य अंशमा प्रभाव पार्छन् वा रकम विनियोजन, कार्यान्वयन ढाँचा, अनुगमन तथा मूल्याङ्कन ढाँचा अथवा कर मिनाहाका प्रावधानहरूमा हेरफेर गर्छन् । हस्ताक्षर सम्पन्न भईसकेको एमसीसी नेपाल कम्प्याक्टलाई अहिले संशोधन गर्न सकिँदैन ।

७. एमसीसी हिन्द प्रशान्त रणनीति (आइपीएस) को मातहत रहेको भन्ने कुरा सम्झौतामा कतै लेखिएको छैन । के एमसीसी आइपीएस को मातहत छ त ? यो विषय एमसीसीसँगको सम्झौतामा लेखिएको छैन । तर यो अमेरिकाको भूमण्डलीय राजनीतिमा अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिको प्रमुख अङ्ग बनेको छ । सन् २००१ पछि अमेरिकी सहायता तथा लगानीमा अमेरिकी सुरक्षालाई प्रधानता दिएर अमेरिकी रक्षा मन्त्रालयको मातहत गर्ने गरिएको तथ्य हो। आइपीएस को मातहत एमसीसी भन्ने सम्बन्धमा सन् २०१९ मे १ को Indo Pacific Strategy मा नै उल्लेख छ भने अमेरिकी अधिकारीहरूले नेपालमै आएर भनेका पनि छन् । त्यसैले एमसीसी आइपीएसको मातहत होइन भनेर कसरी भन्न सकिन्छ?

एमसीसीको जवाफः होइन, एमसीसी नेपाल कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता होइन । एमसीसी कम्प्याक्टहरू एमसीसी र साझेदार सरकारबीचका सम्झौता हुन् । अमेरिका र नेपाल बीचको बलियो सम्बन्ध हिन्द-प्रशान्त रणनीतिभन्दा धेरै अघिदेखिको हो ।

८. के नेपाल आइपीएसको सदस्य वा त्यसमा सदस्य भएको छ वा सदस्य हुन मिल्छ ? नेपालको संविधान, कानून तथा नेपालको परराष्ट्र नीतिले आइपीएसको जे उद्देश्य रहेको छ, त्यसअनुसार त्यसमा सहभागी हुन मिल्दैन । हाम्रो अन्तर्राष्ट्रिय समन्वय पञ्चशील सिद्धान्तका आधारमा असंलग्न परराष्ट्र नीति भएकाले कुनै पनि गुट, गठबन्धन (सैनिक वा गैरसैनिक) मा सामेल हुन मिल्दैन। आइपीएसको मुख्य उद्देश्य नै "आतंकवाद विरूद्ध" को सैनिक एवं गैरसैनिक गठबन्धन हो। आइपीएसमा सामेल राष्ट्रहरूमा संयुक्त सैनिक गतिविधि हतियारको मजबुतीकरण गर्ने नीति रहेको छ। सन् २०१८ डिसेम्बरमा नेपाल आइपीएसमा सामेल भएको कुरा Indo Pacific Strategy Report June 2001 को पृष्ठ ३८ मा उल्लेख छ। त्यसैगरि संयुक्त सैनिक अभ्यासबारे पटकपटक अमेरिकी सैनिक अधिकारी र नेपाली सेनाका अधिकारीहरूसँग छलफल भएको व्यहोरा उक्त रिपोर्टको पृष्ठ ३६ मा उल्लेख छ। त्यसैले यो के हो ?एमसीसीको जवाफः एमसीसी नेपाल कम्प्याक्ट हिन्द प्रशान्त रणनीति मातहतको सम्झौता होइन । एमसीसी कम्प्याक्टहरू एमसीसी र साझेदार सरकारबिचका सम्झौता हुन् । हिन्द-प्रशान्त रणनीतिको सम्बन्धमा नेपालको कुनै पनि निर्णय एमसीसी नेपाल कम्प्याक्टबाट अलग र स्वतन्त्र रहन्छ ।

९. एमसीसी सन् २००४ मा बनेको तर आइपीएस सन् २०१७ मा बनेको कसरी मातहत हुन सम्भव छ ? पहिलो कुरा त सन् २००१ पछि अमेरिकाले सहायता रणनीतिलाई पुरानो अनुसार नभई अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिअन्तर्गत रहेर मात्र सञ्चालन गर्ने नीति लियो भने सन् २०१७ पछि हिन्द प्रशान्त क्षेत्र सैनिक तथा गैरसैनिक गठबन्धन मजबुत गर्ने र एमसीसीलगायतका सहायता परिचालन आइपीएस मातहत गर्ने कुरा सन् २०१७ को National Security Strategy Report June 2019, National Security Strategy December 2017, Indo Pacific Report November 2019 मा उल्लेख छ। यसले यो सम्झौता आइपीएस अन्तर्गत नै छ भन्न सकिँदैन र? यस सम्बन्धमा अमेरिका, जापान, भारत र अष्ट्रेलिया मिलेर बनेको क्वाड (QUAD – Quadrilateral Security Dialogue) "चतुर्भुज सुरक्षा सम्वाद" को बैठकका निर्णय सार्वजनिक भएका छन्?

एमसीसीको जवाफः एमसीसीको स्थापना सन् २००४ मा कानुनी शासन, जनतामाथि लगानी, र आर्थिक स्वतन्त्रताजस्ता लोकतान्त्रिक मूल्यप्रति कटिबद्ध देशहरूको आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरणमा केन्द्रित रहने गरि भएको हो । एमसीसी नेपाल कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता होइन, न त यो अमेरिकाको कुनै सैन्य रणनीतिको हिस्सा नै हो ।

१०. एमसीसी कम्प्याक्टपछि गरिएका सम्झौताहरू किन सर्वजनिक नभएका हुन् ? मूल सम्झौतामा अन्य सम्झौता गर्नसक्ने छुट दिइएको छ, जसलाई जनप्रतिनिधि संस्थामा ल्याउनै नपर्ने गरी सीधै कार्यान्वयनमा जाने अख्तियारी प्रदान गरिएको छ। मूल सम्झौतामै विवादित प्रावधानहरू राखिंदा ती उपसम्झौता वा पत्राचारहरू निर्विवादित हुन्छन् भनेर कसरी विश्वास गर्न सकिन्छ ? उदाहरणका लागि २९ सेप्टेम्बर २०१९ मा अर्थमन्त्री युवराज खतिवडा र एमसीसीका भाइस प्रेसिडेन्ट एथोनी बेल्चले Implementation Agreement गरेका छन्। त्यो सार्वजनिक छैन । त्यसमा मूल सम्झौतामा नभएको MCA (Millennium Challenge Account) गठनका लागि नेपाल सरकारले गठन आदेश अनुरूप गठन गर्ने, तर त्यसलाई सरकारले हस्तक्षेप गर्न नसक्ने स्वाशासित संरचनाको रूपमा खडा गरिएको छ। एमसीसीको अनुमति बिना थपघट, निर्देशन, खटनपटन गर्न नपाइने र साथै एमसीएले आफ्नो प्रतिवेदन एमसीसीलाई दिने व्यवस्था गरिएको छ। त्यस्ता सम्झौताहरू सार्वजनिक नगरिनुको कारण एमसीसीका स्वार्थ प्रेरित अनुचित प्रावधान छन् भनेर शङ्का गर्न मिल्दैन र?

एमसीसीको जवाफः कम्प्याक्टका कार्यक्रम निर्देशित गर्ने प्राथमिक दस्ताबेज कम्प्याक्ट सम्झौता हो र एमसीसी तथा नेपाल सरकार बीच हुने कुनै सहायक सम्झौता कम्प्याक्टसँग बाझिन सक्दैन । उत्तरदायी निकायको रूपमा एमसीए-नेपाललाई स्थापना गरिने प्रावधान वास्तवमा कम्प्याक्टमा नै गरिएको छ र नेपाल सरकारले सन् २०१८ मा एमसीए-नेपालको स्थापना गरेको थियो। (एमसीसी साझेदार देशहरूले अनुदान कार्यक्रमको निगरानी, व्यवस्थापन र कार्यान्वयन गर्न कार्यान्वयन निकायको स्थापना गर्छन् - जुन कुरा लाभग्राहि देशको कार्यक्रम स्वामित्वप्रति एमसीसीको प्रतिबद्धता हो।) एमसीए-नेपालको संचालन नेपाली सरकारी अधिकारीहरू तथा नेपालको निजी क्षेत्र, नागरिक समाज र सामुदायिक नेतृत्वका सदस्यहरू सम्मिलित संचालक समितिबाट हुन्छ । सन् २०१९ सेप्टेम्बर २९ मा हस्ताक्षर गरिएको कार्यक्रम कार्यान्वयन सम्झौता हस्ताक्षर भएको मितिदेखि नै एमसीए-नेपालको वेबसाइट (www.mcanp.org) लगायतमा सार्वजनिक रूपमा उपलब्ध छ ।

११ सम्झौतामा भएका दफावार विवादित विषयहरू के के छन् र तिनलाई कसरी प्रष्ट पार्नुपर्छ?

(क) सम्झौताको दफा २.८ अनुसार विदेशीस्तरको पारिश्रमिक सुविधा प्राप्त गर्ने आयोजनामा काम गर्ने कसैलाई पनि कुनै पनि प्रकारको करबाट मुक्त गर्नु कति न्यायोचित मान्न सकिन्छ ? यस्तै प्रकारको सुविधा अन्य मुलुकमा नेपालीले पाउन सक्छन् ? यस्तो व्यवस्थाले राज्यको कानून व्यवस्थालाई कमजोर बनाउँदैन र?

एमसीसीको जवाफः अनुदानको ५० करोड अमेरीकी डलर रकम नेपाली जनताको हितमा परियोजनाहरूको कार्यान्वयन गर्नका लागि उपलब्ध गराउन कम्प्याक्टको करछुट सम्बन्धी प्रावधानले सुनिश्चित गर्दछ। सो प्रावधान नेपाल सरकारले गरेको अन्य सम्झौतामा रहेको कर सम्बन्धी व्यवस्था अनुरूप नै छ र यो प्रावधान नेपालको करसम्बन्धी कानुन बमोजिम छ भन्ने हाम्रो बुझाइ रहेको छ ।

(ख) सम्झौताको ३.१ (च) मा सम्झौता अनुसार आयोजना नेपालमा सञ्चालन हुने, २६ प्रतिशत लगानी नेपालको पनि हुने तर त्यसबाट प्राप्त हुने बौद्धिक ज्ञान (Intellectual Property) सम्पूर्ण रूपमा एमसीसीको हुने कुराले नेपालको सम्प्रभुतामा आँच पुयाउँदैन र? यस्तो सुविधाबाट नेपालले आफ्नो देशको भौगोलिक वातावरण भूगर्वीय ज्ञान तथा अनुसन्धानबाट निकाल्ने निष्कर्ष र प्याटेन्ट राइट समेत गुमाउन पुग्छ, यस्तो हुनु हितकर र न्यायोचित हुन्छ र?

एमसीसीको जवाफः कम्प्याक्ट कार्यक्रमका सम्बन्धमा सिर्जित भएको सम्पूर्ण बौद्धिक सम्पत्तिमा नेपाल सरकारको स्वामित्व रहन्छ। यस्तो बौद्धिक सम्पत्तिमा एमसीसीको कुनै पनि स्वामित्वको हक हुँदैन।

(ग) सम्झौताको दफा ३.७ मा आयोजनाको सम्पूर्ण अभिलेखको सक्कल एमसीसीलाई बुझाउनु पर्ने प्रावधान देशको आन्तरिक सुरक्षा व्यवस्था तथा गोपनीयता प्रतिकूल हुँदैन? प्रतिकूल हुने मात्र होइन, देशभित्रकै प्राविधिक विज्ञहरू पनि अपमानित हुने अवस्था आउँदैन र?

एमसीसीको जवाफः दफा ३.७ को उद्देश्य नेपाल सरकारले परियोजना सम्बन्धी सम्पूर्ण अभिलेख तथा दस्तावेज अद्यावाधिक राख्नका लागि यथासम्भव प्रयास र सहमति भएबमोजिमका मापदण्डहरू प्रयोग गर्नेछ भन्ने कुरा सुनिश्चित गर्नका साथै अनुदानको दुरूपयोग नहोस् भन्ने सुनिश्चितता गर्नु पनि हो। लेखापरिक्षणको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कम्प्याक्टले एमसीसीलाई परिक्षणका निम्ति त्यस्ता दस्तावेज प्राप्त गर्ने हक दिएको छ ।

(घ) सम्झौताको दफा ३.८ मा आयोजनाको लेखापरीक्षण अमेरिकी वा अमेरिकाबाट मान्यता प्राप्त लेखापरीक्षण संस्थाले गरेको कार्यलाई मात्र मान्यता दिदा नेपालको महालेखा परीक्षकको अस्तित्व र वैधतामाथि प्रश्न उठाउनु अमान्य गर्नु कति उचित हुन्छ? यसले राज्यको अस्तित्व र राज्यको संरचनालाई नै अमान्य गरेको ठहर्दैन र? यही प्रक्रिया हुवहु लागु गरेमा लेखापरिक्षण गर्न पाउने अधिकारवाट राज्य नै वञ्चित हुँदैन र ?

एमसीसीको जवाफः दफा ३.८ को अर्थ त्यो होइन । दफा ३.८ ले किटानीका साथ नेपालको महालेखापरीक्षकको कार्यालयले एमसीए-नेपालको लेखा परीक्षण गर्न सक्दछ भनेको छ र वास्तवमा त्यसरि नै लेखापरिक्षण भइरहेको पनि छ।

(ङ) सम्झौताको दफ ५.१ (क) मा एमसीसीले नेपाल सरकारलाई ३० दिन दिनको पूर्व सूचना दिई वित्तीय व्यवस्था अन्त्य गर्न सक्ने व्यवस्था गरिएको छ। यसले आयोजनाको काममा बीचमै छोड्दा समग्रतामा नराम्रो असर पर्दछ। कुनैबेला कारणै नदेखाई वा एमसीसीलाई मन नलागेको बेला योजना अधुरो अवस्थामा छोड्नाले नेपाल पक्षबाट राखिने पूरक पूँजी खर्च भैसक्दा अर्थ व्यवस्थामा चाप पर्ने र कार्यक्रम अलपत्र पर्ने सम्भावना हुँदैन र?

एमसीसीको जवाफः सार्वभौम राष्ट्रका हैसियतले नेपाल सरकार र अमेरिकी सरकारका तर्फबाट एमसीसी दुवैसँग एकपक्षिय रूपमा ३० दिनको सूचना दिएर कम्प्याक्टको अन्त्य गर्नसक्ने अधिकार छ। यद्यपि, दुवै पक्षहरूको आशय कम्प्याक्टको अवधिभित्र परियोजना कार्यान्वयन सम्पन्न गरी नेपाली जनतालाई बढि फाईदा उपलब्ध गराउनु नै हो। सामान्यतया कम्प्याक्टको निलम्बन वा अन्त्य, कू (coup म’éतबत), बाह्यआक्रमण, वा जनता विरूद्ध उल्लेख्य राजनीतिक हिंसाजस्ता ठूला राजनीतिक उथलपुथलका घटनाका कारणले मात्र भएको छ ।

(च) दफा ५.१(ख) अनुसार कुनै परिस्थिति सिर्जनाको बहानामा एमसीसीले समग्र आयोजना नै अलपत्र पारिदिन सक्दैन र?

एमसीसीको जवाफः सार्वभौम राष्ट्रका हैसियतले नेपाल सरकार र अमेरिकी सरकारका तर्फबाट एमसीसी दुवैसँग एकपक्षिय रूपमा ३० दिनको सूचना दिएर कम्प्याक्टको अन्त्य गर्नसक्ने अधिकार छ। एमसीसीको आशय नेपाल सरकारसँगको सहकार्यमा कम्प्याक्टको अवधिभित्र परियोजना कार्यान्वयन सम्पन्न गरी नेपाली जनतालाई बढि फाईदा उपलब्ध गराउनु हो। सामान्यतया कम्प्याक्टको निलम्बन वा अन्त्य, कू (अयगउ म’éतबत), बाह्यआक्रमण, वा जनताविरूद्ध उल्लेख्य राजनीतिक हिंसाजस्ता ठूला राजनीतिक उथलपुथलका घटनाका कारणले मात्र भएको छ ।

(छ) हरेक मुलुकले संविधान र कानूनको मातहतमा रहेर सन्धि सम्झौता गरेको हुन्छ। आफ्नै संविधान, कानून तथा नीति भन्दा बाहिर गएर सम्झौता गर्न मिल्दैन । सम्झौता गरिने मुलुकको भविष्यमा बन्ने नीति र कानून समेतबाट बन्धक बन्ने गरी सम्झौता गर्दा अन्य कुनै मुलुकसँग सम्झौता गरेर सहयोग एवं लगानीका निम्ति त्यस्तो सम्झौता तगारो बन्दछ। यस्तो अवस्थामा दफा ५.१ (ख) ३ मा अमेरिकाको वर्तमानमा भएको कानून र भविष्यमा बन्ने नीतिको उल्लङ्घन भएमा सम्झौता अन्त्य गर्ने भन्ने प्रावधानले नेपालको आफ्नो अस्तित्व, सार्वभौम अधिकार नै अमेरिकी नियन्त्रणमा परेको देखिनाले सम्प्रभुता माथि आँच आएको देखिदैन?

एमसीसीको जवाफः अमेरिकाका कानुन वा नीतिको उल्लङ्घन गर्ने कुनै पनि कार्यका लागि एमसीसीको अनुदान प्रयोग गर्न पाइँदैन भन्ने कुरामा दफा ५.१(ख)(३) ले जोड दिएको छ । उक्त दफाको उद्देश्य एमसीसी अनुदानको उपयोगको सन्दर्भमा सिमित गर्नु मात्रै हो तर एमसीसी बाहेकका अन्य सहायताको हकमा नेपाल सरकारको सार्वभौमिकतामाथि कुनै बाध्यता वा सीमितता सो दफाले सिर्जना गर्दैन । एमसीसी नेपाल कम्प्याक्टले अन्य कुनै मुलुकसँग सहायता वा लगानी सम्बन्धी सम्झौता गर्ने नेपालको सार्वभौम हकलाई असर वा सीमित गर्दैन । यस बाहेक, सार्वभौम राष्ट्रका हैसियतले नेपाल सरकार र अमेरिकी सरकारका तर्फबाट एमसीसी दुवैसँग एकपक्षिय रूपमा ३० दिनको सूचना दिएर सम्झौता अन्त्य गर्नसक्ने अधिकार छ ।

(ज) दफा ५.३ (क) अनुसार आफैमा शर्तहरू अनुचित एवं राष्ट्रिय सार्वभौमिकता विपरीत रहेका छन्। सम्झौताको शर्त विपरीत कार्य भएमा "खर्च भएको रकम व्याजसहित डलरमा फिर्ता गर्नुपर्ने" भन्ने प्रावधान राखिएको छ, तर शर्त विपरीत भए नभएको ठहर कसरी र कसले गर्ने भन्नेमा कसरी स्पष्ट हुन सकिन्छ?

एमसीसीको जवाफः कम्प्याक्ट आपसी वार्ता पश्चात् सहमति गरि हस्ताक्षर गरिएको दस्ताबेज हो । अनुदानको कुनै पनि सम्भावित दुरूपयोग वा कुनै उल्लङ्घनको निर्धारण कम्प्याक्टका सर्तहरू तथा लेखापरीक्षक जस्ता स्वतन्त्र तेस्रो पक्षको परिक्षणबाट प्राप्त हुने तथ्यमा आधारित हुनेछ ।

(झ) एमसीसीको मूल सम्झौतामा कुनै ट्रिब्यूनलको व्यवस्था छैन । सम्झौता अनुकूल भए नभएको निर्णय एमसीसी आफैले गर्दछ। हामीले हाम्रो राष्ट्रिय हितलाई हेरेर अमेरिकाको सम्बन्ध राम्रो नभएको अर्को कुनै मुलुकसँग कुनै सम्झौता गर्दा त्यसलाई एमसीसीसँग गरिएको सम्झौता विपरीतको सम्झौता भन्न सकिन्छ कि सकिदैन? उदाहरणका लागि अमेरिकाले चीनलाई Revisionist Power, रूसलाई Revitalized Malign Actor (पुनरूत्थानवादी दुष्ट), उत्तर कोरियालाई च्यनगभ क्तबतभ (बदमाश राज्य) भन्ने गरेको छ। उनीहरूसँगको सम्बन्ध र लगानीका सम्बन्धलाई सम्झौता विपरीतको स्प्रीटको रहेको भन्ने आरोप लाग्ने गरी यसै सम्झौताको दफा ६.३ (ख) मा समेत उल्लेख छ । यसलाई कसरी व्याख्या गर्न सकिन्छ?

एमसीसीको जवाफः दफा ६.३(ख) ले कम्प्याक्ट र कार्यक्रमका सम्बन्धमा पक्षहरूबीच भएका अन्य कुनै सम्झौता बाझिएमा कम्प्याक्ट लागु हुने व्यवस्था गरेको छ । यसको तात्पर्य एमसीसी र नेपाल सरकारबीच कम्प्याक्ट कार्यान्वयनका सम्बन्धमा भएका सम्झौताहरूका हकमा मात्र सो प्रावधान लागु हुन्छ भन्ने हो। यसले नेपाल सरकार र अन्य मुलुक वा निकायबीचका सम्झौतालाई कुनै असर गर्दैन । अन्य दातृनिकाय तथा मुलुकहरूसँग नेपालको सम्बन्ध र सम्झौताहरू छन् भन्ने कुरा एमसीसीलाई अवगत छ। ती सबै सम्बन्ध तथा सम्झौता एमसीसी नेपाल कम्प्याक्टबाट अलग र स्वतन्त्र छन् ।

(ञ) सम्झौताको दफा ५.५ अनुसार परियोजना जीवित रहेसम्म एमसीसी रहिरहन्छ। सम्झौताको दफा २.७, २.८, ३.२ (च), ३.७, ३.८, ५.२, ५.४ तथा ६.४ अनुसार ५ वर्षपछि पनि एमसीसी कायम रहने व्यवस्था छ । त्यसैले एमसीसी फर्कने खास अवधि कहिले हो ?

एमसीसीको जवाफः कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयनको अवधि पाँच वर्षको हुन्छ र त्यसको शुरूवात कम्प्याक्ट कार्यान्वयनमा प्रवेश गरेको मितिदेखि हुन्छ । पाँच वर्षको कम्प्याक्ट कार्यान्वयन अवधिपछि नेपालमा एमसीसीको उपस्थिति समाप्त हुन्छ । अनुदानको प्रभावकारिता, लेखापरिक्षण, र उद्देश्य प्राप्तिको मूल्याङ्कन जस्ता क्षेत्रसँग सम्बन्धित केहि व्यवस्थाहरू पाँच वर्षको कम्प्याक्टको अवधिपछि पनि कायम रहन्छन् । उदाहरणका लागि परियोजनाहरूको सफलताको मूल्याङ्कन र कम्प्याक्टको अनुदान सम्बन्धी प्रतिवेदन तयार गर्नका लागि पाँच वर्षको कार्यान्वयन अवधिपछि एमसीसीले नेपाल सरकारसँग सहकार्य गर्नेछ। यद्यपि, पाँच वर्षको कार्यान्वयन अवधिपछि भौतिक रूपमा नेपालमा एमसीसीको कार्यालय रहने छैन ।

(ट) सम्झौता संशोधन तथा परिमार्जन हुन सक्ने नसक्ने तथा त्यस्तो अवस्थामा संसदमा अनुमोदन आवश्यक पर्ने नपर्ने के हो ? सम्झौतामा मूल सम्झौताका शर्तहरू परिमार्जन हुने व्यवस्था कतै छैन ।मूल सम्झौता संशोधन गर्न नसकिने भन्ने भनाई अमेरिकी अधिकारीहरूका भनाई सार्वजनिक भैसकेका छन्। दफा ६.२(ग) मा कार्यक्रम संशोधन तथा परिमार्जन हुनसक्ने तर अनुमोदनका लागि संसदमा ल्याउनु नपर्ने भन्ने छ, परिमार्जन एमसीसी आफैले गर्छ, यसले मूल सम्झौताको प्रावधान संसदको जानकारीबिना नै संशोधन हुँदैनन् र?

एमसीसीको जवाफः एमसीसी र नेपाल सरकारबीच बृहत् छलफल पछि सेप्टेम्बर २०१७ (२०७४ भदौ) मा एमसीसी नेपाल कम्प्याक्टमा हस्ताक्षर भएको हो । एमसीसी नेपाल कम्प्याक्टलाई अहिले आएर संशोधन गर्न सकिँदैन। प्रश्न ६ को सन्दर्भमा एमसीसीले दिएको जवाफमा संशोधन तथा परिमार्जनसम्बन्धी थप जानकारी दिइएको छ ।

(ठ) सम्झौताको दफा ६.३ (ख) अनुसार "अन्य कुनै सम्झौता बाझिएमा वा परस्पर असंगत भएमा प्रस्तुत सम्झौता लागू हुनेछ" भन्ने व्यहोराले यसअघि कसैसँग गरिएका सम्झौताहरू तथा भविष्यमा गरिने सम्झौतालाई समेत निषेध गर्न खोजेको देखिनेछ। खासगरी चीनसँग बीआरआई अनुसार गरिएका सम्झौता र सहमति कार्यान्वयन हुन नदिनेतर्फ यो दबाब हो कि भन्ने देखिन्छ। एमसीसीसँग गरिएको सम्झौताले अन्य मुलुकसँग गरिने सम्झौता के असर गर्छ प्रष्ट पार्नुपर्ने देखिन्छ।

एमसीसीको जवाफः एमसीसी नेपाल कम्प्याक्टले नेपाल सरकार र अन्य दातृनिकाय वा मुलुक बीचका सम्झौतालाई कुनै असर गर्दैन । निर्दिष्ट रूपमा, कम्प्याक्टले एमसीसी र नेपाल सरकार बीचको सम्बन्ध निर्धारण गर्नेछ। एमसीसी तथा नेपाल सरकार बीचको अन्य कुनै सम्झौता कम्प्याक्टसँग बाझिएमा कम्प्याक्ट सम्झौता माथी हुनेछ भन्ने कुरा दफा ६.३(ख) ले स्पष्ट पारेको हो।

(ड) सम्झौताको दफा ६.४ अनुसार एमसीसीसँगको यो सम्झौतालाई अन्तर्राष्ट्रिय कानून भनिएको छ।नेपालको प्रशासन व्यवस्था र अनुगमन प्रणालीको कमजोरीलाई लिएर नेपालको कानून, शासन व्यवस्था र सार्वभौमिकतालाई नै असर गर्ने गरी यो सम्झौतालाई अन्तर्राष्ट्रिय कानून भन्नुको पछाडिका कारण के हुन् ? एमसीसीले दिने नेपालले लिने अनुदान सामान्य प्रक्रियाको पत्राचारबाट नै हुने विषय हो । पत्राचार सन्धि सम्झौता हुन सक्दैन । सम्झौता नै हो भनी उल्लेख गर्नुमा एमसीसीको कुनै अन्यथा मनशाय छ कि?

एमसीसीको जवाफः प्रश्न ४ र प्रश्न ५ को जवाफमा स्पष्ट पारिए बमोजिम एमसीसीका साझेदार मुलुकहरूसँग भएका सबै कम्प्याक्टहरू अन्तर्राष्ट्रिय सम्झौता हुन् । नेपालको संविधान एमसीसी नेपाल कम्प्याक्टभन्दा माथि छ । कम्प्याक्टलाई अन्तर्राष्ट्रिय सम्झौताको स्तरमा राखिनुको प्रभाव भनेको स्थानीय कानुनको कुनै निश्चित प्रावधानसँग बाझिने विरलै अवस्थामा बाहेक, कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयन नेपालको कानुन अनुसार अगाडि बढ्ने भन्ने हुन्छ । त्यस्तो विरलै अवस्थामा कम्प्याक्ट परियोजनाहरू कम्प्याक्टमा भएका आपसी सहमतिका सर्तहरू र नेपालको संविधान बमोजिम कार्यान्वयन हुन्छन् । उल्लेखनीय छ, नेपाल सरकारले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत एमसीसी नेपाल कम्प्याक्टका दफा ७.१ लगायत सबै प्रावधानहरूको समीक्षा गरी कम्प्याक्टका प्रावधानहरू नेपालको कानुनसँग बाझिएका छैनन् भन्ने निष्कर्ष निकालेको छ ।

(ढ) नेपालको सरहदभित्र जुनसकै देशको पनि नागरिकले नेपालको प्रचलित कानून, नियम पालना गर्नुपर्ने अनिवार्य हुन्छ। सुपुर्दगी सन्धिभित्र पनि अर्को मुलुकमा अपराध गरेर आएको छ भने त्यस्तो अभियुक्तलाई यदि ती देशका बीच सन्धि भएको छ भने सम्बन्धित देशलाई जिम्मा लगाउने हुन्छ। अन्यथा अन्तर्राष्ट्रिय कानूनमा अनुबन्धित भएका मुलुकले आफै कारवाही प्रक्रिया चलाउन सक्ने हुन्छ। एमसीसी अन्तर्गत काम गर्ने व्यक्तिलाई जुनसुकै अपराध गरे पनि कानून नलाग्ने छुट दिनुपर्ने गरी सम्झौताको दफा ६.८ मा गरिएको व्यवस्थाले परियोजनामा काम गर्ने विदेशीलाई नेपालको कुनै कानून नलाग्ने व्यवस्था गरेको हो?

एमसीसीको जवाफः अमेरिकी सरकारले वाशिङ्टन, डी.सी. स्थित नेपाली राजदूतावासमा कार्यरत राजदूत लगायतका कूटनीतिज्ञहरूलाई अमेरिकामा निश्चित सुरक्षाको प्रत्याभूति गरेको छ । एवम् रूपले काठमाडौँमा कार्यरत एमसीसीका कर्मचारीहरूका लागि पनि नेपाल सरकारले त्यसै बमोजिमको सुरक्षा प्रदान गर्ने व्यवस्था दफा ६.८ ले गरेको छ । यस्तो उन्मुक्ति यस्तो उन्मुक्ति कूटनीतिक सम्बन्धहरूको स्थापित मान्यता हो । उल्लेख्य छ, दफा ६.८ अनुसार एमसीसीका कर्मचारीले नेपालका अदालत र न्यायाधीकरणबाट उन्मुक्ति पाउने प्रावधान कम्प्याक्ट अन्तर्गत कुनै पनि क्रियाकलाप वा अकर्मण्यता (omission) बाट उत्पन्न हुने दावी वा हानिको अवस्थामा मात्र लागु हुन्छ ।

(ण) सम्झौताको दफा ७.१ अनुसार सम्झौतासँग नेपालको कानून बाझिएको हदसम्म नेपालका कानूनहरू अमान्य हुने व्यवस्थाले हाम्रो सार्वभौमिकतामा के असर पर्छ ? हाम्रो कानून चार प्रकारका छन् - (१) मूल कानूनको रूपमा संविधान, (२) सार्वभौम जनताको प्रतिनिधि संस्था संसदले बनाउने ऐनहरू, (३) संसदले बनाएको सरकारले निर्माण गर्ने नियम र (४) सर्वोच्च अदालतको फैसला । यी सबैको पालना देशको सरहदभित्र रहने सबै जीवित प्राणीले गर्नुपर्छ । एउटा पत्राचार मात्रको हैसियत राख्ने एमसीसीसँगको एउटा सामान्य कर्मचारीले गरेको लिखत आधारले नेपालको संविधान, कानून निलम्बनसम्म गर्न सक्छ ? यसबारेमा प्रष्ट हुनु अति जरूरी छ।

एमसीसीको जवाफः नेपालको संविधान एमसीसी नेपाल कम्प्याक्टभन्दा सधैं माथि हुन्छ । यसका अतिरिक्त नेपाल सरकारले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत एमसीसी नेपाल कम्प्याक्टका दफा ७.१ लगायत सबै प्रावधानहरूको समीक्षा गरी कम्प्याक्टका प्रावधानहरू नेपालको कानुनसँग बाझिएका छैनन् भन्ने निष्कर्ष निकालेको छ ।

(त) दफा ७.४ अनुसार कार्यान्वयन शुरू भएको दिनदेखि ५ वर्षसम्म एमसीसी रहने भन्ने के हो? यसपछि के हुन्छ?

एमसीसीको जवाफः कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयनको अवधि पाँच वर्षको हुन्छ र त्यसको शुरूवात कार्यक्रम कार्यान्वयनमा प्रवेश गरेको मितिदेखि हुन्छ । यस अवधिपछि देशमा एमसीसीको उपस्थिति समाप्त हुन्छ । कम्प्याक्ट अवधिको अन्त्यपछिका १२० दिनको अवधिलाई कार्यक्रमको प्रशासनिक समापन पुरा गर्नका निम्ति सदुपयोग गरिनेछ । प्रश्न ११(अ) को सन्दर्भमा दिईएको जवाफमा यस विषयसम्बन्धी थप जानकारी दिइएको छ ।

(थ) परियोजनाका लागि आवश्यक जग्गा नेपाल सरकारको :बतअजप्लन ँगलम बाट हुने, तर जग्गाको स्वामित्व भने एमसीसी परियोजनाको हुने अनि परियोजनामा एमसीसी कानून लागू हुने व्यवस्था छ। खासमा जग्गाको स्वामित्व कसको र कहिलेसम्म रहन्छ?

एमसीसीको जवाफः निसन्देह, परियोजनाका लागि आवश्यक जग्गा सधैं नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहन्छ । नेपाल सरकार वा एमसीसी जुन वित्तिय स्रोतबाट प्राप्त भएपनि जग्गामाथि नेपाल सरकारकै स्वामित्व र सार्वभौम अधिकार कायम रहन्छ । एमसीसीको अनुदानबाट प्राप्त गरिएका जग्गा, उपकरण तथा सम्पत्तिमा एमसीसी वा अमेरिकी सरकारको कुनै अन्य निकायको स्वामित्व रहँदैन ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# चीनको ऋण लिने तर अमेरिकाको अनुदान किन नलिने ?



चन्दा चौधरी

अमेरिकी सहयोग परियोजना (एमसीसी)लाई राष्ट्रहित विपरीत भनेर प्रचारबाजी गराइएको छ । तर, हाम्रो फरक मत छ । हामी एमसीसीको पक्षमा उभिएका छौं । यसका धेरै कारणहरू छ । अहिले एमसीसी राष्ट्रघाती भन्नेहरूले नै सम्झौता गरेका छन् । यदि एमसीसी राष्ट्रघाती थियो भने त्यतिबेला नै सम्झौता गर्नुपर्ने थिएन । सन् २०१२ देखि नै एमसीसी नेपालले पनि लिने भनेर प्रक्रिया सुरू भएको हो, अहिले सन् २०२२ चलिरहेको छ । सम्झौता गरिसकेपछि अहिले कार्यान्वयन गर्नुपर्ने बेलामा कसरी राष्ट्रघाती भयो ?
नेपाललाई यदि एमसीसी चाहिएको थिएन भने त्यति बेलै सम्झौता गर्नुपर्ने थिएन । यो दुई देशबीचको कुरा हो, केटाकेटीको खेल होइन । जब कुनै देशले अनुदान दिइरहेको छ भने किन नलिने ? यो विशुद्ध रूपमा अनुदान हो, ऋण होइन । अनुदानलाई फिर्ता गरियो भने नेपाललाई कुनै पनि देशले विश्वास गर्दैन । हामी चीनसँग ऋण लिएर विकास निर्माणको काम गर्न सक्छौं भने अनुदान किन नलिने ? चीनको ऋण लिने तर अमेरिकाले ६० अर्ब रूपैयाँ अनुदान दिँदा आपत्ति गर्नुपर्ने कुनै कारण छैन ।
अमेरिकाको त्यो अनुदानबाट यहाँ विभिन्न किसिमका विकास निर्माणका कार्यहरू हुन्छन् । एमसीसीले नेपालमा गरिबी निवारण, भौतिक पूर्वाधार निर्माण, विद्युत उत्पादन, रोजगारी सिर्जनालगायतका विषयहरू रहेका छन् । एमसीसीबाट लाखौं नेपालीले रोजगार पाउँछन्, नेपालको अर्थतन्त्र उकासिन्छ । त्यसैले यसलाई विवादित नबनाई हामीले सहर्ष स्वीकार गर्नुपर्छ । हाम्रो संसदीय दलको बैठकले पनि एमसीसी नेपालको आवश्यक छ भनेर र पक्षमा मतदान गर्नुपर्ने भन्ने धारणा सार्वजनिक गरिसक्यो । यदि हामी एमसीसीलाई अस्वीकार गऱ्यौं भने अन्तर्राष्ट्रियस्तरमा नेपालप्रति अविश्वासको वातावरण बन्छ । हामीले विगतमा जापान, भारत लगायतथुप्रै मुलुकबाट सहयोग लिएका छौं । हामी चीनबाट ऋण लिनका लागि मरिहत्ते गर्ने तर अनुदान किन नलिने ?देशका जनतामाथि ऋण थोपार्ने राष्ट्रघात हो । जब अनुदान आइरहेको छ भने चीनको ऋण लिनुपर्ने आवश्यकता नै छैन ।
कतिपयले अमेरिकी सेना आउने लगायतका भ्रमहरू फैलाइरहेका छन् । सेना आउने भए सेना-सेनाबीच कुरा हुन्छ । विश्वका ४६ वटा अल्पविकसित देशहरूलाई अमेरिकाले एमसीसीमार्फत् अनुदान दिएको छ, ती देशहरूमा अमेरिकी सेना गएको छैन । कतिपय देशहरूमा त दोहोऱ्याएर पनि एमसीसीमार्फत् अनुदान गइसकेको छ । हाम्रो देशमा त यो पहिलो चोटि हो जुन अहिलेसम्म कार्यान्वयन पनि भएको छैन । अमेरिकी सेना आउने, नेपाल कब्जा गर्ने लगायतका अफवाह मात्रै फैलाइएको छ ।
पूर्वप्रधानमसेनापति रूक्माङ्गत कटुवालले यसबारे विभिन्न मिडियाहरूमार्फत् यसबारे पनि प्रष्ट पारिसक्नुभएको छ । उहाँले प्रष्टरूपमा भनि सक्नुभएको छ कि एमसीसी आउँदा कुनै सेना आउँदैन । कतिपयले नेपालको कानूनभन्दामाथि हुन्छ भन्ने पनि भ्रम फैलाइरहेका छन् । तर एमसीसी भनेको अन्तर्राष्ट्रिय कानून तहत लागू हुनेछ । तर जुन चिनियाँ ऋणको कुरा छ, त्यसमा चीनको मात्रै कानून लागू हुन्छ । त्यसैले, एमसीसी नेपालले लिनु हुँदैन भनेर जसरी भ्रम फैलाइरहेका छन्, उनीहरूसँग आग्रह छ कि नेपाललाई विकास र समृद्धिको दिशामा भ्रम नफैलाइयोस् । नेपाली जनतालाई भ्रमित गर्ने काम बन्द हुनुपर्छ । अस्ति मात्रै प्रचण्ड र प्रधानमन्त्री शेरबहादुर देउवाले हस्ताक्षर गरेर चिठ्ठी पठाएको थियो । तसर्थ, दोहोरो चरित्र नदेखाउन मेरो आग्रह छ ।
यो एमसीसीमार्फत् अनुदान नेपालले लिने कि नलिने नेपालको विषय हो । यसमा चीनले हस्तक्षेप गर्न उपयुक्त छैन । चीनले नेपाललाई श्रीलंका जस्तो बनाउन खोज्दैछ । चीनले पहिला श्रीलंकालाई ऋण दियो, त्यो ऋण तिर्न नसकेर त्यहाँ आर्थिक संकट परेको छ । श्रीलंकाले एमसीसी अस्वीकार गरेपछि त्यहाँ आर्थिक संकट परेको देखिन्छ । चीनको दवाबकै कारणले श्रीलंकाले एमसीसी अस्वीकार गरेको हुनसक्छ । चीनले नेपाललाई पनि आफ्नो ऋणको भारी बोकाएर आफ्नो प्रभुत्व जमाउन खोजेको छ । नेपाल एउटा सार्वभौम राष्ट्र हो, कसको अनुदान लिने वा नदिने विषयमा दबाब दिन उपयुक्त छैन । हामीले चीनको ऋण लिन्छौं कि लिँदैनौं वा अन्यकुनै देशको अनुदान लिन्छौं भन्नेमा स्वतन्त्र छौं । यसमा अनावश्यक हस्तक्षेप गर्नु सामन्तवाद हो ।
चिनियाँ दबाबले यो देखिन्छ कि नेपाल सधैं गरिबीको रेखामुनी रहोस्, ऋणकै भारी बोकिरहोस् । एउटा छिमेकीले अर्को छिमेकीलाई धनी र सम्पन्न होस् भन्ने चाहन्छ तर चीनको व्यवहारले त्यो देखिँदैन । चीनले जसरी नेपालको आन्तरिक मामिलामा पटक-पटक हस्तक्षेप गरिरहेको छ, त्यो अस्वाभाविक हो । यसमा चिनियाँ स्वार्थ लुकेको देखिन्छ । ऋण बोकाएर हाम्रो आउने सन्ततिलाई झन् कंगाल बनाउने प्रवृत्ति चीनमा देखिएको छ । तर हामी त्यो कुरालाई स्वीकार गर्दैनौं । हाम्रो विकास र समृद्धिका लागि कुनै देशले अनुदान दिन्छ भने लिनुपर्छ भन्ने हाम्रो पार्टीको मान्यता हो । अमेरिका पनि लोकतान्त्रिक देश हो र नेपाल पनि लोकतान्त्रिक मुलुक हो ।
नेपालमा एमसीसी आयो भने आर्थिक समृद्धि हुन्छ भन्ने कुराबाट चीन तर्सिएको हुन सक्छ । हामीलाई अनुदान आउँछ भने कसैको ऋण किन लिने ?चीनले त ऋण दिन चाहन्छ ।
हामीलाई अन्य देशहरूले अनुदान दिन्छ भने चीनको ऋण किन लिने ?चीनले पनि अनुदान देओस्, कसैले रोकेको त छैन । हामीले चीनको अनुदान लिँदैनौं भनेका छैनौं । नेपाललाई गरिबी मै राख्न यहाँ विभिन्न षड्यन्त्रहरू भइरहेका छन् ।
चीनले नेपाली भूमि मिचेको छ, अघोषित नाकाबन्दी गरेको छ । यस्ता कुराहरू उठ्दा चीन रिसाउनुपर्ने कुरा नै होइन । यदि असल छिमेकी हो भने केही समस्या पर्दा त्यसमा सहयोग गर्नुपर्ने हो तर त्यसको सट्टा रिस पोखेर हुँदैन । चीनले अहिले पनि अघोषित रूपमा नाकाबन्दी गरेकै छ, त्यसले हामीलाई बिग्रेको छ । असल छिमेकी र शुभचिन्तक आफ्नो छिमेकीको प्रगति हेर्न चाहन्छ । चीन नेपालको असल छिमेकी हो वा होइन भन्ने कुरा हामीले भन्नु भन्दा व्यवहारले देखिरहेको छ । तपाइँ मेरो छिमेकी हुनुहुन्छ भने मेरो घरमा कसैले अनुदान दिन्छ भने तपाइँ त खुशी हुनुपर्ने हो । तर चीनको नीति अलि फरक छ । चीनले छिमेकीहरू सधैं गरिब नै भइरहोस्, ऋण लिइरहोस् चाहन्छ । यसलाई सामन्तवाद भनिन्छ । सामन्तवादहरूले अरूको प्रगति हेर्न चाहँदैन । उसले जहिले पनि आफ्नो प्रभुत्वज माउन खोज्छ । त्यो प्रवृत्ति हो भने हामीलाई त्यस्तो ऋण चाहिँदैन ।
एमसीसी नेपालको संसदमा टेबल भइसक्यो र पास हुनेमा हामी विश्वस्त छौं । किनभने यो एमसीसीसँग हाम्रो देशको विश्वसनीयता पनि जोडिएको छ । किनभने हामी आफैले मागेको अनुदान यदि यत्रो वर्षपछि अस्वीकार गर्छौं भने कुनै पनि देशले नेपालमाथि विश्वास गर्दैन । प्रधानमन्त्री भनेको एउटा संस्था हो । अन्य देशसँग जुन सुकै सम्झौता वा सहमति गर्दा त्यसमा समग्र देशको प्रतिनिधित्व गरेको हुन्छ । एउटा प्रधानमन्त्रीले सम्झौता गरिसकेपछि जोसुकै प्रधानमन्त्री भएपनि त्यसलाई लागू गराउनु पर्छ । अहिले विरोधमा देखिएका मुख्य पार्टीका सबै शीर्ष नेताहरू वा पूर्वप्रधानमन्त्रीहरूको पालामा यो एमसीसीको प्रक्रिया अगाडि बढेको थियो । तसर्थ, पारित गराउनु सबैको दायित्व पनि हो । आफू प्रधानमन्त्रीहुँदा राष्ट्रघात नदेख्ने, अरू कोही हुँदा राष्ट्रघात हो भन्ने दोहोरो चरित्र सबैले त्याग्नुपर्छ । हाम्रा प्रधानमन्त्री शेरबहादुर देउवा अहिले एमसीसी पारित गराउन लागि रहनुभएको छ । यसअघिको प्रधानमन्त्री केपीशर्मा ओलीजीले संसदमा दर्ता गराउनुभएको थियो । अहिले विरोधमा देखिनुभएका प्रचण्ड, माधव नेपाल, झलनाथ खनालहरू पनि प्रधानमन्त्री हुँदा एमसीसी अगाडि बढेको थियो । अहिले आएर राष्ट्रघाती भन्नु दोहोरो चरित्र देखाउनु हो । यसर्थ, हामी एमसीसीको पक्षमा उभिएका छौं र पारित हुनुपर्छ भन्ने मान्यता राखेका छौं ।

*(चौधरी, प्रतिनिधिसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालकी नेतृ हुन् ।)*






## मधेश प्रदेश : एक वर्षमा ७४ को हत्या

जनकपुरधाम । मधेस प्रदेशमा एक वर्षमा भएको मानवअधिकार उल्लंघन र ज्यादतीको घटनामा सात सय जनाभन्दा बढी व्यक्ति पीडित भएका छन् ।
अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक)ले जनकपुरधाममा मानवअवधिकार वर्ष पुस्तक २०२२ सार्वजनिक गरेको छ । जसअनुसार २०७७ पुस १७ गते देखि २०७८ पुस १६ गतेसम्म ७ सय ५८ जना पीडित भएका छन् ।
इन्सेकका अनुसार २०२१ मा मधेस प्रदेशको सिरहा जिल्लामा सबैभन्दा बढी मानवअधिकार उल्लंघनको घटनामा व्यक्ति पीडित बनेका छन् । सिरहामा अन्य पक्षबाट १३१ जना पीडित बनेका छन् भने राज्य पक्षबाट ५ जना पीडित बनेका छन् ।
त्यस्तै, धनुषामा १११ जना अन्य पक्षबाट पीडित बनेका छन् भने १८ जना राज्य पक्षबाट पीडित भएका छन् । सर्लाहीमा अन्य पक्षबाट ६६ जना र राज्य पक्षबाट ४० जना, सप्तरीमा अन्य पक्षबाट ८९ र राज्य पक्षबाट ७, रौतहटमा अन्य पक्षबाट ८५ र राज्य पक्षबाट ६ जना पीडित बनेका छन् । त्यस्तै, पर्सामा अन्य पक्षबाट ८० र राज्य पक्षबाट १ जना पीडित बनेका छन् भने महोत्तरीमा अन्य पक्षबाट ४५ र राज्य पक्षबाट एक जना पीडित बनेका छन् ।
इन्सेकको मानवअधिकार वर्ष पुस्तक २०२२ अनुसार २०२१ मा बलात्कारको २ सय ३४ वटा घटना भएका छन् । बलात्कारको घटनामा सबैभन्दा बढी बालबालिका पीडित बनेका छन् । एक वर्षमा बालअधिकारको घटनातर्फ १५६ जना बालिका बलात्कृत भएका छन् भने महिला अधिकारतर्फ ७८ जना बलात्कृत भएका छन् ।इन्सेकको तथ्यांकअनुसार मधेस प्रदेशमा एक वर्षमा ५ जनाको कारागारमा मृत्यु भएको छ । त्यस्तै, ७३ जनाको हत्या भएको छ ।
मधेस प्रदेशको विभिन्न स्थानमा ५ वटा कारागार रहेकामा कारागारको क्षमताभन्दा दोब्बर कैदी छन् । विभिन्न पाँच जिल्लाको कारागारको कुल क्षमता १५६० रहेकोमा ३ हजार २३८ जना कैदी छन् । त्यस्तै, ११ जना आश्रित बालबालिका रहेको इन्सेकको तथ्यांक छ । सप्तरीको कारागारको क्षमता १२५ रहेकामा यहाँ ३७० कैदी छन् । त्यस्तै, सिरहाको १५० क्षमता रहेकामा ६४६, महोत्तरीको १३५ क्षमता रहेकामा ५६१, रौतहटको क्षमता १५० रहेकामा ३५७ र पर्साको क्षमता १ हजार रहेकामा यहाँ १ हजार ३०४ जना कैदी छन् ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।


## मधेश अपडेट

### 'उत्पीडित समुदायको एक मात्र हितैसी जसपा'

रौतहट । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले उत्पीडित समुदायको एक मात्र हितैसी जनता समाजवादी पार्टी रहेको बताएका छन् । रौतहटको गुजरा नगरपालिका नगर कमिटीले शनिबार गुजरा ६ मा आयोजना गरेको वृहत आमसभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले सदियौंदेखि शासकवर्गबाट शोषित हुँदै आएको उत्पीडित समुदायको हक हितका लागि लड्ने एक मात्र पार्टी जसपा रहेको दावी गरे । मधेश विद्रोहअघि शोषित रहेको समुदाय तत्कालिन मधेशी जनअधिकार फोरम र हालको जसपा नेतृत्वकै कारण समान सहभागिता पाउन थालेको बताए । पुस्तौंदेखि ठूला पार्टीका नेता कहलाउनेहरू समेत अहिले मधेश विद्रोहको बलमा स्थापित आरक्षण कोटाबाट आफ्नै पार्टीमा स्थान पाइरहेको बताउँदै मुख्यमन्त्री राउतले भने, 'मधेश आन्दोलनको बलमा आरक्षणको व्यवस्था लागू नभएको भए हाल उहाँहरूको अवस्था के हुन्थ्यो भन्ने सोचेर पनि दया लागि रहेको छ ।' अन्य दलहरू आश्वान दिने गरेको भए पनि जसपा र जसपा नेतृत्वको प्रदेश २ को सरकार व्यवहारमा उतारेर देखाएको दावी गर्दै मुख्यमन्त्री राउतले मधेश सरकार जनसंख्याको आधारमा आरक्षणको व्यवस्था, दलित, महिला, मुस्लिम लगायतको समुदायलाई राज्यको मूलधारमा ल्याउन गरेका प्रयासहरू ठोस उदाहरण रहेको उल्लेख गरे । कार्यक्रममा कांग्रेस एमाले र माओवादीका दर्जनौं नेता कार्यकर्ता जसपा प्रवेश गरेका थिए । नव प्रवेशीहरूलाई मुख्यमन्त्री राउत सहितका नेताहरूले पार्टीमा स्वागत गरेका थिए ।

### कांग्रेस कपिलवस्तु नगरमा पूर्णता

कपिलवस्तु । नेपाली कांग्रेस कपिलवस्तु नगरपालिकाले विधानमा भएको व्यवस्थाअनुसार कोषाध्यक्ष नगरसदस्य र कार्य सम्पादन समिति गठन गरेको छ । नगर सभापति खुर्सेद अहमद खांको अध्यक्षतामा तौलिहवामा सम्पन्न बैठकले उक्त समिति मनोनयन गरी समितिलाई पूर्णता दिएको हो । मनोनित कोषाध्यक्षमा सुधिर मिश्रा, सदस्यहरूमा इसमाइल खां, चनरमती पासी, जोगिन्दर मुराउ, कन्हैयालाल कुर्मी, उमेश पाण्डेय, मुरलीधर त्रिपाठी, धनमाया क्षेत्री, अब्दुल बहां अन्सारी रहेका छन् । त्यस्तै कार्य सम्पादन समितिमा सभापति खुर्सेख अहमद खाँ, उपाध्यक्ष सन्दीप शर्मा, विनोद अधिकारी, सचिव नगेन्द्र यादव, धिरेन्द उपाध्याय, सहसचिव संजय सिंह राय, धमेन्द्र यादव कोषाध्यक्ष, सधिर मिश्रा सदस्य अनन्ता न्यौपाने, इसमाइल खां, चनरमती पासी, जोगिन्द्रर मुराउ, कन्हैयालाल कुर्मी, उमेश पाण्डेय, अब्दुल बफा अन्सारी, मिरा मल्लाह रहेका छन् । साथै समितिले प्रयक महिला पार्टी कार्यालय तौलिहामा नियमित बैठक बस्ने निर्णय समेत गरेको सभापति खुर्सेद अहमद खांले बताए ।

### देशकै पहिलो आईओपीमा चार पूर्वाधार थपिदैं

वीरगञ्ज । वीरगन्जस्थित एकीकृत सुरक्षा जाँच चौकी (आईसीपी) मा पूर्वाधारहरूको निर्माण हुने क्रम जारी रहेको छ । देशकै पहिलो यो आईसीपी २०७४ चैत २४ देखि सञ्चालनमा आएको हो । त्यसयता ९ वटा ठूला पूर्वाधार थप भएको छ । थप ४ वटा पूर्वाधार निर्माण हुने क्रममा छन् । ४ वर्षयता आईओपी परिसरमा १ हजार १ सय ४५ वर्गमिटरको गोदाम, ३ सयदेखि ३ सय ५० सम्म मालवाहक ट्रक अट्ने क्षमता भएको पार्किङ, ४ सय ५० वर्गमिटरको खुल्ला सेड निर्माण भएको छ । त्यसैगरी, क्वारेन्टाइन, डोरमेटिक र कस्टम क्लियरिङ भवनमा १/१ तल्ला थप, कर्भस्टोन, ३ किचेन सेड, सेक्युरिटी ब्यारेक र गेटहाउस निर्माण भएका छन् । दुई सयदेखि ३ सयसम्म कार अट्ने क्षमता भएको अर्को पार्किङस्थल, नेपाल गेटदेखि पदम रोडसम्म १ किमि सडक विस्तार गरिँदै छ । हाल पदम रोडबाट चौकीको मूल गेटसम्म आएको सडक साँघुरो महसुस गरिएकाले सडकलाई पूर्वतर्फ ७ मिटरको दरले विस्तार गर्न लागिएको हो/ । यसबाहेक सेन्ट्री बस्ने ४ वटा हाई सेक्युरिटी पोस्ट, नयाँ पार्किङस्थलको खुल्ला सेडसमेत निर्माण हुने भएको छ । हालसम्म निर्माण भइसकेका थप पूर्वाधारमा मात्रै करिब ३० देखि ४० करोड रूपैयाँ लगानी भइसकेको छ । भारत सरकारले नेपाल र सीमापारि भारतीय भूमिमा एकैखाले संरचना भएको एकीकृत सुरक्षा जाँच चौकी निर्माण गरेको थियो । एकै छानामुनि भन्सार, आप्रवासन, क्वारेन्टिन, सीमा सुरक्षाजस्ता संस्था आउनाले मानवीय तथा मालसामानको अन्तर्देशीय आवतजावतलाई झन्झटरहित बनाउने प्रयासस्वरूप भारतले नेपाल र आफ्नो भूमिमा समेत गरी आईसीपी निर्माण गरेको हो ।

### सार्वजनिक जग्गाको तथ्यांक उपलब्ध गराउन निर्देशन

जनकपुरधाम । मधेश प्रदेश सरकारले राजधानी क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गाको तथ्यांक उपलब्ध गराउन धनुषा र महोत्तरीको नापी, मालपोत र गुठी संस्थान कार्यालयलाई निर्देशन दिएको छ । मधेश सरकारले प्रदेशको स्थायी राजधानी कायम भएपछि मन्त्रालयको स्थायी संरचना निर्माणका लागि जग्गा खोज्ने क्रममा धनुषा र महोत्तरीका मालपोत, नापी तथा गुठी संस्थान कार्यालयलाई निर्देशन दिएको छ । भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले प्रदेशको राजधानीको चार किल्लाभित्र पाँच बिघाभन्दा बढी क्षेत्रलफलका सार्वजनिक जग्गाको तथ्यांक उपलब्ध गराउन निर्देशन दिएका हुन् । प्रदेश सरकारले भौतिक पूर्वाधार विकासमन्त्री यादवको संयोजकत्वमा समिति गठन गरेर जग्गा खोजी गरिरहेका छन् । समितिका संयोजक मन्त्री यादवले धनुषा र महोत्तरीको मालपोत, नापी र गुठी संस्थाका प्रमुखसँग संयुक्त बैठक गरी सात दिनभित्र तथ्यांक उपलब्ध गराउन निर्देशन दिएका हुन् । मन्त्री यादवले राजधानीको चार किल्लाभित्र रहेका पाँच बिघाभन्दा बढी खाली जग्गाको तथ्यांक उपलब्ध गराउन भनेको भन्दै उनले तथ्यांक उपलब्ध भएपछि जग्गा खोज्न सहज हुने बताए । यादवले प्रदेश सरकारको स्थायी संरचना निर्माणका लागि अहिले जनकपुर विमानस्थल नजिक रहेको गुठी संस्थानको १० बिघा र पुल्चोकनजिक रहेको ५२ बिघा जग्गाको निरीक्षण तथा अनुगमन गरिसकेको बताए । दुईवटा जिल्ला मिलेर मधेस प्रदेशको राजधानी बनेको छ । मधेस प्रदेश सरकार गठन भएपछि जनकपुर चुरोट कारखानाको भवन तथा परिसरबाट प्रशासनिक काम हुँदै आएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय जनकपुरधामको मुर्लीचौकस्थित भने बाँकी सबै मन्त्रालय चुरोट कारखानामा छ । कुवारामपुरस्थित शैक्षिक तालिम केन्द्रको भवनमा अहिले प्रदेशसभा छ । जग्गा खोज्नका लागि रहेको समितिमा उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, भूमिव्यवस्था, कृषि तथा सहकारीमन्त्री विजय यादव र आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह सदस्य छन् ।

### जनमतले माग्यो लाउडस्पिकर छाप

सप्तरी । जनमत पार्टीले जिल्ला निर्वाचन कार्यालय सप्तरीमार्फत निर्वाचन आयोगलाई ज्ञापनपत्र बुझाएको छ । जनमत पार्टीका नेता तथा कार्यकर्ताले जिल्ला निर्वाचन कार्यालय राजविराजस्थित रहेको निर्वाचन कार्यालय पुगेर लाउडस्पिकर छाप माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् । आफ्नो पार्टीले निर्वाचन आयोगमा दर्ता गरेको बेला पाएको चुनाव हुनुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएको जनमतकी नेतृ सुशीला यादवले जानकारी दिइन् । पूर्वमन्त्री समेत रहेका जनमत पार्टीका नेता अनिष अन्सारीले आफ्नो माग पूरा नभए प्रत्येक जिल्लाको निर्वाचन कार्यालयमा तालाबन्दी गर्ने बताए । उनले भने, 'आयोगमा दल दर्ता भएको छ । पार्टीले पाएको चुनाव चिह्न लाउडस्पिकर अहिले निर्वाचन आयोगले दिन नमानेकोले पार्टीलाई दिएकै चिह्न का लागि ज्ञापनपत्र बुझाएका हौं ।'

### मधेश प्रदेशका युवाहरूबीच छलफल

वीरगञ्ज । दिगो विकासका लक्ष्य गुणस्तरिय शिक्षा र लैंगिक समानता सम्बन्धमा मधेश प्रदेशका युवाहरूबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम वीरगञ्जमा सम्पन्न भएको छ । युवा संस्थाले राइट हियर राइट नाउ र नेपाल एपीएफएसडी (नयाँ) को सयुँक्त सहकार्यमा कार्यक्रमको आयोजना गरेको हो । मधेश प्रदेशका ८ वटै जिल्लाबाट २२ जना युवाहरूको सहभागिता रहेका थियो । मधेश प्रदेशभित्र दिगो बिकासका लागि गुणस्तरिया शिक्षा र लैंगिक समानता सम्बन्धमा देखिएका चुनौतीहरूको विषयमा युवाहरूले छलफल गरेका थिए । छलफलको क्रममा सहभागिहरूले शिक्षा क्षेत्रभित्रका बेथिती एवम् बिसंगती र अपर्याप्त भौतिक पूर्वाधार लगायतका चुनौतीहरू औंल्याएका थिए । दक्ष जनशक्तिको अभाव, बनेका नियम कानुनहरू कार्यन्वयन नहुनु, पितृसतात्मक सोच, अन्धविश्वास लगायतका प्रवृतिको पतन नहुँदसम्म गुणस्तरीय शिक्षा र लैंगित समानताले सार्थकता नपाउने सहभागी युवाहरूको धारणा थियो । सातवटै प्रदेशका युवाहरूलाई समावेश गरेर गुणस्तरिय शिक्षा र लैंगिक समानता सम्बन्धमा सचेत बनाउने र नयाँ पुस्ताको धारणालाई निर्णायक क्षेत्रमा पुऱ्याउने अभिप्रायले कार्यक्रमको आयोजना गरिएको युवा संस्थाकी कार्यक्रम संयोजक श्रेया श्रेष्ठले बताइन् ।

# सञ्चालनको पर्खाइमा जनकपुर-जयनगर रेल

जनकपुरधाम । जयनगर-कुर्था रेल मार्गमा नियमित रेल सेवा सञ्चालनका लागि नेपाल रेल्वे कम्पनी लिमिटेड उद्घाटनको पर्खाइमा छन् । रेल सेवाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने भएपछि नेपाल रेल्वे कम्पनी उद्घाटनको मिति कुरेर बसेका हुन् ।

भारतीय रेल्वे कम्पनी कोंकणले उद्घाटनका लागि २०२२ मार्च १ अर्थात फागुन १७ गतेको मिति प्रस्ताव गरेको र आफूहरूले सोही मितिलाई समर्थन गरेर भारतीय दूतावासलाई पठाइएको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिए ।

तर दूतावासले उद्घाटनको मितिको प्रस्ताव नेपाल सरकारबाट आउनुपर्ने बताइरहेका छन् । नेपालको पछिल्लो राजनीतिक घटनाक्रमका कारण उद्घाटनको मिति तय गर्न ढिलाइ भइरहेको महाप्रवन्धक झाको कथन छ । उनकाअनुसार उद्घाटनको ढिलाईका कारण मात्र रेल चलाउन समस्या भएको छ । रेल सेवा उद्घाटन नभएसम्म नियमित बिना यात्रु (ड्राई सेवा) भने गत फागुन १ गतेदेखि सञ्चालन हुँदै आएको छ। अहिले बिना यात्रु दैनिक जयनगरदेखि कुर्था र कुर्थाबाट पुन: जयनगर रेल सेवा सञ्चालन भइरहेको छ । नियमित रेल चलाउन रेल्वे लिक कब्जा गरिएका ठाउँ खाली गराइएको छ भने हाटबजार लिकमा लगाउन बन्द गराइएको छ । अनुमति बिना रेल्वे लिक क्रस गरी बनाइएको बाटो बन्द गराउनुको साथै गेट म्यान कर्मचारी काममा खटिएको छ ।

सञ्चालनका लागि दुबै रेलको इन्जिन र बोगी एउटैमा जोडिएको छ । अगाडि एउटा र पछाडि अर्को इन्जिन जोडिएको हो । रेल चलेपछि हालका लागि ६० जना नेपाली र १४ जना भारतीय कर्मचारी काममा खटिएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । भारतको सीआरपीएल कम्पनीबाट २६ जना कर्मचारी आउने टुङ्गो लागेको छ । जसमा १४ जना भारतीय कर्मचारी आइसकेको र बाँकी उद्घाटनपछि आउने महाप्रबन्धक झाले बताए ।

रेल उद्घाटनपछि सुरूको पहिलो १५ दिन एक पटक आउने र जाने गरी रेल चलाउने र त्यसपछि यात्रुको चाप र आवश्यकता हेरेर दिनमा २/३ पटक सम्म पनि रेल चलाउन सकिने तयारी गरेको महाप्रबन्धक झाले बताए ।

भारत सरकारको आठ अर्ब ७७ करोड ( नेपाली रूपैयाँ) को आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेल मार्गमा रेल सेवा सञ्चालनका लागि गत २०७७ असोज २ गते भारतीय कम्पनी कर्पोरेसनबाट ८४ करोड ६५ लाखमा खरिद गरिएको दुई सेट रेल तामझामका साथ जयनगरबाट जनकपुर ल्याएर धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरूवामा पार्किङ गरी त्रिपाल ओढाएर राखिएको छ ।

रेलमा एक हजार २०० देखि एक हजार ३०० यात्रुसम्म बसेर/उभिएर यात्रा गर्न सक्छन् । यात्रुबाहक रेल भएकाले यसमा यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ । नेपालमा राणाकालमा वि.सं. १९९४ सम्म जयनगरदेखि जनकपुरसम्म सञ्चालन भएको रेल सेवा २०६७ सालमा प्राविधिक कारणले बन्द भएको थियो । झण्डै एघार वर्षपछि वर्तमान सरकारले रेल सेवा सुरू गर्न लागेको बताइएको छ ।

# एमसिसी : ऊर्जा र यातायात क्षेत्रमा कोसेढुङ्गा

काठमाडौँ । अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)सम्बन्धी सम्झौता कार्यान्वयनमा आएपछि नेपालको ऊर्जा र यातायात क्षेत्रको विकासका लागि कोसेढुङ्गा सावित हुने ठानिएको छ ।

एमसिसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अमेरिकी डलर अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित छ ।

एक अध्ययनअनुसार सम्झौता कार्यान्वयनपछि विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्यमा १० लाख नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरिएको छ । यी परियोजनाबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन् । यसका अतिरिक्त यो सम्झौताको कार्यान्वयनबाट नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि ५०० मिलियन अमेरिकी डलर ( हालको विनिमय दरअनुसार करिब ६० अर्ब रूपैयाँ अनुदानका रूपमा प्राप्त हुने मन्त्री कार्कीले जानकारी दिए ।

काठमाडौँको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै हेटौँडा र दमौली हुँदै बुटवलसम्म ४०० केभी क्षमताको करिब ३०० किलोमिटर लामो प्रसारण लाइन निर्माण भई सो आसपासका विद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारणमा सहयोग पुग्नाका साथै देशभर प्रसारण लाइनको जालो फैलाउन मद्दत पुग्नेछ । यो अनुदान सहायता विद्युत् प्रसारण लाइन निर्माणमा कोसेढुङ्गा सावित हुनुका साथै देशको आर्थिक सामाजिक विकासका लागि महत्वपूर्ण साधनका रूपमा रहेको विद्युतशक्तिको उपलब्धता सहज भई उत्पादन क्षेत्र सबल बन्ने, नेपालमा उत्पादित जलविद्युत्ले बजार पाउने तथा दिगो विकासमा सहयोग पुग्नेछ ।

विद्युत् प्रसारणको सुनिश्चित भएपछि विद्युत् उत्पादनमा थप लगानी आकर्षित हुने र सडक खण्डको अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको मर्मत भई यातायात सुविधा सहज हुने र यस्तो मर्मत कार्यको अनुभव अन्य सडकखण्डमा समेत उपयोग गर्न सकिने सरकारले जनाएको छ ।

हाल उच्च क्षमताको एकमात्र अन्तरदेशीय प्रसारण लाइन भएकामा यस सहायताबाट निर्माण हुने प्रसारण लाइनमा जोडिने गरी अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न आधार खडा भई नेपालमा उत्पादित बचत विद्युत् व्यापारका लागि ढोका खुल्ने, यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्नेछ ।

यस सम्झौताको कार्यान्वयनका लागि अन्य सबै पूर्वसर्तहरू पूरा भइसकेकाले यसको अनुमोदनपश्चात् यसबाट सञ्चालन हुने आयोजना सुरू भएको मितिले पाँच वर्षभित्र सम्पन्न भई आयोजनाको प्रतिफल समयभित्रै प्राप्त हुनेछ । अमेरिकी सहयोग निकायले ५०० मिलियन अमेरिकी डलर उपलब्ध गराउने र नेपाल सरकारले पाँच वर्षको अवधिमा १३० मिलियन अमेरिकी डलर बराबरको रकम वार्षिक विनियोजन गरी व्यहोर्नेछ ।

सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले विसं २०७५ माघ २५ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्न सङ्घीय संसद् पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको थियो । सोहीअनुरूप नेपालको संविधानको धारा २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले संसद्समक्ष प्रस्ताव पेस गरेका थिए ।

नेपाल सरकार र एमसिसीबीच विसं २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्ने हुन्छ । सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएकाले अनुमोदनका लागि संसद्मा प्रस्ताव गरिएको हो ।

# सिरहा र सप्तरीको सीमामा देखिएका समस्या समाधान गर्न निर्देशन

काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले मधेश प्रदेशको सिरहा र सप्तरीमा रहेको ठाडी-लौकाहा, बेल्ही-लौकाहा, बेल्ही-लक्ष्मीपुर, रामनगर-कोदरकट्टीमा रहेको नेपाल-भारत सीमा को निरीक्षण गरेका छन् । आयोगमा सीमा सम्बन्धि विभिन्न प्रकारको उजुरी आएपछि अध्यक्ष डा.दत्त स्वयं सो सीमाहरूमा पुगी स्थलगत निरीक्षण गरेका छन् । सो निरीक्षणको क्रममा अध्यक्ष डा.दत्तलाई सशस्त्र प्रहरी बलका बीओपी कमाण्डरहरूले त्यहाँ रहेका समस्या र अवस्थाहरू बारे जानकारी गराएका थिए । निरीक्षणको क्रममा अध्यक्ष डा.दत्तले लागुपदार्थहरू को ओसार-पोसार, अपराधिक क्रियाकलापहरू हुन् नदिन निर्देशन दिएका थिए । अध्यक्ष डा.दत्तले सीमासँग जोडिएको क्षेत्रहरूमा विभिन्न रणनीति बनाएर सुरक्षामा कमी-कमजोरी आउन नदिन तथा जनताको समस्यालाई प्राथमिकतामा राखेर समाधान गर्न समेत स्थानीय प्रहरीलाई निर्देशन दिएका थिए ।

## अवैध कल सेन्टर संचालनमा संलग्न चिनियाँसहित ८० जना पक्राउ

भक्तपुर । सानोठिमीस्थित घर भाडामा लिएर अवैध कल सेन्टर संचालन गरेको अभियोगमा सोही ठाउँस्थित सन सिटी अपार्टमेन्टको १२०६ नम्बर कोठामा बस्दै आएका चिनियाँ नागरिक २९ वर्षीय वाङजिनाव सहित सो कार्यमा संलग्न ८० जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । भारतीय मुलका युवा युवतीहरूलाई छोटो समयको लागि कुनै सिस्टममार्फत ५ देखि १० हजार सम्म सानो सानो मात्रामा ऋण लगानी गरी निश्चित ब्याज सहित तोकिएको समयभित्र उठाउन ऋणिहरूलाई कल सेन्टर मार्फत सम्पर्कमा ल्याउने, ऋण नतिरे थर्काउने, गाली गर्ने, धम्काउने जस्ता कार्य संचालन गर्ने वाङजिनावले नेपाली युवा युवतीहरूको प्रयोग गरी कल सेन्टर संचालन गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको प्रहरीले उक्त घरबाट ४७ जना महिला र ३३ जना पुरूष गरी ८० जनालाई पक्राउ गरेको हो । उक्त कार्य संचालन गर्न प्रयोग भएका १४ थान डेस्कटप कम्प्युटर, ४८ थान ल्याप्टप र २ थान आइप्याड प्रहरीले बरामद गरेको छ ।

## बैंक तथा बित्तिय संस्था कसूरमा संलग्न चिनियाँसहित ३७ जना पक्राउ

काठमाडौं । बैंक तथा बित्तिय संस्था ऐन, २०७३ अन्तर्गतको कसूरमा संलग्न चिनियाँ नागरिक च्याङ हि बाओ सहित २४ पुरूष र १३ महिला गरी जम्मा ३७ जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-९ पुरानो बानेश्वरस्थित एक घर भाडामा लिई सिन्धुली घर भई हाल ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने दीपक श्रेष्ठको नाममा लेमोन ग्रूप अफ कम्पनी दर्ता गरी चिनियाँ नागरिकद्वारा बिभिन्न एप्लिकेशनहरू मार्फत गैर कानूनी तवरले लोन स्क्याम गरिरहेको भन्ने बिशेष सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरबाट खटिएको संयुक्त टोलीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले बिभिन्न एप्लिकेशनहरू मार्फत लोन स्क्याम गर्न प्रयोग भएका ४ थान ल्यापटप र २ थान मोबाइल समेत बरामद गरेको छ । उनीहरू उपर बैंक तथा बित्तिय संस्था ऐन, २०७३ अन्तर्गतको कसूरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको छ ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**


## संक्षिप्त समाचार

### धनुषाको मुखियापट्टीमा भ्युटावर बन्ने

जनकपुरधाम । देशको सबैभन्दा होचो ठाउँमा मधेस प्रदेश सरकारले ९० फिटको भ्युटावर निर्माण गर्न भएको छ । मधेस सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ स्थित बेलही टोलमा उक्त भ्युटावर बनाउन लागेको हो । मन्त्रालयले ३ वर्षमा भ्युटावर बनाउने लक्ष्य राखेको भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले बताए । उनले मुलुककै सबैभन्दा होचो ठाउँमा भ्युटावर बनेपछि पिकनिक स्पटको रूपमा स्थापित हुने बताए । सोही ठाउँमा रहेको एउटा पोखरीको सौन्दर्यीकरण गरी त्यसमा डुंगा चलाउने व्यवस्थासमेत गरिने मन्त्री यादवले जानकारी दिए । उनले सो ठाउँमा वासस्थानको समेत व्यवस्था गरिने बताए । भ्युटावर र पिकनिक स्पटको क्षेत्रफल करिब १४ कट्ठा रहने र भ्युटावर निर्माण गर्न करिब ७ करोड रूपैयाँ लाग्ने जानकारी मन्त्रालयले दिएको छ ।

### प्रदेश १ को प्रदेशसभा बैठक १५ गते

विराटनगर । प्रदेश नं १ प्रदेशसभाको बैठक फागुन १५ गतेदेखि सुरू हुने भएको छ । लामो समयदेखि प्रदेशसभाको बैठक स्थगित रहेको छ । १५ गते आइतबार दिउँसो १ बजे बस्न लागेको हो । सातवटा प्रदेशमध्ये प्रदेश नं. १ ले मात्र आफ्नो नाम टुंग्याउन सकेको छैन । १५ गते बस्ने बैठकमा प्रदेशसभाको नामकरणको विषय प्रस्ताव हुनसक्ने अनुमान गरिएको छ । सरकारले प्रदेशसभामा पेश गर्ने कुनै पनि बिजनेश नभएका कारण प्रदेशसभाको बैठक लामो समयदेखि स्थगन भएको थियो । अबको नियमति बैठकमा सरकारले कानुन संशोधनका प्रस्ताव ल्याउन सक्ने अनुमान छ ।

### डल्ला फोर्ने मेसिनले च्यापिएर मृत्यु

बाँके । जानकी गाउँपालिका-४ बेलनियामा रोटाभेटर (डल्ला फोर्ने मेसिन)ले च्यापीएर सोही ठाउँ बस्ने अशोक कार्कीका छोरा १३ वर्षीय रोहीत कार्कीको मृत्यु भएको छ । बिहीबार साँझ भे.२ त ४४० नम्बरको ट्याक्टरमा रोटाभेटर जोड्न ट्याक्टर अगाडि बढाउने क्रममा रोटाभेटरले च्यापीएर गम्भीर घाइते भएका उनको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्याक्टरको ठक्करबाट एकको मृत्यु

रौतहट । दुर्गाभगवती गाउँपालिका-२ कर्बोलस्थित सडकमा ना.२ त ८६०५ नम्बरको ट्याक्टरले बिआर ०६ एटि २९०३ नम्बरको मोटरसाइकललाई बिहीबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला सरकारी अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार रहेका ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### अवैध लागूऔषधसहित दुई जना पक्राउ

कैलाली । लम्किचुहा नगरपालिका-३ चिसापानी नयाँबस्ती बस्ने २२ वर्षीय बीरेन्द्र बिष्ट र २८ वर्षीय राज सुनारलाई खैरो हेरोइनसहित प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई करिब १० ग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थसहित शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरीले बीरेन्द्रको घर तलासी गर्दा उनीहरूले बिक्रीको लागि पुरिया बनाई राखेको अवस्थामा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

### जन्तीले पटाका पड्काउदा आगलागी

कपिलवस्तु । शिवराज नगरपालिका-१० सितलापुर बस्ने बगेदन कुर्मीको घरमा महाराजगंजबाट विवाहको जन्ती आएकोमा जन्तीहरूले पटका पट्काउने क्रममा आगलागी भएको छ । सोही ठाउँ बस्ने चन्द्रभान यादवको गोठमा शनिबार राति आगलागी हुँदा गोठ जलेर क्षति भएको छ । साथै गोठमा रहेको गाईवस्तुहरू बचाउन जाँदा आगोले जलेर घाइते भएका सोही ठाउँ बस्ने ३७ वर्षीय राजेश यादवलाई उपचारको लागि संजिवनी सामुदायिक अस्पताल चन्द्रौटा हुँदै थप उपचारको लागि भैरहवातर्फ रिफर गरिएको छ । पटका पड्काउने शंकास्पद २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरी, स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगालगी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कुटपिटबाट युवकको मृत्यु, ४ जना पक्राउ

कैलाली । भजनी नगरपालिका-९ स्थित विवाहमा भएको झगडामा सोही ठाउँ बस्ने २५ वर्षीय बसन्त चौधरीको कुटपिटबाट आइतबार राति मृत्यु भएको छ । विवाहमा बसन्त सहित सोही ठाउँ बस्ने २० वर्षीय दिनेश बिष्ट, गणेश सिंह, २५ वर्षीय लक्ष्मण बराल, २३ वर्षीय किशन बडैला, २३ वर्षीय प्रदिप कार्की, २५ वर्षीय दिपक अवस्थी लगायतका व्यक्तिहरू नाचगान गर्नेक्रममा विवाद भई झै-झगडा भएको थियो । झै-झगडा हुँदा कुटपिटबाट गम्भीर घाइते भएका उनको घोडाघोडी अस्पताल सुख्खड कैलाली हुँदै मेडिकल कलेर कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । कुटपिटमा संलग्न ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएर यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको बताइएको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

रूपन्देही । कञ्चन गाउँपालिका-३ झारगैराबाट करिब ७ ग्राम ७० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार साँझ पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३४ वर्षीय देवेन्द्र बहादुर खत्री र सोही गाउँपालिका-५ थकाली चोक बस्ने २९ वर्षीय नवराज पराजुली रहेका छन् । ईलाका प्रहरी कार्यालय रूद्रपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### करेन्ट लागेर युवकको मृत्यु

रौतहट । घरको छत ढलान गर्ने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । चन्द्रपुर नगरपालिका-१ माथल्लो क्यान्टिन बस्ने सुभाष सिंह पाखिनको घरको छतको ढलान गर्ने क्रममा करेन्ट लगेर मिस्त्री काम गर्ने काभ्रे डाँडाखर्क घर भएका २८ वर्षीय राम बहादुर मल्लको मृत्यु भएको छ । घरको छतको ढलान गर्नको लागि ढलानको सेन्ट्रिङ ठोक्ने क्रममा अचानक रडले मेन लाईनको विजुलिको तारमा छुँदा करेन्ट लागि बेहोस भएका उनको चपुरस्थित एपोलो सिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### दालमोठ फ्याक्ट्रीमा आगलागी

रूपन्देही । बुटवल उपमहानगरपालिकान-११ मैनाबगरस्थित पशुपती बानियाँको दालमोठ फ्याक्ट्रीमा आगलागी हुँदा लाखौंको क्षति भएको छ । बुधबार बिहान आगलागी हुँदा भवन, १५ थान मेसिन, दालमोठ, कच्चा पदार्थ लगायत जलेर करिब ४८ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### हतियारसहित तीन जना पक्राउ

कैलाली । कैलाली जिल्लाको कैलारी गाउँपालिका ६ छोटकी पलिया ईलाकाबाट फागुन १२ गते सशस्त्र प्रहरीले एक नाल बाह्रबोर बन्दुकसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ५३ वर्षिय लौटन चौधरी, ३५ वर्षिय बिरेन्द्र चौधरी र २१ वर्षिय सन्तराम चौधरी छन् । से २ प ८९२ नम्बरको मोटरसाईकलमा सवार उनीहरूलाई सशस्त्र प्रहरी बल नेपाल बिओपी छोटकीपलियाबाट खटिएको सशस्त्र प्रहरीले जाँच गर्ने क्रममा उनीहरूको साथमा उक्त बन्दुक तथा सोको ५ वटा गोली समेत बरामद गरेको छ । त्यसवेला उनीहरूले प्रयोग गरेको उक्त मोटरसाईकल समेत बरामद गरिएको छ । पक्राउ परेकाहरूलाई बरामद बन्दुक, गोली र मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ ।

### डुबेर मृत्यु

मोरङ । जहदा गाउँपालिका-७ सिरसिया बस्ने महेश हस्दाको छोरा करिब ३० महिनाको रबिन हस्दाको आफ्नै घर अगाडि धाराको पानी जमेको खाल्डोमा डुबेर बुधबार दिउँसो मृत्यु भएको छ । डुबेर वेहोस भएका उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

## विश्व परिवेश

# फ्रान्स विश्वव्यापी दृष्टिकोण, स्वतन्त्र मानसिकताको साथ एक प्रमुख शक्ति

विदेश मन्त्री एस जयशंकरले बुधबार भने कि भारतले फ्रान्सलाई विश्वव्यापी दृष्टिकोण र स्वतन्त्र मानसिकताको साथ एक प्रमुख शक्तिको रूपमा हेर्छ, जुन बहुध्रुवीयता र पुन: सन्तुलनको केन्द्रबिन्दु हो र भारतको सरोकार र प्राथमिकताहरूको लागि अत्यन्त उत्तरदायी छ। फ्रान्सेली इन्स्टिच्युट अफ इन्टरनेशनल रिलेसनमा 'हाउ इन्डियाले फ्रान्सलाई हेर्छ' भन्ने विषयमा आफ्नो सम्बोधनमा जयशंकरले भने कि फ्रान्ससँग भारतको सम्बन्ध अचानक परिवर्तन र आश्चर्यबाट मुक्त भएको छ जुन हामीले कहिलेकाहीं अन्य अवस्थामा देख्छौं। "त्यसोभए, यो प्रश्न, भारतले फ्रान्सलाई कसरी हेर्छ? संक्षेपमा भन्नुपर्दा, म भन्न चाहन्छु, विश्वव्यापी दृष्टिकोण र स्वतन्त्र मानसिकताको साथ एक प्रमुख शक्तिको रूपमा, "उनले भने।

बहुध्रुवता र पुनर्संतुलनको केन्द्रविन्दु हो। उत्तिकै महत्त्वपूर्ण छ, जुन भारतको सरोकार र प्राथमिकताहरूप्रति अत्यन्तै उत्तरदायी छ। एक विश्वसनीय साझेदारको रूपमा यसको लामो इतिहास छ। र जुन हामीले समकालीन र उदीयमान चुनौतीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्दा अझ सान्दर्भिक हुँदै गइरहेको छ, "परराष्ट्र मन्त्रीले औंल्याए। "हामी अहिले अशान्तिको युगमा प्रवेश गरेकाले यो साझेदारीलाई अन्तर्राष्ट्रिय सम्बन्धमा अझ ठूलो महत्व दिन्छ," उनले थपे। विशेष गरी पछिल्ला दुई दशकहरूमा, भारतले आफ्नो विस्तारित छिमेकमा जति विश्वव्यापी स्तरमा धेरै सम्बन्धहरू परिवर्तन गरेको छ ।

"हाम्रो समयको उथलपुथल मार्फत, फ्रान्ससँग भारतको सम्बन्ध स्थिर र स्पष्ट मार्गमा अगाडि बढेको छ," जयशंकरले भने।

यी सम्बन्धहरू निरन्तर परिवर्तनका लागि अनुकूल भएका छन् र त्यसका लागि बलियो हुँदै आएका छन्, उनले थपे। "निश्चय नै लोकतन्त्र र विश्वव्यापी मानवीय मूल्यमान्यतामा साझा विश्वास छ। हामी दुबैको स्वतन्त्र सोचमा अटल विश्वास छ र हाम्रो चासो बहुध्रुवीय क्रममा उत्तम रूपमा सेवा गरिन्छ भन्ने गहिरो विश्वास छ, "उनले भने। "राष्ट्रिय क्षमताहरूमा हाम्रो साझा विश्वासको जरा हाम्रो आफ्नै अवधारणामा छ। यसले हाम्रो सभ्यताको सम्पदा र विश्वदृष्टिकोणमा विश्वासको कुरा गर्छ जुन हाम्रो इतिहासको परिवर्तनशील पाठ्यक्रममा चलेको छ, "जयशंकरले भने। भारतले विभिन्न कारणले फ्रान्सलाई विश्वव्यापी शक्तिको रूपमा हेरेको कुरा औंल्याउदै उनले भने, स्पष्ट रूपमा ती मध्ये एउटा संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सीट हो। "तर यसका अतिरिक्त, फ्रान्सको विश्वको टाढाको कुनामा पदचिह्न र प्रभाव थियो र प्रमुख विश्वव्यापी मुद्दाहरूमा तौलिएको थियो," मन्त्रीले भने।

"उल्लेखनीय कुरा के थियो कि गठबन्धनको सदस्य भए पनि, फ्रान्सले आफ्नो स्थानमा आवाज उठाउन कहिल्यै हिचकिचाएको छैन। र यो समझ र यथार्थवाद को एक आदर्श मिश्रण संग गरेको छ। यो कट्टरताको कमीले भारत जस्तो उदाउँदो शक्तिसँग बलियो साझेदारी निर्माण गर्न योगदान पुर्‍याएको छ, उनले भने।

"हामीले देख्यौं, उदाहरणका लागि, जब यो विश्वव्यापी आणविक व्यवस्थामा भारतलाई समायोजन गर्ने जस्ता जटिल मुद्दामा आयो," जयशंकरले चित्रण गरे। उनले भने कि फ्रान्सले लामो समयदेखि प्रतिक गरेको तेस्रो मार्ग विश्वव्यापी मामिलामा आफ्नै बाटो बनाउने भारतका लागि स्वाभाविक रूपमा चासोको विषय भएको बताए। "विभाजित विश्वको शीतयुद्धको समयमा, यो लचिलोपनले हाम्रो सहयोगको आधारलाई विस्तार गर्‍यो। स्पष्ट रूपमा भन्नुपर्दा, यो वैचारिक सामान बिना आयो। त्यो परम्पराले अब अझ आधुनिक अवतार लिइसकेको छ," जयशंकरले भने।

। जयशंकरका अनुसार वर्षौंदेखि निर्माण भएको विश्वास समान दृष्टिकोण, राष्ट्रिय विश्वास र भारत-फ्रान्स सम्बन्धको महत्त्वको मूल्यांकनको परिणाम हो।

रणनीतिक दृष्टिकोणबाट, त्यो रक्षा, अन्तरिक्ष र नागरिक आणविक ऊर्जामा सहयोगमा व्यक्त गरिएको छ। यी डोमेनहरूले धेरै दशकदेखि साझा प्रयासहरू देखेका छन् तर अब गहिराइ र जटिलतामा बढेको छ, उनले भने। रक्षाको क्षेत्रमा, भारतले फ्रान्सेली लडाकु विमानको पहिलो अधिग्रहण सन् १९५० को शुरूमा गरेको थियो। त्यसबेलादेखि, फ्रान्सेली विमानहरू र अन्य प्लेटफार्महरू र उपकरणहरूका पछिल्ला पुस्ताहरू भारतीय सैन्य बलको अभिन्न अंग भएका छन्। *-इण्डिया न्यूज नेटवर्क*

# चिनियाँ ऋणमा फसेपछि श्रीलंका थप संकटमा

काठमाडौं । दक्षिण एसियाको टापु मुलुक श्रीलंका । बलियो अर्थतन्त्र रहेको श्रीलंका अहिले चिनियाँ ऋणका कारण खतरामा परेको छ । कोरोना महामारीले थलिएको अर्थतन्त्रका बीच श्रीलंकाले चीनबाट लिएको ऋण भुक्तान गर्नुपर्ने भएका कारण संकट सिर्जना भएको हो ।

श्रीलंकाको आर्थिक संकटलाई समाधान गर्नका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषलाई आग्रह गर्ने र ऋण भूक्तानीका लागि एसियाका शीर्ष बोन्ड जारीकर्ताहरूले सहयोग गर्ने अपेक्षा गरिएको छ । दक्षिण एसियाली टापु मुलुक श्रीलंकाले सन् २०१९ मा ठूलो कर कटौती र महामारीको समयमा पर्यटनमा भएको नोक्सानीपछि मूल्याङ्कन घटाउने क्यास्केडपछि संकटमा फसेको थियो । यससँगै श्रीलंका विश्वव्यापी बजारहरू ट्याप गर्न असमर्थ छ ।

विश्व बैंकका अनुसार श्रीलंकाले कुल ४५ बिलियन अमेरिकी डलरको दीर्घकालीन ऋणमा १५ अर्ब डलरको ऋण भूक्तान गर्नुपर्ने छ । जसमा धेरैजसो डलरको रूपमा रहेको छ । श्रीलंकाले यस वर्ष ब्याज र सावाँ गरी करिब सात बिलियन अमेरिकी डलर चुक्ता गर्न आवश्यक छ । तर, उक्त मुलुकको विदेशी मुद्रा सञ्चिति तीन बिलियन अमेरिकी डलर भन्दा कममा झरेको छ ।

श्रीलंका सरकारको अर्को ठूलो चुनौती भनेको जुलाईमा हुने एक बिलियन अमेरिकी डलरको ऋणपत्र भुक्तानी हो । यदि यो तिर्न असफल भयो भने श्रीलंका महामारीपछि यसको ऋणमा डिफल्टमा सुरिनाम, बेलीज, जाम्बिया, र इक्वेडर लगायत देशहरूमा सामेल हुनेछ ।

श्रीलंकाका अर्थमन्त्री बसिल राजापाक्षेले गत महिना फाइनान्सियल टाइम्सलाई देशले पूर्वनिर्धारित जोखिमबाट बच्न सबै विकल्पहरू प्रयास गरिरहेको बताएका थिए । तर यसको डलर डिनोमिनेटेड बन्डहरू लगभग अंकित मूल्यको आधामा व्यापार गर्दै छन् ।

करिब एक दशकभन्दा अघि पनि श्रीलंका बोन्ड मार्केटमा फसेको थियो । श्रीलंकाले सबैभन्दा बढी ऋण चीनबाट लिएको थियो । तर, उक्त रकम भूक्तान गर्न असफल हुँदै गएपछि थप संकटमा फस्दै गएको हो । राष्ट्रपति गातावे राजापाक्षले मुलुकमा पर्यटकहरूको आकर्षण बढाएर निर्यात वृद्धि गर्दै आर्थिक संकट समाधान गर्ने दाबी गरेका छन् । तर, धेरै लगानीकर्ताहरूले भने यसलाई अव्यवहारिक बताएका छन् ।

यसअघि श्रीलंकाले चीनको ऋण भुक्तान गर्नका लागि भारतबाट सहयोग लिएको थियो । भारतले श्रीलंकालाई एक बिलियन अमेरिकी डलर सहयोग गरेको थियो । श्रीलंकाका बढेको चिनियाँ उपस्थितिले पनि मुलुकलाई थप संकटमा फसाएको अर्थशास्त्रीहरूले बताइरहेका छन् ।

# तिब्बतमा मानवअधिकार उल्लंघन गर्न चीन सक्रिय

ल्हासा । धार्मिक अल्पसंख्यकहरूमाथिको दमन रोक्न चीनलाई विश्वव्यापी दबाब सिर्जना गरिएको छ । यसरी विश्वभरको दबाबका बाबजुद पनि बेइजिङले गुम्बा र बुद्धका मूर्तिहरू भत्काएर, तिब्बती झन्डाहरू प्रतिबन्ध लगाउनुका साथै तिनीहरूको भूमि अधिकारलाई बेवास्ता गर्दै तिब्बतीहरूलाई निशाना बनाउँदै आएको छ ।

तिब्बती र विश्वव्यापी मानवअधिकारकर्मीहरूले बेइजिङ सरकारको दमनकारी गतिविधि तिब्बती संस्कृतिलाई ह्रास गर्ने उद्देश्यले भएको दाबी गरेका छन् । अमानवीय व्यवहारमा गुम्बा र बुद्धका मूर्तिहरू भत्काउने, तिब्बती झन्डामाथि प्रतिबन्ध लगाउने, भूमि अधिकारको कटौती गर्ने आदि समावेश छन् ।

तिब्बत प्रेसका अनुसार यी सबैले वकालत गर्ने समूहहरू र सरकारहरूलाई गम्भीर चिन्ता व्यक्त गर्न र तिब्बतीहरूको दमन र उनीहरूको पुरानो संस्कृतिलाई रोक्ने उपायहरूबारे सोच्न प्रेरित गरेको छ । केही साताअघि तिब्बतको ड्रागोमा रहेको गादेन नामग्याल लिङ्ग गुम्बामा रहेको मैत्रेय बुद्धको ९९ फिटको मुर्ति र भवन भत्काइएको थियो । उक्त मूर्ति र भवन भत्काएपछि आलोचना भएको थियो । त्यसको प्रतिक्रियामा चीनले आगलागीबाट बच्न नसक्ने कारणले भत्काइएको बताएको थियो ।

चिनियाँ अधिकारीहरूले ४५ वटा प्रार्थना पाङ्ग्रा र एक तिब्बती विहार विद्यालयलाई आक्रमण गरेका छन् । चिनियाँ अधिकारीहरूले आफ्नो असन्तुष्टि व्यक्त गरेका र शान्तिपूर्ण रूपमा विरोध गरेका धेरै मानिसहरूलाई थुनामा राखेर कुटपिट गरेका छन् ।

तिब्बत प्रेसका अनुसार पक्राउ पर्नेमा भिक्षु र महिला पनि थिए । चीन बाहिर बसोबास गर्ने तिब्बतीहरूसम्म पुग्न मानवअधिकार उल्लङ्घनको बारेमा रिपोर्टहरू आएका छन् । चिनियाँ अधिकारीहरूले फेरि विनाशको लागि अविश्वसनीय कारणहरू दिएको बताइएको छ ।

# भारतमा थप ५४ चिनियाँ एप्समाथि प्रतिबन्ध

नयाँ दिल्ली । देशको सुरक्षामा खतरा निम्त्याएको भन्दै भारतले ५४ ओटा चिनियाँ एप्समाथि प्रतिबन्ध लगाउने तयारी गरेको छ । सरकारले चाँडै नै ती एप्समा प्रतिबन्ध लगाउने सरकारी स्रोतलाई उद्दृत गर्दै भारतीय समाचार संस्था एनडीटीभीले जनाएको छ ।

स्वीट सेल्फी एचडी, व्युटी क्यामेरा-सेल्फी क्यामेरा, भिभा भिडियो इडिटर, टेन्सेन्ट एक्सरिभर, अनमायोजी अरेना, एपललक, डुअल स्पेल लाइट सरकारले प्रतिबन्ध लगाउन लागिएका केही एप्स हुन् ।

देशको सार्वभौमसत्ता र सुरक्षामा जोखिम पुर्‍याएको भन्दै गत वर्षको जुनमा सरकारले सामाजिक सञ्जालमा व्यापक प्रयोगमा आएका टिक टक, वीच्याट र हेलोमाथि प्रतिबन्ध लगाएको थियो ।

सन् २०२० को मे महिनामा चीनसँगको सीमा तनावपछि करिव ३०० एप्सहरूमाथि भारतमा प्रतिबन्ध लगाइएको छ । पूर्वी लद्दाखको गालवान उपत्यकामा चिनियाँ सेनाहरूसँगको भिडन्तमा २० भारतीय सैनिक मारिएपछि सन् २०२० को जुनमा पहिलो चरणको प्रतिबन्ध घोषणा गरिएको थियो ।


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## जिल्ला समाचार

### मानपुरमा स्वास्थ्य चौकीको शिलान्यास

मणि प्रसाद गैह्रे, कपिलवस्तु । बुद्धभूमि नगरपालिका वडा नम्बर ७ मानपुरमा १ करोड १६ लाख बढी लागतको बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी भवनको बुधबार शिलान्यास गरिएको छ । नेपाली कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री सुरेन्द्रराज आचार्य तथा बुद्धभूमिका नगरप्रमुख केशव कुमार श्रेष्ठले भवन निर्माण स्थलमा पुजापाठ गरि भवनको शिलान्यास गरेका हुन् । सो अवसरमा पूर्वमन्त्रीसमेत रहेका महामन्त्री आचार्यले मानपुरमा निर्माण हुने बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकीले बुद्धभूमि र महाराजगंज नगरपालिकाका केही वडाका बासिन्दा लाभान्वित हुने बताए । उनले स्वास्थय क्षेत्रलाई सबै वडाहरूले प्राथमिकतामा राख्नु पर्ने बताए । उनले स्वास्थ्य क्षेत्रको विकासका लागि सरकारको थप लागनी आवश्यक रहेको भन्दै आफुले पनि जिल्लाको स्वास्थ्य क्षेत्रमा बजेट बिनियोज गर्न प्रदेश र संघीय सरकमा पहल गर्ने बताए । कार्यक्रममा नगर प्रमुख श्रेष्ठले नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्रमुख प्राथमिकतमा राखेर काम गरेको बताए । उनले नगरमा रहेको सबै १० वटै वडामा बर्थिङ सेन्टर निर्माण गर्ने नगरपालिकाको योजना रहेको बताए । उनले अहिले सम्म ५ वटा वडामा बर्थिङ सेन्टर निर्माण भईसकेको र यही आर्थिक बर्ष भित्र मानपुरमा बर्थिङ सेन्टर संचालन हुने बताए । नगरपालिकाकी ईन्जीनीयर निकित त्रिपाठीले १ करोड १६ लाखको लागतमा काठमाण्डौको गोरखनाथ मर्चेन्डाईजर निर्माण कम्पनीले भवन निर्माणको जिम्मा पाएको बताईन । दुई तले भवनमा तल्लो तल्लामा स्वास्थ्य जाच र बर्थिङ सेन्टर तथा माथिल्लो तल्लामा कर्मचरी निवास रहेका छन । गत मंसिरमा संझौता भएको ठेक्कोका निर्माण अवधि २०७९ असार २० गते सम्म रहेको त्रिपाठीले बताइन् ।

### अवैध रूपमा ल्याउँदै गरेको सामानसहित पक्राउ

रूपन्देही । बुटवल उपमहानगरपालिका-१ तिनाउपुलबाट अवैध रूपमा ल्याउँदै गरेको करिब ४ लाख रूपैयाँ मूल्य बराबरको १ सय ८८ जोर जुत्ता र १ हजार २ सय ९६ मिटर कपडा सहित सैनामैना नगरपालिका-२ बस्ने २८ वर्षीय कृष्ण थापा र ४० वर्षीय तुलसी थारूलाई प्रहरीले बरामद गरेको छ । लु.१ ज ३१६७ नम्बरको पिकअपलाई जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा पिकअपमा ल्याउँदै गरेको उक्त सामानहरू सहित चालक कृष्ण र पिकअपमा सवार तुलसीलाई सामान र गाडी सहित पक्राउ गरेको हो । उनीहरूलाई पिकअप र बरामद सामानहरू सहित आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया पठाइएको छ । यसैगरी बुटवल उपमहानगरपालिका-५ विकासपथस्थित अहमद मिया र ईशाक मियाको नेपाल फुटवेयर गोदामबाट अवैध रूपमा राखिएका ६ हजार १ सय ३४ जोर जुत्ता, ५ हजार २ सय ५० जोर चप्पल र ३ सय २५ जोर सेण्डिल गरी ७४ लाख ८ हजार ६ सय रूपैयाँ मूल्य बराबरको सामानहरू बिहीबार दिउँसो प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रूपन्देही, ईलाका प्रहरी कार्यालय बुटवल र राजश्व अनुसन्धान कार्यालय बुटवल समेतबाट खटिएको संयुक्त टोलीले जाँच गर्दा उक्त सामानहरू फेला पारी बरामद गरेको हो । बरामद सामानहरू आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय बुटवलमा राखिएको छ ।

### हिन्दू परिषद नेपालद्वारा अन्तरक्रिया

वीरगंज । राधेमाई मन्दिर बीरगंजमा हिन्दू परिषद नेपाल द्वारा युवा भेला एवं अन्तर्क्रिया कार्यक्रम सम्पन गरेको छ।भेलाले सोनू कुशवाहाको नेतृत्वमा १७ सदस्यीय बड़ा कमिटी गठन गरेको छ।कार्यक्रममा हिन्दू परिषद नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेल,केन्द्रीय सदस्यहरू सुरेश साह कानू, अधिवक्ता बिनोद प्रसाद कुर्मी, पर्सा जिल्ला अध्यक्ष हरेन्द्र पटेल,बीरगंज नगर अध्यक्ष प्रमोद सिंह,हिन्दूवादी युवा अभियन्ता अखलेश्वर दुबेदी लगायतले नवगठित बड़ा कमिटी लाई हार्दिक बधाई एवं शुभकामना ब्यक्त गरेका थिए।प्रमुख अतिथि रहेका हिन्दू परिषद नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलले भने हिन्दू राष्ट्र नेपालको माहोल बनी सक्यो अब तपाई हामी आ-आफ्नो तर्फ बाट नेतृत्वदायीं भूमिमा निर्वाह गर्ने बेला आएको बताए।सम्पूर्ण नेपाली लाई एक सूत्रमा बाधने सेतु हो हिन्दू राष्ट्र नेपाल।आज सामाजिक र धार्मिक कार्य गरी लाखौ नेपाली लाई हिन्दू परिषद नेपालले जोड़ने कार्य गरेको छ पटेल भने।परिषद कुनै राजनीतिक दलको भातृ संगठन होइन,न कुनै राष्ट्र बाट संचालित छ, यो केवल रास्ट्रवादी र सनातन धर्मप्रेमी नेपालीहरूको साझा संगठन हो।नवगठित बड़ा न १३ को अध्यक्षमा सोनू कुशवाहा, उपाध्यक्ष अंकेश पाण्डे, सचिव प्रीतम गुप्ता,कोषाध्यक्ष राज सरार्फ,सह-सचिव नमित कुशवाहा, कार्य समिति सदस्यहरूमा अजित चौरसिया, दीपक राउत,राजन गिरी,संदीप महतो,बिशेष साह,सोनू पटेल,सुशील पटेल,बिकी सरार्फ,आयुष वर्णवाल र सल्लहकार हरूमा लवकुश सिंह,अजय सिंह रहेका छन् ।

### हत्यामा संलग्न एक जना पक्राउ

मोरङ । भारत राजस्थानका ५० वर्षीय राम किसन मिणाको हत्या गरेको अभियोगमा उदयपुर बेलश्रोतका २८ वर्षीय कमल थापा भन्ने कमल बिकलाई प्रहरीले पक्राउ गरेको छ । बिकले मिणालाई लेनदेनको बिषयमा बादबिबाद हुँदा हत्या गरी उदयपुरको श्रृष्टी जंगलमा फालेको खुल्न आएपछि ईलाका प्रहरी कार्यालय पथरी मोरङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । मोरङ कानेपोखरी गाउँपालिका र पथरी शनिश्चरे नगरपालिका बिचको डास खोलामा निर्माणाधिन पुलमा पायलिङ मेशिनको काम गर्दै आएका मिणा गत माघ २६ गतेदेखि सम्पर्कमा नरहेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले खोजी गर्ने क्रममा फागुन ७ गते उक्त जंगलमा उनको शव फेला परेको थियो । पुलको ठेक्कापट्टा गर्ने बिक र मृतक मिणाबिच पुलको पिलरको जग खन्ने मेसिन ल्याई काम गर्ने भनी सम्झौता भए अनुसार विगत डेढ महिनादेखि डास खोलामा काम गर्दै आईरहेकोमा गत माघ २३ गते बिकको वीरगंजस्थित अर्को साईड हेर्न भनी बिआर ०१ बिसि ५६९७ नम्बरको गाडीमा दुवै जना वीरगञ्ज गएका र माघ २५ गते फर्किएर बिकको घर कटारी जाँदै गर्दा बाटोमा लेनदेन सम्बन्धी बिबाद भएको थियो । मादक पदार्थ सेवन गरेका बिकले बादबिबादको क्रममा मिणाको घाँटीमा केबल तारले कसेर हत्या गरेको र शवलाई सोही गाडीको डिकीमा ओढ्नेले छोपेर कटारीबाट ३० किलोमिटर माथि जंगलमा लगि फालिदिएको अनुसन्धानबाट खुल्न आएको छ ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगन्ज उपमहानगरपालिका-१६ चौलिकाचोकबाट बर्दिया बढैयाताल गाउँपालिका-९ शान्तिपुर बस्ने २४ वर्षीय प्रबिण बिसीलाई करिब १ सय ५० ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### कांग्रेस सप्तरीमा यादवको उम्मेदवारी

राजविराज । नेपाली कांग्रेसको सप्तरी जिल्ला सभापतिमा संस्थापन पक्षबाट सत्रुधन यादवले उम्मेदवारी घोषणा गरेका छन् । १५ फागुनमा हुने जिल्ला अधिवेशनमा हालका जिल्ला सचिव यादवले संस्थापन पक्षबाट सभापतिमा उम्मेदवारी घोषणा गरेका हुन् । मंगलबार आयोजित पत्रकार सम्मेलनमा सप्तरी क्षेत्र नम्बर १ का सभापति ललन गुप्ताले यादवको नाम प्रस्ताव गरे भने सभापति पदकी आकांक्षी निर्मला यादवले समर्थन गरिन् । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं वर्तमान जिल्ला सभापति दिनेश यादवले घोषणा गरिएका उम्मेदवार शत्रुधनले पार्टीलाई मजबुत बनाउने विश्वास व्यक्त गरे । जिल्लामा संस्थापन इतर पक्षले भने सभापतिको उम्मेदवार घोषणा गरेको छैन ।

### संघीय सरकारविरुद्ध सर्वोच्चमा रिट दायर

जनकपुरधाम । मधेश प्रदेश सरकारले संघीय सरकारविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरेको छ । संघीय सरकारले प्रहरी भर्ना लागेको भन्दै मधेश प्रदेश सरकारले सर्वोच्च अदालतमा रिट दायर गरेको हो । मधेश सरकारका आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत प्रसाद साहले जनकपुरधाममा शुक्रबार पत्रकार सम्मेलन गरी प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ रिट दायर गरिएको बताएका छन् । संघीय सरकारसँग प्रहरी समायोजनका लागि पटक-पटक आग्रह गर्दा पनि समायोजन गर्नका लागि चासो नदेखाएकाले बाध्य भएर कानूनी उपचारका लागि जानु परेको उनले बताए । सर्वोच्च अदालतले सो मुद्धाको पेशी फागुन १० गतेका लागि तोकेको मन्त्री साहले जानकारी दिए ।

# भारतीय कम्पनी एसजेभीएनले अरूण तेस्रोका लागि जुटायो १ खर्ब लगानी

काठमाडौं । भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन)ले नेपालमा सञ्चालन हुने अरूण तेस्रो जलविद्यतुत परियोजनाका लागि ६३ अर्ब ३३ करोड भारतीय रूपैयाँ (एक खर्ब १ अर्ब रूपैयाँ) लगानीका लागि बैंकहरूसँग सम्झौता गरेको छ ।

एसजेभीएन अरूण-३ पावर डेभलपमेन्ट कम्पनीले मंगलबार भारत र नेपालका विभिन्न बैंकसँग ऋण सम्झौता गरेको हो । भारतीय मिडिया बिजनेस स्टान्डर्डका अनुसार एसबीआई इन्डिया र पीएसबीको नेतृत्वमा कन्सोर्टियममा एक्जिम बैंक, केनरा, यूबीआई र नेपालका एभरेस्ट बैंक, नबिल बैंकले लगानी गर्न लागेका हुन् ।

एसजेभीएनका अध्यक्ष प्रवन्ध निर्देशक नन्दलाल शर्माले वित्तीय वर्ष २०२३/२४भित्र नेपालमा ९ सय मेगावाट अरूण-३ जलविद्युत् परियोजना निर्माण गरिसक्ने योजनामा यो लगानीले सघाउने बताए । आयोजना २०२५को फेब्रुअरीमा सकाउने लक्ष्य भएपनि एक वर्ष पहिले नै सकिने अनुमान गरिएको छ । यो परियोजनाका लागि भारत सरकारले बजेटबाट नै रकम छुट्याएर खर्च गर्दै आएको छ । यो परियोजना निर्माणका लागि सन् २०११ मा १ खर्ब ४ अर्ब लागत अनुमान गरिएकोमा आठ वर्षपछि लागत बढेर १ खर्ब १६ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ । नेपाल र भारतका प्रधानमन्त्रीले २०७५ बैशाख २९ गते नयाँदिल्लीमा स्विच थिचेर अरूण तेस्रो परियोजनाको संयुक्त शुभारम्भ गरेका थिए । अहिले आयोजनाको सुरूङ र बाँध निर्माणको काम भइरहेको छ ।

# भारतीय सेनाद्वारा नेपाली सेनालाई एक लाख खोप सहयोग

काठमाडौं । भारतीय सेनाले नेपाली सेनालाई एक लाख कोभिड-१९ विरूद्धको खोप उपहार स्वरूप प्रदान गरेको छ । भारत सरकारको 'खोप मैत्री' योजना अन्तर्गत भारतीय सेनाले नेपाली सेनालाई भारतमा बनेको कोभिड-१९ विरूद्धको खोपको एक लाख डोज नेपाली सेनालाई बिहीबार काठमाडौंमा हस्तान्तरण गरेको हो । गोर्खा ब्रिगेडका प्रमुख लेफ्टिनेन्ट जनरल पी.एन. अनन्थनारायणले नेपाली सेनाका रथी बाल कृष्ण कार्कीलाई खोप हस्तान्तरण गरे । लेफ्टिनेन्ट जनरल अनन्थनारायणले गोर्खा सैनिकले भारतीय सेनामा देखाएको बहादुरी र समर्पणको प्रशंसा गर्दै गोर्खाली समुदायलाई सेवा गर्ने प्रतिबद्धता व्यक्त गरे । भारतले उपहार स्वरूप प्रदान गरेको खोपको स्वागत गर्दै रथी कार्कीले भारतीय सेनाले अघि बढाएको सहकार्यप्रति खुशी व्यक्त गरे । सन् २०२० यता कोभिशिल्ड खोप, स्वास्थ्य सामाग्री, एम्बुलेन्स लगायतका सहयोगमार्फत भारतीय सेनाले नेपाली सेनालाई कोभिड-१९ विरूद्ध लड्न सहयोग गरिरहेको छ । भारतीय सेनाले प्रदान गरेको यो खोप उपहारले दुई देश र दुई देशका सेनाबीचको सहकार्यलाई पुष्टि गर्दछ ।

# जनमतले २० गतेदेखि निर्वाचन कार्यालयहरूमा तालाबन्दी गर्ने

जनकपुरधाम । दुई महिनादेखि जारी किसान आन्दोलन अन्तरगत मंगलबार तराई-मधेशका प्रदेश तथा विभिन्न जिल्ला निर्वाचन कार्यालयहरूलाई ज्ञापन पत्र बुझाइएको छ । निर्वाचन हुनुअघि किसान आन्दोलनको माग सम्बोधन गर्नु पर्नेलगायत ५ बुँदे ज्ञापन पत्र निर्वाचन कार्यालयमार्फत संघीय मन्त्रिपरिषद्, केन्द्रीय निर्वाचन कार्यालयलगायतलाई बुझाइएको हो ।

जनमत पार्टीको नेतृत्वमा जिल्लाको विभिन्न स्थानबाट निस्केको जुलुसले निर्वाचन कार्यालयहरू र जिल्ला प्रशासन कार्यालयहरू अगाडि प्रदर्शन गरेको छ । फागुन २० गतेभित्र किसान आन्दोलनको माग सम्बोधन नभए निर्वाचन कार्यालयहरूमा अनिश्चितकालिन तालाबन्दी गरी धर्ना दिइने जनमत पार्टीले जनाएको छ । यसैगरी जनमत पार्टीले निर्वाचन आयोगमा दर्ता रहेका र आयोगबाट चुनाव-चिन्ह पाइसकेका दलहरूलाई स्थानीय तहको निर्वाचन २०७९ मा देशभरि नै सोही चुनाव-चिन्ह वितरण गर्नु पर्ने माग गरेको छ ।

बहुसंख्यक मतदाताहरूको पुरानो मतदाता परिचयपत्र नष्ट भएको वा हराइरहेको हुँदा सम्पूर्ण मतदाताहरूलाई पुन: मतदाता परिचयपत्र वितरण गर्नु पर्ने र नागरिकता परिचयपत्र देखाएर पनि मतदान गर्न सक्ने व्यवस्था गर्नु पर्ने माग जनमत पार्टीले गरेको हो ।

निर्वाचनको क्रममा निर्वाचन आयोगदेखि लिएर निर्वाचन अधिकृतहरूले कुनै पनि सत्ताधारी पार्टीहरूको पक्ष नलिई सबै पार्टीहरूसँग समान व्यवहार गर्दै निष्पक्ष रूपमा निर्णयहरू गर्नु पर्ने ज्ञापन पत्रमा उल्लेख छ । निर्वाचनमा हुने विकृत कार्यहरू रोक्न निर्वाचन आचारसंहिता ठोस रूपमा कार्यन्वयन गराउन जनमत पार्टीले माग गरेको छ ।

# दूतावासले मनायो भारतको ७४औं सेना दिवस

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको ७४औं सेना दिवसको अवसरमा नेपालस्थित भारतीय राजदूतावसको रक्षा प्रभागले आइतबार एक समारोहको आयोजना गरेको थियो । सन् १९४९ जनवरी १५ तारिखका दिन लेफ्टिनेन्ट जनरल (पछि फिल्ड मार्शल) के.एम. करियप्पाले पहिलो भारतीय कमाण्डर इन चिफको रूपमा भारतीय सेनाको कमाण्ड सम्हालेको सम्मानमा प्रत्येक वर्ष भारतीय सेना दिवस मनाइन्छ । नेपालका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रसिद्ध प्रबल जनसेवा जनरल प्रभुराम शर्मा सो समारोहको प्रमुख अतिथिको रूपमा सहभागी भएका थिए । समारोहमा नेपालका पूर्व सेना प्रमुख, बहालवाला एवम् सेवानिवृत्त सेना अधिकृत, कुटनैतिक वृत्तका अधिकारी, नेपाल सरकारका अधिकारी, थिंक ट्यांकका सदस्य र पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले दुई देशलाई भ्रातृवत् सम्बन्धमा जोड्ने भारतीय सेना र नेपाली सेनाबीचको गहिरो ऐतिहासिक साइनोको सम्झना गरेका थिए । भारतीय सेनामा रही गोर्खा सैनिकले गरेको नि:स्वार्थ सेवा र बलिदानप्रति कृतज्ञता प्रकट गर्दै उनले भारतीय सेनाका पेन्सनवाला र नेपालमा रहेका तिनका परिवारको कल्याणका लागि भारतले काम गर्ने प्रतिबद्धता दोहोऱ्याए । राजदूत क्वात्राले सन् २०२१ डिसेम्बर आठमा हवाई दुर्घटनामा परि मधुलिका रावत र अन्य ११ जना सैनिक सहित दिवंगत भएका जनरल विपिन रावत प्रति श्रद्धञ्जलि अर्पण गरिएको थियो । प्रसिद्ध प्रबल जनसेवा श्री जनरल प्रभुराम शर्माले भारतका सेनाध्यक्ष एवम नेपाली सेनाका मानार्थ महारथी जनरल एमएम नरवणेलाई भारतको ७४ औं सेना दिवसको अवसरमा शुभकामना व्यक्त गरे । उनले दुई सेनाबीचको गहिरो सम्बन्ध र लामो समयदेखिको सहकार्यबारे चर्चा गर्दै कोभिड-१९ महामारी विरूद्धको लडाइँमा भारतीय सेनाले नेपाली सेनालाई गरेको सहयोग र नेपाली सेनाको आधुनिकिकरणमा भारतीय सेनाले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । सोही अवसरमा भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकलाई पनि प्रधान सेनापति शर्माले सम्मान गरेका थिए ।

# ऊर्जामन्त्री भुसाल र भारतीय ऊर्जा सचिवबीच भेट

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग भारत सरकारका ऊर्जा सचिव आलोककुमार सहितको प्रतिनिधिमण्डलले बिहीबार भेट गरेको छ । सो अवसरमा उनीहरूबीच समग्र ऊर्जाको विकास, व्यापार र आपसी हितका विविध विषयमा छलफल भएको छ । नेपालसँग भएको जलविद्युत् आपसी सहकार्यबाट प्रयोगमा ल्याएर आपसी आवश्यकता परिपूर्ति गरेर आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्नुपर्नेमा जोड दिँदै मन्त्री भुसालले उत्पादन तथा व्यापारमा सहज सहकार्य आवश्यकता औंल्याइन् । उनले भनिन्, 'हामीसँग भएको ऊर्जा स्रोतको प्रयोग आपसी सहकार्यबाट दुवै देशको विकासका लागि प्रयोग गर्नुपर्छ । त्यसका लागि द्विपक्षीय सहकार्य आवश्यक छ ।' ऊर्जा सहकार्यबारे थप प्रष्ट पार्दै मन्त्री भुसालले भनिन्, 'पहिलो हामीबीच ऊर्जाको व्यापार सहज हुनुपर्छ । यहाँबाट दुवै देशको विकासका लागि मद्दत पुग्छ र दोस्रो तेस्रो मुलुकमा ऊर्जा व्यापारका लागि सहज अवस्था सिर्जना गर्नुपर्छ । यस अर्थमा सचिवस्तरीय बैठक फलदायी हुने मैले विश्वास लिएको छु ।' भारतीय ऊर्जा बजारमा नेपाले उत्पादन गरेको ऊर्जा व्यापारको वातावरण सहज तुल्याइदिन आग्रह गर्दै मन्त्री भुसालले असल मित्रराष्ट्रले आफ्नो छिमेकीमुलुकको समृद्धिमा सहयोग गर्ने विश्वास व्यक्त गरिन् । सो अवसरमा भारतीय ऊर्जा सचिव कुमारले ऊर्जा व्यापारले आपसी सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । ऊर्जा व्यापारका लागि सहज वातावरण बनाउन आफूहरू सकारात्मक रहेको जनाउँदै उनले भने, 'भारत, बङ्गलादेशसँग व्यापार अनुमति दिनका लागि हामी सकारात्मक छौं ।'

# तमलोपालाई पुनर्जन्म गर्ने बृषेश चन्द्र लालको घोषणा

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)का अध्यक्ष महन्थ ठाकुरको दायाँ हात मानिने बृषेश चन्द्रलालले उनको साथ छाडेका छन् ।

ठाकुरले कांग्रेस छाडेर तराइ मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)गठन गर्दादेखि नै साथ दिदै आएका लालले अन्तत: उनीसँग राजनीतिक सम्बन्ध विच्छेद गरेका हुन । लालले मंगलबार जनकपुरधाममा लोसपासँग सम्बन्ध विच्छेद गर्दै तमलोपामा प्रवेश गरेका घोषणा गरेका हुन् । ठाकुरको पार्टी चलाउने क्रियाकलापबाट सुरूदेखि नै सन्तुष्ट रहँदै आएका लाल औपचारिक रूपमै उनको साथ छाडेका हुन । तत्कालीन जनकपुर नगरपालिकाका पूर्वमेयर समेत रहेका नेता लाल प्रथम मधेस आन्दोलनपछि काँग्रेस छोडेर तमलोपा गठन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

लोसपाका केन्द्रीय कार्यकारिणी सदस्यसमेत रहेका पूर्व राष्ट्रियसभा सदस्य लाल, संविधानसभा सदस्य समेत रहेका केन्द्रीय कार्यकारिणी सदस्य डा.विजयकुमार सिंहलगायतले लोसपा परित्याग गरेको घोषणा गर्दै तमलोपामा प्रवेश गरेको घोषणा गरेका हुन । लाल र सिंहलगायतका नेता कार्यकर्ताहरू फागुन १५ गते प्रवेश गर्ने भनिएको तमलोपा २०७८ साल मंसिर १७ गते नै निर्वाचन आयोगमा दर्ता भइसकेको छ । जसका अध्यक्ष जनकपुरधाम उपमहानगर पालिका-४का रविशंकर कुमार कर्ण छन् भने उपाध्यक्ष धनौजी गाउँपालिका-५ बहुअर्वाका रमेश प्रसाद अधिकारी(मण्डल) तथा महामन्त्री जनकपुरधाम २ का विमला साह छन् । यसै वर्ष भदौ ९ गते जनता समाजवादी पार्टीबाट फुटेर ठाकुरसहित राजेन्द्र महतो, शरदसिंह भण्डारी, अनिल झाले लोसपा गठन गरेका थिए । लोसपाबाट लालसहित अन्य नेताहरूको वहिगर्मनसँगै पार्टी दोस्रो पटक विभाजित भएको छ । यसअघि राजकुमार लेखी नेकपा (एमाले) प्रवेश गरेका छन् भने अर्का सदस्य तथा प्रतिनिधिसभाका निलम्बित सांसद् रेशम चौधरीले श्रीमती रञ्जिता श्रेष्ठको नामबाट नागरिक उन्मुक्ति पार्टी दर्ता गराएका छन् ।

२०७७ वैशाख १० गते मध्यरातमा हतारहतार तत्कालीन राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण गरी जनता समाजवादी पार्टी गठन गरिएको थियो । जसपा गठन भएको केही दिनमै अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरबीच विवाद उत्पन्न भइ ठाकुर, महतोसहितका नेताहरू पार्टी विभाजन गरेर लोसपा गठन गरेका थिए ।

जसपा नेपालबाट विभाजित भएर ७ महिना अघि बनेको लोसपा नेपालभित्र अध्यक्ष ठाकुरले एक्लौटी ढंगले पार्टी एकीकरण गरेको र लोसपा गठनपछि पनि एकलौटी ढंगले अघि बढेका कारण आफूहरूले लोसपा नेपाल परित्याग गरेको नेता लालको भनाइ छ ।

'मधेसका जनताको चाहना अनुसार स्वच्छ क्षेत्रीय आकांक्षा र आवश्यकता बमोजिम स्वशासन र संघीयताको अभ्यासलाई आगाडि बढाउन, लोकतन्त्रवादी, मधेस एजेन्डाप्रति प्रतिवद्ध राजनीतिक दल आजको आवश्यकता भएकाले हामी आवद्ध रहेका आ-आफ्ना दलहरू आजैदेखि परित्याग गर्दै तराई-मधेश लोकतान्त्रिक पार्टीमा समावेश भएको सम्बन्धित सबैमा जानकारी गराउँदछौं,' पत्रकार सम्मेलनमा नेता लालले भने ।

लोसपा परित्याग गर्नेहरूमा लोसपाका केन्द्रीय सदस्य रामजी राय, केन्द्रीय सदस्य धिरेन्द्र बहादुर सिंह, सतिष लाल दास, योगेन्द्र राम, उमेश मण्डल, ब्रज किशोर सिंह, नेतृ विन्दु देवीलगायत धनुषा, महोत्तरी, सर्लाही, सिरहा जिल्लाबाट आएका करिब डेढ सयभन्दा बढी नेता तथा कार्यकर्ता छन् ।

# एमसीसीमा...

दुईटा धार देखिएको छ । जसपाका अध्यक्ष यादव एमसीसीको विरूद्धमा छन् । तर उनले आफ्नो धारणा सार्वजनिक गरेका छैनन् । पार्टीको आन्तरिक बैठकहरूमा अध्यक्ष यादवले एमसीसीको विरूद्धमा नै आफ्नो धारणा राख्ने गरेका छन् । तर पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले भने एमसीसीको पक्षमा अभिव्यक्ति दिइरहेका छन् ।

यदि पार्टीले एमसीसीको विपक्षमा निर्णय गरे त्यसको विरूद्धमा अध्यक्ष भट्टराई जाने बताइएको छ । एमसीसीको विपक्षमा मतदान गर्न जसपाका संसदीय दलले ह्वीप जारी गरे पनि अध्यक्ष भट्टराईले त्यसलाई उल्लङ्घन गरेर एक्लै भए पनि एमसीसीको पक्षमा मतदान गर्ने सम्भावना छ ।

जसपाका नेता तथा केन्द्रीय सदस्यहरूले पार्टी व्यवस्थामा लोकतान्त्रिक अभ्यास गर्न नपाएको गुनासो गर्न थालेका छन् । राष्ट्रिय महत्वको एमसीसी विषयबारे पार्टीको कुनै अधिकारिक धारणा र छलफल नभएको भन्दै अध्यक्ष यादवप्रति ठूलो संख्यामा सदस्यहरू रूष्ट देखिएका छन् । आफूलाई वैकल्पिक राजनीतिक शक्तिको रूपमा चिनाउँदै आएको जसपामा एमसीसीकै विषयमा अन्योल सिर्जना भएको छ । जसपाले हालसम्म एमसीसीको विषयमा सामूहिक निणर्य नै गरेको छैन । यससँगै अधिकांश नेताहरू एमसीसीबारे अस्पष्ट देखिएका छन् ।

# एमसीसीबारे...

भएको छ ।

आर्थिक र सामरिक हैसियत बढेसँगै चीनले संसारभर आफ्नो आर्थिक र रणनीतिक प्रभाव बढाउँदै लगेको छ। जुन कुरा अमेरिका लगायतका देशलेसमेत गर्दै आएका छन् । अफ्रिकामा अमेरिकीहरूलाई पछि पार्दै चीन कतिपय सन्दर्भमा अघि बढेको छ। नेपाल लगायतका दक्षिण एसियाली र एसियाली अनि युरोपेली देशहरूमा पनि चिनियाँ प्रभाव बढ्दो छ । तर नेपालको विकासको लागि भनेर एउटा देशले प्रस्ताव गरेको परियोजनालाई न्वारनदेखिको बल लगाएर त्यसलाई भाँड्न खोज्नु र त्यसका लागि देशभित्रैको शक्तिहरूलाई परिचालित गर्नु अन्ततोगत्वा चीनकै पनि हितमा छैन ।

# एमसीसी...

माघ २०७१ - एमसीसीले नेपाललाई छनोट गरेको जानकारी दिएको थियो । यस बखत प्रधानमन्त्री नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला र अर्थमन्त्री डा. रामशरण महत थिए ।

५ साउन २०७३ - एमसीसी कम्याक्टको मस्यौदा तयार गर्न र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्ने सम्बन्धी सम्झौता भएको थियो । यस बखत प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णुप्रसाद पौडेल थिए । नेकपा माओवादी केन्द्र पनि सरकारमा सहभागी थियो ।

१८ जेठ २०७४ - एमसीसीको लागि दिपक्षीय वार्ता टोली गठन गरिएको थियो । यो बखत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तथा अर्थमन्त्रीमा कृष्णबहादुर महरा थिए । नेपाली कांग्रेस पनि सरकारमा सहभागी थियो ।

१० साउन २०७४ - सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषदमा प्रस्ताव पेस गर्न स्वीकृति प्रदान गरिएको थियो । यस बखत देशको प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहेको थियो । माओवादी केन्द्र पनि यो सरकारमा सहभागी थियो ।

१९ भदौ २०७४ - एमसीसी सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन अर्थमन्त्री समेतको टोलीलाई अख्तियारी दिने सम्बन्धमा मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । यस बखत प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्रीमा ज्ञानेन्द्रबहादुर कार्की थिए । नेकपा माओवादी केन्द्र पनि यो सरकारमा थियो ।

२९ भदौ २०७४ - नेपालले एमसीसीमा हस्ताक्षर गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की थिए । एमसीसीमा नेपालको तर्फबाट कार्कीले हस्ताक्षर गर्यो । यो सरकारमा माओवादी केन्द्र पनि सहभागी रहेको थियो ।

५ बैशाख २०७५ -एमसीए-नेपाल गठन गरिएको थियो । त्यतिबेला एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका थिए । नेकपा माओवादी केन्द्र सत्ता साझेदार थियो ।

२५ माघ २०७५ - तत्कालीन नेकपा (हालको एमाले र माओवादी केन्द्र) नेतृत्वमा रहेको केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को बैठकले एमसीसी अनुमोदनका लागि संसदमा पेश गर्ने निर्णय गरेको थियो ।

३० असार २०७६ - एमसीसी अनुमोदनको लागि संसदमा दर्ता भएको दिन हो । यसबखत केपी शर्मा ओली प्रधानमन्त्री, डा. युवराज खतिवडा अर्थमन्त्री थिए ।

१२ असोज २०७६ -परियोजना कार्यान्वयन सम्झौता (पीआईए)मा हस्ताक्षर गरिएको थियो । तत्कालीन नेकपाका अध्यक्ष केपी शर्मा ओली देशको प्रधानमन्त्री थिए ।

१३ असोज २०७८ - एमसिसिको पक्षमा माहौल बनाइ संसदबाट पारित गर्न एमसीसी बोर्डलाई चार/पाँच महिनाको समय माग्दै प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) संसदबाट अनुमोदन गर्ने लिखित प्रतिवद्धता गरेको पत्र पठाएको थियो ।

१८,२३,२४ भदौ २०७८ - नेपालको राजनीतिक वृत्तमा एमसिसीबारे विवाद भएपछि एमसिसी मुख्यालयलाई अर्थमन्त्री जनार्दन शर्माले सरकारका तर्फबाट १८ भदौमा ६ पृष्ठ लामो ११ प्रश्न पठाए । एमसिसी कम्प्याक्ट अप्रेसन हेर्ने उपाध्यक्ष फातिमा जेड सुमारले २३ भदौमा जवाफ पठाइन् जसमा एमसिसी सम्झौता नेपालको संविधान भन्दा माथि नरहेको, त्यसमा सैन्य पक्ष नरहेको, लेखापरीक्षण नेपालले गर्न नपाउने व्यवस्था नरहेको, बौद्धिक सम्पत्तिको अधिकार पनि नेपाललाई रहेको उल्लेख थियो । उनी भदौ २४ गते काठमाडौं आएर प्रधानमन्त्री देउवा, एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्षद्वय उपेन्द्र यादव र डा. बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टी अध्यक्ष महन्थ ठाकुर, बरिष्ठ नेता राजेन्द्र महतो लगायतसँग भेटवार्ता गरिन् ।

८ फागुन २०७८ - एमसीसी सम्झौता सांसदबाट अनुमोदन गर्ने विषयमा सत्ताधारी दल नेपाली कांग्रेस, नेकपा माओवादी, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच सहमति भयो ।

८ फागुन २०७८ - एमसीसी सम्झौता अनुमोदनको लागि प्रतिनिधिसभामा टेबल गरिएको छ ।

यसप्रकार एमसीसीलाई यो चरणसम्म ल्याउन भने कुनै न कुनै रूपमा सरकारमा पुगेका सबै दल संलग्न भएको देखिन्छ । यस अर्थमा सबै राजनैतिक दलले सर्वसम्मत ढंगबाट एमसीसी संसदबाट पारित गर्दै अमेरिकालाई धन्यबाद प्रस्ताब पारित गर्नु पर्दछ । आश्चर्यको कुरा हो एमसीसी प्रारम्भ गर्ने माधव नेपाल, झलनाथ खनाल, अझ बढी भूमिका रहेको प्रचण्ड एमसिसिको बिरोधमा रहेको छ । ५-६ महिनामा संसदबाट पारित गर्छु भन्ने प्रचण्ड, संसदमा ल्याउन रोक्ने पनि प्रचण्ड, एमसीसी विरूद्ध नारा नलगाऔं भन्ने पनि प्रचण्ड, एमसीसी बिरूद्ध सडकमा कार्यकर्ता पठाउने पनि प्रचण्ड । यस्तो डबल रोल कतिन्जेल खेल्नेहुन प्रचण्डले ? एकपछि अर्को उग्रबामपन्थी नेताहरू आखिर एमसीसी बिरूद्ध किन उभिए ? कारणहरू घरेलु मात्रै नहुन सक्छ ।

एमसीसी बिरूद्द चीनको एकपछि अर्को बयानबाजी र यता नेपालमा सी विचारधारा पक्षधरहरूको उग्र प्रदशण बीच पक्कै पनि कनेक्सन छ । यो सबै अन्तर्राष्ट्रिय डेमोक्रेटिक समुदायको सामाजिक र मनोवैज्ञानिक वर्चस्वलाई नेपालभित्र निर्मूल पार्ने कोसिस हो । यसबाट नेपाली जनताको विकास र प्रजातान्त्रप्रतिको प्रतिबद्धतालाई नियन्त्रण गर्ने खालको तानासाही प्रवृत्तिलाई निम्ता दिने कोसिस भइरहेको प्रतीत हुन्छ । कथित राष्ट्रवाद र घृणाको कूटनीतिक राजनीतिले मुलुक अघि बढन सक्तैन । यो सबै नेपाललाई माया गर्ने डोनर एजेन्सीको गुडविल समाप्त पार्ने प्रयत्न हो ।

नेपाललाई अहिलेसम्म बढी सहयोग गर्ने प्रजातान्त्रिक समुदाय छ । प्रजातान्त्रिक समाज, कर्जा र अनुदान प्रदायकसँगको सम्बन्ध विच्छेद हुने गरी विकास सहायता रोकेर उग्र कम्युनिस्टसँगको गठबन्धन जोगाउने दिशामा काँग्रेस लाग्नु हुँदैन । एमसीसीको ५६ अर्ब रूपियाँको मात्रै कुरा होइन । कर्जा र अनुदान प्रदायक एजेन्सीको विरोध गरेर प्रजातन्त्रका मूल्य र मान्यता बेगर मुलुकलाई अघि बढाउँछु भन्ने उग्र कम्युनिस्ट सोचले कहिँ पुगीदैन । प्रमुख प्रतिपक्षी दल एमाले र गठबन्धन बाहिर रहेको लोसपासित राजनीतिक समझदारी गरेर भए पनि संसद्मा टेबुल गरीएको एमसीसी पास गर्नुपर्छ । नेपालको प्रगति एव समृद्धिको निम्ति हाललाई अर्को बाटो छैन ।


**स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**



**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं